# कुमाल समुदायको सामाजिक, सास्कृतिक तथा आर्थिक अवस्था

(खैरेनीटार गा.वि.स. वडा नं ८ का कुमाल समुदायमा आधारित)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि तयार पारिएको

शोधपत्र


प्रस्तुतकर्ता

कृष्ण सुवेदी

कक्षा रोल्नं ७१/०६८

परीक्षा रोल्नं. २८२०१६

त्रि.वि. रजिष्ट्रेसन नं. ६-१-२१७-२९-२००३



समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

२०७२

# त्रिभुवन विश्वविद्यालय
# मानविकी तथा सामाजिकशास्त्र संकाय
# समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग
# कीर्तिपुर, काठमाडौं

## सिफारिस पत्र

त्रिभवुन विश्वविद्यालयबाट समाजशास्त्र विषयको स्नातकोत्तर तह उपाधिको आंशिक आवश्यकता पूर्तिका लागि मेरो निर्देशन र सुपरिवेक्षणमा कृष्ण सुवेदीले **कुमाल समुदायको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्था** (**खैरेनीटार** गा.वि.स. वडा नं ८ का कुमाल समुदायमा **आधारित**)" नामक शीर्षकमा यो शोधपत्र तयार पार्नुभएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्गनको लागि सिफारीस गर्दछु ।

.........................

शोध निर्देशक

डा. कष्ण बहादुर भट्टचन

मिति : .........................

# त्रिभुवन विश्वविद्यालय
# मानविकी तथा सामाजिकशास्त्र संकाय
# समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग
# कीर्तिपुर, काठमाडौं

## स्वीकृती पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तरगत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधी प्राप्तिका लागि कृष्ण सुवेदीद्वारा तयार गरि प्रस्तुत गरेको **कुमाल समुदायको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्था (खैरेनीटार गा.वि.स. वडा नं ८ का कुमाल समुदायमा आधारित)**" विषयक शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधी प्राप्तिका लागि उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति :**

शोध निर्देशक ..................................

डा. कृष्ण बहादुर भट्टचन

बाह्य निरीक्षक ..................................

प्रेम बहादुर चलाउने

विभागीय प्रमुख ..................................

प्रा.डा. ओम गुरुङ्ग

मिति : ........................

## कृतज्ञता ज्ञापन

यो शोधपत्र तयार गर्ने क्रममा सर्वप्रथम अत्यन्त गहन एवम् समाजमा सिमान्तकृत रुपमा रहेका कुमाल जातिको अध्ययन गर्ने अवसर दिएकोमा त्रिभुवन विश्वविद्यालय समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुरप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

यसैगरी अनुसन्धानमूलक ढंगले कुनै पनि जाति विशेषको समाजशास्त्रीय अध्ययन गर्नु आफैमा एक जटिल प्रक्रिया हो तापनि यस विषयसँग सम्बद्ध सन्दर्भसामग्री र अन्य स्रोतहरुको सहयोगबाट यस्ता जटिल कार्यलाई पनि सहजै सम्पादन गर्न सकिने हुन्छ । त्यसैअनुरुप मेरो व्यक्तिगत प्रयास एवम् क्षमताले मात्र नभएर मेरा शोध निर्देशक ज्यू, गुरुहरु अन्य सहयोगी व्यक्तिहरुको निरन्तर सहयोगबाट नै प्रस्तुत शोधकार्यलाई पूर्णता दिन सम्भव भएको हो । त्यसैले सर्वप्रथम उहाँहरुप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु । सर्वप्रथम, आवश्यक सुझाव तथा कुशल निर्देशनका लागि मेरा आदरणीय गुरु एवम् शोधनिर्देशक श्री डा. कृष्ण बहादुर भट्टचन ज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी शोध प्रस्तावना स्वीकृत गरिदिएर शोधपत्र तयार गर्ने अवसर मिलाइदिनु भएकोमा विभागीय प्रमुख प्रा.डा.ओम गुरुङज्यूप्रति आभार व्यक्त गर्न चाहन्छु । साथै अध्ययनको कुशल मूल्याङ्कन गरी आवश्यक सुझाव दिनुभएकोमा उपप्राध्यापक डा. शम्भु कट्टेलप्रति आभार प्रकट गर्दछु ।

त्यसैगरी प्रस्तुत शोधका लागि आवश्यक पर्ने क्षेत्रगत अध्ययनको क्रममा तथ्यांक संकलनमा सहयोग पुऱ्याउनु हुने उत्तरदाताहरुमा मिना कुमाल, शंकर कुमाल, सन्त बहादुर कुमाल, शिक्षक रामचन्द्र पौडेल र सुरप्रसाद ढकाल लगायतले यस अध्ययन क्षेत्रमा सहयोग गर्नुभएकोमा उहाँहरुलाई पनि कृतज्ञता ज्ञापन गर्दछु ।

त्यसैगरी शोधकार्यको सुरुवातदेखि सन्दर्भ सामग्रीहरु जुटाई हौसला प्रदान गर्ने मेरा भाई गणेश सुवेदी, जीवन संगिनी एलिसा सेडाई, साथी कृष्ण प्रसाद ढकालप्रति आभार व्यक्त गर्न चाहन्छु । यसैगरी शोधपत्रलाई छिटो छरितो टाइप गरी सहयोग गर्ने यूनिभर्सषल कम्प्युटका दाई जनक के.सी लाई पनि धन्यवाद दिन  चाहन्छु ।

अन्त्यमा सम्पूर्ण संघसंस्था एवम् सहयोगी महानुभावप्रति हार्दिक आभार प्रकट गर्दै यस शोधपत्रको आवश्यक मूल्यांकनको लागि समाजशास्त्र/मानवशास्त्र शिक्षण विभागमा प्रस्तुत गर्दछु ।

कृष्ण सुवेदी

# विषय सूचि

*सिफारिस पत्र*

*स्वीकृति पत्र*

*कृतज्ञता*

*विषय सूचि*

*तालिका सूचि*

**अध्याय - एक**

**परिचय**

| | |
|---|---|
| १.१ अध्ययनको पृष्टभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको उद्देश्य | ४ |
| १.४ मुख्य शब्दावलीहरू | ५ |
| १.५ अध्ययनको सीमा | ५ |
| १.६ अध्ययनको औचित्य तथा महत्व | ६ |
| १.७ अध्ययनको सङ्गठन | ६ |

**अध्याय : दुई**

**सम्बन्धित साहित्यको पुनरावलोकन**

| | |
|---|---|
| २.१ सैद्धान्तिक समीक्षा | ९ |
| २.२ कुमाल जातिको उत्पत्ति | ९ |
| २.३ कुमाल जातिको परिचय | १० |
| २.४ कुमाल जातिको आर्थिक एवं पेशागत क्रियाकलाप | १३ |
| २.४.१ शिक्षा र जनशक्ति विकास | १९ |
| २.४.१ कुमाल जातिका बारेमा नेपालमा भएका केही अध्ययनहरूको सिहावलोकन | २० |
| २.५ अवधारणागत तथा सैद्धान्तिक ढाँचा | २३ |

**अध्याय : तीन**

## अनुसन्धान पद्धति


३.१ अध्ययन क्षेत्रको छनौटको औचित्य २५

३.२ अनुसन्धान योजना २५

३.३ अनुसन्धान ढाँचा २६

३.४ जनसङख्या र नमूना २६

३.५ तथ्याङ्को स्रोत र प्रकृति २६

३.५.१ प्राथमिक स्रोत २६

३.५.१.१ अवलोकन २६

३.५.१.२ प्रश्नावली अनुसूचि २६

३.५.१.३ जनगणना विधि २७

३.५.१.४ विशेष जानिफकारसँगको अन्तर्वार्ता २७

३.५.२ द्वितीय स्रोत २७

३.६ पूर्व परीक्षण २७

३.७ वैधता र विश्वसनीयता २८

३.८ तथ्याङ्को विश्लेषण तथा प्रस्तुतीकरणको पद्धति २८


## अध्याय : चार

## अध्ययन क्षेत्रको परिचय


४.१ भौगोलिक अवस्थिति २९

२ सामाजिक अवस्था २९

४.२.१ धर्म २९

४.२.२ जातजाति २९

४.२.३ मुख्य पेशा २९

४.२.४ मुख्य चाडपर्व २९

४.३ आर्थिक अवस्था ३०

४.४ यातायात ३०

४.५ शिक्षा ३१


## अध्याय : पाँच

## सामाजिक तथा शैक्षिक अवस्था


५.१ शोध क्षेत्रका कुमाल जातिको उमेर समूह र लिङ्गअनुसार जनसङख्याको अवस्था ३२

५.२ परिवारको आकार ३२
५.३ अध्ययन क्षेत्रका कुमालहरूको वैवाहिक स्थिति ३३
५.४ शैक्षिक स्थिति ३४
५.६ कुमाल समुदायमा देखिएका सामाजिक परिवर्तनहरू ३५

## अध्याय : छ

## कुमाल जातिको सास्कृतिक अवस्था

६.१ भाषा ३७
६.२ धर्म ३७
६.३ घरको संरचना ३७
६.४ खानपान ३८
६.५ भेषभूषा ३८
६.६ चाडपर्व ३८
६.६.१ दशैं ३८
६.६.२ तिहार ३९
६.६.३ तीज ३९
६.६.४ श्रीपञ्चमी ४०
६.६.५ नागेंपञ्चमी ४०
६.६.६ फागु पूर्णिमा ४०
६.६.७ माघे सङ्क्रान्ति ४०
६.६.८ कुलायन पूजा ४१
६.६.९ सेम पूजा ४१
६.६.१० बाई पूजा ४१
६.६.११ चण्डी पूजा ४१
६.६.१२ अन्य चाडपर्वहरू ४१
६.७ सामाजिक संस्कार ४१
६.७.१ छैठी ४२
६.७.२ न्वारन ४२
६.७.३ पास्नी ४२
६.७.४ छेवर ४२

## अध्याय :सात

## आर्थिक अवस्था


७.१ भू-स्वामित्वको अवस्था ४४

७.२ कृषि उत्पादंनको स्थिति ४४

७.३ कृषि उत्पादनको पर्याप्तता ४६

७.४ पशुपालन ४७

७.५ सक्रिय र आश्रित जनसङख्या ४८

७.६ पेशा ४९

७.७ वार्षिक आय र व्ययको अवस्था ५१

७.७.१ वार्षिक आय ५१

७.७.२ वार्षिक व्यय ५१

७.८ शोधक्षेत्रका कुमालहरूको आर्थिक पछौटेपनका कारणहरू ५२

७.८.१ शिक्षा तथा चेतनाको अभाव ५३

७.८.२ नयाँ पेशाका लागि सीपको अभाव ५३

७.८.३ प्रतिस्पर्धात्मक भावनाको कमी ५३

७.८.४ जनसङख्या शिक्षाको अभाव ५४

७.८.५ उत्पादनमा ह्रास हुनु ५४

७.८.६ अन्य ५४

७.९ कुमाल समुदायमा देखिएका आर्थिक परिवर्तनहरू ५५


## अध्याय : आठ

## निष्कर्ष र सुझाव


८.१ मुख्य प्राप्ति ५६

८.२ निष्कर्ष ८९

सन्दर्भ सामग्रीहरू ९१

परिशिष्ट

## तालिका सूची


| तालिका | शीर्षक | पृष्ट |
|---|---|---|
| २.१ | अवधारणागत तथा सैद्धान्तिक ढाँचा | २४ |
| ४.१ | आम्दानीका स्रोतहरू | ३० |
| ४.३ | शैक्षिक संस्थाहरू | ३० |
| ५.१ | परिवारको प्रकार | ३३ |
| ५.२ | वैवाहिक स्थिति | ३४ |
| ७.३ | कृषि उत्पादनको पर्याप्तता | ४७ |
| ७.४ | पशुपालन विवरण | ४७ |
| ७.५ | सक्रिय र आश्रित जनसङ्ख्या | ४७ |
| ७.६ | पेशागत विवरण | ४९ |
| ७.७ | वार्षिक आय विवरण | ५१ |
| ७.८ | वार्षिक व्यय विवरण | ५२ |
| ७.९ | आर्थिक पछौटेपनका कारणहरू | ५२ |

# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको पृष्टभूमि

नेपालका विभिन्न जातजाति मध्ये कुमाल जाति पनि आफ्नै पहिचान भएको एक जाति हो । नेपालमा पिछडिएका र अशिक्षित जाति मध्येको कुमालको बसोबास तराई, भित्रि मधेश, र मध्य पहाडि क्षेत्रमा रहेको पाइन्छ । २०५८ मा नेपालको जनसंख्या २,३१,५१,४२३रहेको देखिन्छ । तर कुमाल जातिको जनसंख्या भने  वि.सं. २०६८ मा जनगणबाट नेपालको जनसंख्या २,६४,९४, ५०४ रहेको देखिन्छ । तर कुमालको जातिको जनसंख्या भने ९९३८९  मात्र देखिन्छ । यसमा महिलाको जनसंख्या ४८८८३ जसमध्ये पुरूषको संख्या ५०,५०६ रहेको छ । यसैगरी २०६८ को राष्ट्रिय जनगणना अनुसार कुल २,६४, ९४,५०४ रहेको छ । जसमध्ये पुरूषको जनसंख्या १, २८८४ ९०४१ र महिलाको संख्या १३६४५४६३ रहेको  छ । नेपालमा कुमाल जातिको संख्या तत्कालिन अवस्थामा १२११९६ जस मध्ये पुरूष संख्या ५७५२५ र महिलाको संख्या ६३६७१ रहेको छ । यसरी नेपालमा रहेका जाति मध्ये कुमाल एक अल्पसंख्यक जातिको रूपमा रहेको छ । साथै उनीहरूको जीवीकोपार्जन के कस्तो छन् भन्ने कुरा खोज्न यस अनुसन्धालने कार्य गर्नेछ । (केन्द्रीय तथ्याङ्क विभाग २०६८)

कुमाल जातिको परम्परागत जीवीकोपार्जन गर्ने मुख्य व्यवसाय नै माटाको भाडा बनाउनु हो । माटो बाट भाँडा कुँडा बनाउने जातिलाइ कुमाल भनिन्छ । संस्कृतमा माटाको भाँडोाइ कुम्म र माटोको भाँडा बनाउनेलाइ 'कुम्भकर' भनिन्छ । कालान्तरमा यो शब्द परिवर्तन सँगै कुम्हार , कम्हाल हुँदै कुमाल भएको पाइन्छ । नेपालमा मात्र हैन कि भारत तथा बङ्गलादेशमा समेत माटाको भाँडा बनाउनेलाइ कुम्भकर भनिन्छ । यिनीहरूलाइ माटे जाति पनि भन्ने गरेको पाइन्छ । परम्परागत रूपमा कुमालहरूको जीवीकोपार्जन गर्ने पेशा काँचो माटोलाइ प्रशोधक गरी पकाएर चिलिम, हाली मटुला, थक, गमला, सुराइ आदि माटाका कलात्मक भाँडा तयार गरी नगदमा विक्रि वा अन्नसँग साटेर आफ्नो जीविका गर्ने गरेको पाइएतापनि माछा

मार्ने कार्य, खेतिपाती, तथा ज्याला, मजदुरी आदि गरी यिनीहरू जीवन निर्वाह गर्दछन् । न्युनतम ज्यालाको साहुको खेत जोत्ने, तोकिएको काम नसिध्याइ अन्यत्र काम गर्न नपाउने सर्त बन्देजले गर्दा कुमालहरू कतै कतै "बोधा" का रूपमा समेत काम गर्न बाध्य भएको देखिन्छ । कुमाल जाति देशका विभिन्न भागमा रहेको पाइन्छ । (शर्मा २०६०)

प्रस्तुत शोध क्षेत्र पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चल तनहूँ जिल्लाका ४६ गाउँ विकास समिति मध्येको खैरेनीटार गा.वि.स. वडा नं ८ हो । तनहूँ जिल्लाको पूर्वमा चितवन र गोर्खा जिल्ला, पश्चिममा स्याङ्जा जिल्ला, उत्तरमा कास्की र लम्जुङ जिल्ला तथा दक्षिणमा पाल्पा, चितवन र नवलपरासी जिल्लाहरु पर्दछन् । समुद्र सतहवाट २४० मिटरदेखि २३२५ मिटरको उचाइसम्म २७ डिग्री ३ मिनेटदेखि २८ डिग्री ५ मिनेट उत्तरी आक्षांश र ८३ डिग्री ७५ मिनेटदेखि ८४ डिग्री ३४ मिनेट पूर्वी देशान्तर बीच १५४६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । (तनहूँ सन्देशः २०६६ : ४)

तनहूँ जिल्लामा ४६ गाउँ विकास समिति र १ नगरपालिका रहेका र यहाँ जम्मा घरधुरी संख्या ६२८९८ छ । तनहूँ जिल्लाको कुल जनसङख्या ३,१५,२३६ रहेकोमा शहरी क्षेत्रमा बसोबास गर्ने जनसङख्या ८.९६ प्रतिशत र ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनसङख्या ९१.०४ प्रतिशत छ । यस जिल्लामा उत्पादन हुने मुख्य बालीहरू धान, मकै, कोदो, जौ, गहुँ, आलु, अदुवा र फापर हुन् भने केरा, सुन्तला, कागती, जुनार, निबुवा र नासपती यहाँका मुख्य फलफूलहरु हुन् । (तनहू सन्देशः २०६६ : ५)

यस जिल्लामा बसोबास गर्ने जातहरुमा मगर, ब्राम्हण, गुरुङ्ग, क्षत्री, नेवार, कामी, दमाई, सार्की, ठकुरी, कुमाल, दरै, मुस्लिम आदि पर्दछन् । देवघाट, छाब्दी बाराही, ढोरबाराही आदि धार्मिक पर्यटकीय स्थल रहेको यस जिल्लामा आदिवासी जनजातिको ५ हजार बर्ष पुरानो प्राचीन संस्कृति, मगर, गुरुङ्ग, दरै, वोटे, कुमाल, नेवार आदि जनजाति तथा अन्य समुदायको मौलिक संस्कृति, भेषभूषा, भाषा, कौरा, घाँटु, सोरठी, चुड्का, भजन, लोकगीत आदिको संगम पाइन्छ । (तनहूँ सन्देशः २०६६ : ५)

अध्ययन क्षेत्र पर्ने खैरेनीटार गा.वि.स. तनहूँ जिल्लाको सदरमुकाम दमौली देखि २१ किलोमिटर पश्चिममा पहाड, भीरपाखा, वेसी र समथर जमिन मिलेर बनेको छ । यस गा. वि. स.को पूर्वमा मनपाङ्ग, पश्चिमा ढोरफिर्दी, उत्तरमा दुलेगौंडा तथा थप्रेक र दक्षिणमा छाङ्ग

गा.वि.स. पर्दछन् । भू-बनोटका हिसाबले यस गा.वि.स.को सबभन्दा अग्लो भू-भाग स्थानथोक डाँडा रहेको छ भने सबभन्दा होचो भू-भाग सेराटार बजार रहेको छ ।

यस गा.वि.स का अधिक मानिसहरू हिन्दु धर्म मान्दछन् भने बौद्ध धर्म र क्रिश्चियन धर्म मान्ने मानिसहरुको बसाइ पनि यस क्षेत्रमा पाइन्छ । यहाँ बसोबास गर्ने जातिहरू ब्राम्हण, क्षत्री, ठकुरी, मगर, गुरुङ्ग, घर्ती, नेवार, गिरी, पुरी, कुमाल, दमाई, कामी, सार्की आदि छन् । यहाँका धेरैजसो मानिसहरूको मुख्य पेशा कृषि भए पनि पशुपालन, फलफूल व्यवसाय, वैदेशिक रोजगार, स्वदेशी रोजगारका साथै व्यापार व्यवसायमा पनि केही मानिसहरू संलग्न भएको पाइन्छ । यहाँका बासिन्दाहरूले मुख्यतया दशैं, तिहार, जनैपूर्णिमा, माघेसङ्क्रान्ति, ठूलो एकादशी, चैते दशै तथा ल्होसारजस्ता चाडपर्वहरू विभिन्न संस्कार र उत्साहका साथ मनाउने गर्दछन् ।

यसरी उल्लेखित चर्चाबाट सिङ्गो नेपाललाई बहुजातीय, बहु-सांस्कृतिक तथा वहुभाषी राष्ट्र हो भनी पुष्टि गर्न सकिन्छ । यहाँ बसोबास गर्ने सम्पूर्ण जातजातिका आ-आफ्नै साँस्कृतिक विशिष्टताहरू रहेका छन् । यसर्थ, पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म तथा उत्तर हिमालदेखि दक्षिण तराईसम्म बसोबास गर्ने विभिन्न जातजातिका साँस्कृतिक व्यवहार र क्रियाकलाप नै सिङ्गो नेपालको धरोहरका रुपमा रहेको छ । यस्ता विविध साँस्कृतिक विशिष्टताको प्रतिनिधित्व गर्ने जातजातिहरूको पहिचान गरी उनीहरूलाई राष्ट्रको मूल प्रवाहमा समावेश गर्नुपर्ने आजको आवश्यकता देखिएको छ । त्यसैले रोजगारी, शिक्षा र आधुनिक सुविधाहरूबाट बञ्चित विभिन्न जातिहरूमध्येको एक जाति ‘कुमाल’ का बारेमा समाजशास्त्रीय दृष्टिकोणबाट यस शोधपत्रमा अध्ययन र अनुसन्धान गर्ने प्रयास गरिएको छ । जुन कार्यका लागि लोकतान्त्रिक गणतन्त्र नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत पर्ने गण्डकी अञ्चल, तनहूँ जिल्ला खैरेनीटार गा.वि.स. वडा नं ८ लाई शोध क्षेत्रका रूपमा छनौट गरिएको छ ।

**१.२ समस्याको कथन**

नेपाल बहुजातीय, बहुधार्मिक तथा बहुभाषिक धर्म निरपेक्ष संघीय लोकतान्त्रिक गणतन्त्र हो । साँस्कृतिक दृष्टिकोणले अत्यन्त विविधता तथा निकै महत्वपूर्ण मानिने नेपाल विभिन्न संस्कृतिको पग्लिने भाँडो भनेझै यहाँका विभिन्न जातजातिहरु बेग्लाबेग्लै धर्म, भाषा, संस्कृति,

रहनसहन, भेषभूषा आदिका भए पनि आपसमा आ-आफ्ना सुखःदुख बाँडेर बसेका पाइन्छ । त्यसैले यहाँ प्रकृति पूजा गर्ने र जीवन यापनका लागि स्रोत तथा साधनको खोजीमा फिरन्ते जीवन विताउने राउटेदेखि शिक्षित, सभ्य र सु-संस्कृत रहनसहन अवलम्बन गर्ने मानिसहरुको बसोबास रहेको पाइन्छ ।

तत्कालीन गोर्खाका राजा पृथ्वीनारायण शाहले एकीकरण गरी विशाल नेपालको स्थापना गरेदेखि नै यहाँ विभिन्न जातजातिहरूको बसोबास रहँदै आएको छ तापनि स्रोत, साधन तथा अवसरको असमान वितरण तथा सीमितता कारण केही जाति तथा जातीय समुदायहरुको पहुँच राज्यका धेरै क्षेत्रमा पुग्न सकेको छैन । यसर्थ, राज्यले अल्पसङ्ख्यक, उत्पीडित तथा सीमान्तकृत जातजातिहरूलाई प्रदान गर्ने सेवा, सुविधा तथा अवसरहरूको समुचित वितरण गर्न नसकेका कारण केही जातजातिहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था संकटमा परेको पाइन्छ ।

यसरी अनेकौ जातजातिहरूको अनुपम संगमस्थल नेपालमा बसोबास गर्ने १०१ जातजातिहरू मध्ये अल्पसङ्ख्यक र सीमान्तकृत एक जनजातिको रूपमा कुमाल समुदाय रहेको छ । नेपालको तराई, भित्री मधेश र पहाडका विभिन्न जिल्लाहरूमा बसोबास गर्ने माटाका भाँडा बनाउने, आफ्नै भाषा र संस्कृति भएका कुमाल समुदाय औद्योगिकीकरण तथा सहरीकरणका कारण भएका विकास र परिवर्तनलाई शैक्षिक, आर्थिक तथा सामाजिक पछौटेपनको अवस्थाले गर्दा आत्मसात् गर्न नसकी विस्थापित र सीमान्तकृत हुदै गएको छ । कुमाल समुदायको माटाका भाँडा बनाउने जातीय पेशा बजारमा उपलब्ध हुने प्लाष्टिक तथा विभिन्न धातुहरूद्वारा निर्मित भाँडाहरूका कारण संकटमा परेको पाइन्छ ।

यसर्थ राष्ट्रिय एकतामा अनेकता र राष्ट्रिय अनेकतामा एकताको संस्कार र परम्पराबाट संचालन हुदै आएको नेपाली समाज र संस्कृतिको एक महत्वपूर्ण समुदाय कुमाल समुदाय हो । निम्न समस्याहरू नै यस शोधका पनि समस्या रहेको हुनाले यिनै समस्याहरुमा शोध कार्य केन्द्रित रहने छ :

अ) शोधक्षेत्रका कुमाल समुदायको शैक्षिक स्थिति कस्तो छ ?

आ) शैक्षिक अवस्थाले आर्थिक तथा पेशागत अवस्थामा कस्तो प्रभाव पारेको छ ?

इ) अध्ययनक्षेत्रका कुमाल समुदायको सामाजिक तथा सास्कृतिक अवस्था कस्तो छ ?

### १.३ अध्ययनको उद्देश्य

राज्यले प्रदान गर्ने अवसरहरू प्रयोग गर्नबाट पछाडि परेका खैरेनीटार गा.वि.स वडा नं ८ मा बसोबास गर्ने अल्पसङख्यक तथा सीमान्तकृत जनजाति कुमालहरूको सामाजिक, साँस्कृतिक तथा आर्थिक पक्षका यथार्थ जानकारी प्राप्त गर्ने यस शोधको सामान्य उद्देश्य रहेको छ । साथै यस अध्ययनका विशेष उद्देश्यहरू निम्नअनुसार रहेका छन् ।

(क) शोधक्षेत्रका कुमाल जातिको सामाजिक तथा शैक्षिक स्थिति चित्रण गर्नु ।

(ख) शोधक्षेत्रका कुमाल जातिको समाजिक सास्कृतिक तथा आर्थिक अवस्थाको विश्लेषण गर्नु ।

### १.४ मुख्य शब्दावलीहरू

यस शोधमा प्रयोग भएका शब्दहरू मध्ये केही मुख्य शब्दहरू र तिनीहरूको शाब्दिक अर्थ निम्न अनुसार रहेका छन् :

| | | |
|---|---|---|
| कुमाल | : | माटाका भाँडाकुँडा बनाउने जाति |
| शोध क्षेत्र | : | शोध क्षेत्र भन्नाले खैरेनीटार गा.वि.स. वडा नं ८ लाई जनाउँदछ । |
| अधिया | : | अरूको खेतबारीमा खेती गरी उब्जनी आधा आधा लिने कार्य |
| झारफुक | : | विरामीलाई उपचार गर्ने परम्परागत पद्धति |
| अल्पङख्यक | : | सङख्या कम भएको |
| पेशा | : | आर्थिक उपार्जनका कार्य |

### १.५ अध्ययनको सीमा

शोध पत्र समय र स्रोतको अभाव तथा शोध कर्ताको अनुभव र दक्षतामा रहेको कमजोरीका कारण अध्ययनलाई पूर्णता दिन सकिएको छैन कि भन्ने शोधकर्तालाई लागेको छ । सीमित स्रोत, साधन र समयका कारण नेपालभर बसोबास गर्ने कुमाल समुदायको अध्ययन असंभव भएको तथा सम्वन्धित विषय र क्षेत्रमा भएका अनुसन्धानात्मक अध्ययनको अभावका कारणले पनि यस शोधकार्यमा कमजोरी र त्रुटीहरू हुन सक्ने संभावना रहन्छ ।

यो अध्ययन तनहूँ जिल्ला खैरेनीटार गा.वि.स. वडा नं ८ कुमाल जातिहरूको आर्थिक, सामाजिक एंव साँस्कृतिक अवस्था तथा पेशामा मात्र आधारित हुनेछ । प्रत्यक्ष साक्षात्कारद्वारा

यहाँका कुमालहरूका पेशा सहरीकरण र आधुनिकीकरणले उनीहरूमा ल्याएको परिवर्तनलाई विश्लेषण गर्ने प्रयास गरिएको छ । कुमालहरूको शैक्षिक अवस्था,आर्थिक स्थिति तथा पेशागत अवस्था अन्य समुदायको तुलनामा पछाडि परेको र त्यसैको कारण यिनीहरू अत्याधिक शारीरिक श्रमका कामहरू गर्ने गरेको पाइन्छ । यस अध्ययनबाट प्राप्त निष्कर्षलाई अन्य क्षेत्रका कुमाल समुदायमा पूर्ण रूपले सामान्यीकरण गर्न र लागू गर्न सकिदैन ।

## १.६ अध्ययनको औचित्य तथा महत्व

क्षेत्रफलको दृष्टिकोणले सानो भए पनि भौगोलिक, जातीय, धार्मिक, भाषिक, सांस्कृतिक तथा अन्य कैयौं विविधताले समुन्नत राज्य नेपाल हो । यसर्थ, सबै जातको फूलबारी नेपालको एउटा सांस्कृतिक विशिष्टता बोकेको मगमगाउने फूल कुमाल जाति हो । कुमाल जाति मुलुकको स्रोत, साधन र शक्तिमाथि नियन्त्रण र पहुँच राख्न नसकेको सीमान्तकृत जाति रहेको छ । नेपालमा अल्पसङख्यक जातिका भाषा, संस्कृति, चालचलन तथा रीतिरिवाजहरु क्रमश : लोप हुदै जाने अवस्थामा पुगेका कारण यस जातिको अध्ययन गरी उनीहरूको परम्परागत सीप, पेशा, प्रविधि तथा ज्ञानका बारेमा अनुसन्धानात्मक अध्ययन मार्फत उनीहरूको पेशा, भाषा, संस्कृति आदिको जगेर्ना गर्न यो शोध कार्य सहायकसिद्ध हुने अपेक्षा राखिएको छ ।

कुमाल समुदाय अशिक्षाका कारण नविन सीप तथा व्यावसायिक पेशाबाट पछाडि परेका र त्यसले आर्थिक क्रियाकलापमा प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । सीमित खर्च र समयका कारण अध्ययन क्षेत्र सानो रहेको छ तापनि यसबाट प्राप्त निष्कर्ष अन्य क्षेत्रका कुमाल समुदायको अध्ययनमा तुलनात्मक रूपमा सहयोगी हुने विश्वास लिइएको छ । साथै सीमान्तकृत तथा अल्पसंख्यक जाति तथा समुदायको उत्थानका लागि प्रयास गर्ने गैर सरकारी तथा सरकारी संस्था तथा योजना निर्माताका लागि यो अध्ययन सान्दर्भिक र उपयोगी हुने आशा गरिएको छ । यसका साथै अन्य अल्पसङख्यक जातिको अध्ययन र अनुसन्धान गर्न चाहने व्यक्ति तथा संस्थाका लागि प्रेरणा र ऊर्जाको स्रोतका रूपमा यस शोधपत्रले कार्य गर्ने विश्वास राखिएको छ ।

## १.७ अध्ययनको सङ्गठन

खैरेनीटार गा.वि.स. वडा नं ८ खैरेनीटारका कुमालहरूका बारेमा गरिएको यस अनुसन्धानात्मक अध्ययनलाई निम्न अध्यायहरूमा विभाजन गरिएको छ । पहिलो अध्यायमा

अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, मुख्य शब्दावलीहरू, अध्ययनको सीमा, अध्ययनको औचित्य तथा महत्व र अध्ययनको संगठन जस्ता बुँदाहरुलाई व्याख्या गरिएको छ । यसरी नै दोस्रो अध्यायमा शोध प्रेरित साहित्य समीक्षा रहेको छ जसअन्तर्गत सन्दर्भ साहित्यको सिंहावलोकन, कुमाल जातिको उत्पत्ति, शिक्षाको अर्थ, कुमाल जातिका आर्थिक एंव पेशागत क्रियाकलाप, शिक्षा र जनशक्ति विकास, कुमाल जातिका बारेमा नेपालमा भएका केही अध्ययनहरुको सिंहावलोकन र अवधारणगत तथा सैद्वान्तिक ढाँचा जस्ता बुँदाहरुको चर्चा गरिएको छ । त्यस्तै तेस्रो अध्यायमा अनुसन्धान पद्धति रहेको छ । यसभित्र अध्ययन क्षेत्रको छनौटको औचित्य, अनुसन्धान योजना, अनुसन्धान ढाचाँ, तथ्याङ्कको स्रोत र प्रकृति, पूर्व परीक्षण, वैधता र विश्वसनीयता र तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरणको पद्धतिजस्ता बुँदाहरुको बारेमा व्याख्या गरिएको छ । यसरी नै चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचयात्मक विवरण प्रस्तुत गरिएको छ जसअन्तर्गत भौगोलिक अवस्थिति, सामाजिक अवस्था, आर्थिक अवस्था, यातायात र शिक्षाको बारेमा सामान्य चर्चा गरिएको छ । पाँचौ अध्यायमा अध्ययन क्षेत्रमा कुमाल समुदायको सामाजिक तथा शैक्षिक अवस्थाको बारेमा हुनेछ जसभित्र कुमाल जातिको जनसाङख्यिक अवस्था, वैवाहिक स्थिति र शैक्षिक स्थितिको बारेमा चर्चा गरिएको छ । छैटौं अध्यायमा शोध क्षेत्रका कुमाल समुदायका सांस्कृतिक अवस्थालाई राखिएको छ । यसअन्तर्गत भाषा, धर्म, घरको संरचना, खानपान, भेषभूषा, चाडपर्व र सामाजिक संस्कारको बारेमा व्याख्या गरिएको छ । सातौं अध्यायमा अध्ययन क्षेत्रका कुमाल जातिको आर्थिक अवस्थाको जानकारी रहेको छ । यसअन्तर्गत भू-स्वामित्वको अवस्था, परिवारको आकार, सक्रिय र आश्रित जनसङख्या, पेशा, कुमालहरूले उपभोग गरेका सुविधाहरू, वार्षिक आय व्यय र शोध क्षेत्रका कुमालहरूको आर्थिक पछौटेपनका कारणहरूका बारेमा चर्चा गरिएको छ । आठौं अध्यायमा मुख्य प्राप्ति, निष्कर्ष र सुझावहरूलाई समावेश गरिएको छ । अनुसन्धानका क्रममा शोधकर्ताले प्रयोग गरेका सन्दर्भ सूची, अनुसूची, प्रश्नावली, नक्सा, फोटो आदिलाई शोधपत्रको अन्त्यमा प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन

नेपाल वहु जातिय, वहुभाषिक, वहु धार्मिक र वहु सांस्कृतिक विविधताले सजिएको देश हो । यहाको भौगोलिक विविधता, सामाजिक ,आर्थिक र सांस्कृतिक अनेकताको कारण नेपाल देशमा समाजशशास्त्री तथा मानवशास्त्रीहरु मात्र नभई विभिन्न चर्चित विज्ञ, विद्धानहरु अनुसन्धान कर्ताहरु लाई जुन सुकै विषय वस्तुमा अनुसन्धान गरे पनि अनुसन्धान गर्न कहिल्यै नसकिने एक महत्वपूर्ण उर्वरा भूमिको रुपमा देखा पर्न सफल भएको छ । त्यस्तै नेपालमा विभिन्न देशका विद्धानहरु आई धेरै कृर्तिहरु प्रकाशित गरी तथा कृर्तिहरु प्रकाशित गर्नेहरुलाई सहयोग पु¥याएको पाईन्छ ।

जातिय विविधताले गर्दा नेपालमा आ-आफ्नो पनको सामाजिक, आर्थिक र सांसकृतिक पक्षहरुका अमुल्य श्रोतहरु रहेको छ । त्यसको कारण नेपाल अन्वेषण र अध्ययनका निम्ती विश्वमा विभिन्न अनुसन्धानको केन्द्र वन्न पुगेको छ । सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको अध्ययन खासै प्रगति नभएता पनि विगत तीन चार दशक यता देखि यसको अध्ययन सुरु भएको हो ।

नेपालमा कुमाल जातिको सम्वन्धमा अध्ययन गर्ने पहिलो मानवशास्त्री डोर वहादुर विष्ट हुनुहुन्छ । उहाँले आफ्नो (विष्ट, २०३० ) । ले सबैजातको फूलवारी नामक पुस्तकमा यस जातिको वारेमा चर्चा गर्नुभएको छ । उनीहरुको भाषालाई तिब्वती परिवारको भाषा भनि यिनीहरुलाई अलग जातिको रुपमा परिभाषित गर्नु भएको छ । उहाँले कुमालहरु माटाका भाँडा बनाउने र दनुवार माझी भन्दा बढी मंगोलियन हुने बताउँनु भएको छ । माटाका भाँडा बनाउने कुमाले जाति नदिका किनारमा बसोबास गर्ने वराम, वोटे र दराई जस्तै मगोलियन हुने तर हिन्दु धर्म र आर्य संस्कृति मान्ने तथा धरै जसो ठाउँमा कुमालहरुले आफ्नो जातिय भाषा नवोली नेपाली भाषा नै बोल्ने गरेको पाईन्छ ।

कुनै पनि अनुसन्धान कार्यमा छानिएका सन्दर्भ सामाग्रीहरूको अध्ययन र समीक्षा अत्यन्तै महत्वपूर्ण मानिन्छ; किनभने तिनै सन्दर्भ सामग्रीहरूको सहयोगद्वारा लक्षित अनुसन्धान विषयको व्याख्या र विश्लेषण तथा परिणाम र निष्कर्षलाई विश्वसनीय तथा सार्थक बनाउन सकिन्छ । कुमाल जातिको सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, ऐतिहासिक, शिक्षा, स्वास्थ्य, वनौषधि आदि बारे विस्तृत अध्ययन हाल सम्म नभएकाले आदिबारे प्रस्तुत शोधकार्यका लागि

आवश्यक अनुसन्धानमूलक सन्दर्भ सामग्रीहरू पर्याप्त मात्रामा उपलब्ध हुन सकेनन् तापनि जति सामाग्री उपलब्ध हुनसके तिनीहरूको सामान्य समीक्षा गर्ने प्रयास यहाँ गरिएको छ ।

**२.१ सैद्धान्तिक समीक्षा**

सामजिक व्यवस्था विभिन्न एकाइ, भागहरू र उपभागहरूको विशिष्ट क्रमबद्धता, अन्तरनिर्भरता र पारस्परिकतामा अडिएको हुन्छ । त्यसैले समाजको बनावट आर्थिक, राजनैतिक तथा सामाजिक एकाइबाट भएको हुन्छ । रेडक्लिफ ब्रोनले सामाजिक व्यवस्थालाई जीव संरचनासंग तुलना गर्दै भाषा, सामाजिक साँस्कृतिक क्रियाकलाप, सामाजिक मूल्य, मान्यता, सँस्कार, धर्म आदिलाई सामाजिक एकाइका रूपमा विश्लेषण गर्दै तिनीहरुको अन्तर सम्बन्धलाई जोड दिएका छन् । ब्रोनले सामाजिक संरचनालाई वास्तविक सामाजिक संरचना र साधारण सामाजिक संरचना गरी दुई भागमा विभाजन गरेको छन् । उनका अनुसार समाजमा हुने जन्म, मृत्यु र बसाइसराइँले वास्तविक सामाजिक संरचनामा परिवर्तन ल्याउछ भने साधारण सामाजिक संरचना तुलनात्मक रूपमा लामो समयसम्म स्थिर रहन्छ र यसले समुदायको अवस्थितिलाई जनाउँछ । सामाजिक संरचना त्यस संरचनामा रहेका एकाइहरू बीचको अन्तर सम्बन्धको स्वरूप हो र एकाइमा रहेको भुमिका तथा पद अनुरूप सामाजिक सम्बन्धको विकास हुन्छ भन्ने ब्रोनको निष्कर्ष छ ।

**२.२ कुमाल जातिको उत्पत्ति**

कुमाल जातिको उत्पत्तिका बारेमा हालसम्म यकिनका साथ आधारहरू फेला पार्न सकिएको छैन । हालसम्म कुमालहरूको बारेमा जे जति अध्ययन अनुसन्धानहरू भएका छन् उनीहरूको भनाइहरूमा समेत एकरूपता पाइएको छैन, तापनि कुमाल जातिको उत्पत्तिका बारेमा निम्न अनुसार केही चर्चा गरिएको छ ।

बृहत् नेपाली शब्दकोषमा कुमाल जातिलाई ‘कुम्भकार’ अर्थात् माटाका भाँडा बनाउने एक जाति भनी उल्लेख गरिएको छ । (नेपाली बृहत् शब्दकोष,२०५२:२५०)

कुमाल शब्दलाई नेपाली भाषा वैज्ञानिक मान्यता र सन्दर्भ अनुसार कुम्भ + आल=कुमाल हुन्छ । जसमा कुम्भको अर्थ घैटा र आलको अर्थ बनाउने विशेषणमूलक अर्थ बुझाउँदछ । (पौडेल, २०६५:१८)

नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्व विद्यालय, काठमाडौंबाट प्रकाशित र डा. डिल्लीराम दाहालद्वारा सम्पादित ‘नेपालका केही पिछडिएका जातिहरुको सामाजिक-आर्थिक

अध्ययन' नामक पुस्तकमा संलग्न मदनकुमार रिमालद्वारा लिखित अनुसन्धानात्मक लेख 'कुमाल जातिको अध्ययन' अनुसार कुमाल जातिको इतिहासलाई हेर्ने हो भने मानिसले कृषि कार्य गरी व्यवस्थित ग्राम्य जीवनको शुरुवात गरेदेखि अर्थात् नवपाषण कालदेखि नै पेशागत रूपमा यिनका अस्तित्व समाजमा रहेको थियो भन्ने कुरामा दुई मत नहोला । मानिसलाई अन्न जम्मा गर्न, खाना पकाउन, खान , पिउन आदि विभिन्न प्रयोजनका निमित्त भाँडाको आवश्यकता र उसले सजिलैसित प्राप्त हुने माटालाई त्यसको माध्यम बनाइयो । यस्ता पेशागत रूपमा सीपहरूमा विस्तार विस्तार विकास हुँदै गयो र समाजमा माटाको भाँडा बनाउने दक्ष तथा सिपालु व्यक्तिहरूको अलग समुदायका रूपमा विकास भयो, जसलाई कुम्भकार भनियो । यही शब्द अप्रभंश भई कुम्हार, कुम्हाल, कुम्हाले र कुमाल बन्न गयो । (दाहाल: २०५६ : १४९)

अब कुमालहरूको भनाइमा विचार गर्दा भारतवर्षको प्रथम विकसित र विस्तृत सभ्यताको रूपमा चिनिएको सिन्धघाटीको सभ्यतामा यस जातिको अस्तित्व कुनै न कुनै समूह वा जातिको रूपमा विद्यमान रहेको कुरा नकार्न सकिदैन । त्यस समयदेखि अर्थात् इसापूर्व पच्चीस सय, तीन हजार वर्षदेखि हालसम्म यस्ता पेशा, सीपलाई अँगाल्दै भारतवर्षका विभिन्न ठाँउहरूमा यस जातिको समूहहरुको फैलावट भयो भन्ने कुरा पनि त्यत्तिकै सत्यको नजिक पाइन्छ । प्रारम्भमा सामाजिक आवश्यकताअनुरूप यस्ता सीपहरूले उद्योगको रूप लिएर त्यस पेशामा लाग्ने व्यक्तिहरूको छुट्टै समूह बन्न गयो, जसले पछि जातिको रूपमा विकास गऱ्यो । यस्ता पेशागत रूपमा विकसित भएका जाति हाम्रो समाजमा आज पनि देख्न पाइन्छ । (दाहाल: २०५६ : १५०)

नेपालमा पनि लुम्बिनी, कपिलवस्तु क्षेत्रमा प्राप्त प्राचीन खैरो माटाका भाडाँहरू उत्तरी कालो माटाका भाँडाहरूको अस्तित्वले नेपालमा यस जातिको प्राचिनता इ.पू. आठसय भन्दा पनि अघिको समयलाई औंल्याएको छ भन्नु गलत हुने छैन । पश्चिम नेपालको उपर्युक्त उपलब्धिलाई हेर्दा यस क्षेत्रमा कुमालको बसोबास इसापूर्व लगभग आठसय वर्ष अघिदेखि रहेको तथ्य छर्लङ्ग हुन्छ । नेपालको प्रमाणित इतिहासको रूपमा लिच्छविकाललाई लिइन्छ । यिनको समयमा पनि काठमाडौं र यसका वरिपरिका विभिन्न क्षेत्रमा पूर्वी तथा पश्चिम पहाड, तराई क्षेत्रमा कुमालहरूको बसोबास रहेको तथ्यलाई विभिन्न पुरातात्विक उत्खननबाट प्राप्त माटाका भाँडाका अवशेषहरुले प्रष्ट्याएको छ । लिच्छविकालदेखि नै प्रसिद्ध रहेको हाडीगाँउ धुम्बाराही क्षेत्रमा यी कुमाल जातिका मानिसहरूको बसोबास रहेको हुनसक्ने कुरा यस क्षेत्रबाट पाइएका

माटाका भाँडाका टुक्राहरूबाट अनुमान गर्न सकिन्छ । जसले गर्दा त्यस क्षेत्रको नाउँ नै हालसम्म हाडीगाउँ नै रहेको तथ्य हाम्रो सामु छ । कालान्तरमा माटाका भाँडाको यही उद्योगमा खेलौनाहरू माटाका मूर्तिहरू निर्माण गर्ने गरियो र यस उद्योगले व्यापारिक दृष्टिले निकै विकास गरेको थियो । लुम्बिनी, कपिलवस्तु क्षेत्रका यस्ता खेलौना र मूर्तिहरू तथा लिच्छविकालीन माटाका खेलौना, मूर्तिहरूबाट पनि यो कुरा स्पष्ट हुन्छ ।

औद्योगिक र व्यापारिक दृष्टिले कम लगानीमा सजिलैसँग उपलब्ध हुने माटाबाट प्रशस्त अर्थोपार्जन हुनसक्ने र यसको बजार पनि सधैं एकनासले रहने हुनाले अन्य समुदायका मानिसहरू पनि यस उद्योगतर्फ आकर्षित भए होलान् जसले गर्दा प्राचीन कुमाल जाति र पछि यस पेशामा प्रवेश पर्ने व्यक्तिहरूको सहभागिताले विभिन्न क्षेत्रमा परिवर्तन ल्यायो होला भन्ने नमान्न सक्ने आधार छैन । तसर्थ यस पेशाका वा जातिका व्यक्तिहरूको फैलावट समस्त भारतवर्षमा क्रमिक रूपले भयो । लिच्छविकालपछि मल्लकाल र शाहकालसम्म पनि यस जातिले आफ्नो सीपद्वारा आफ्नो समुदायको अलग पहिचान बनाइराख्न सफल भयो । त्यस्तै मध्यकालको पछिल्लो चरणमा नेपाल अधिराज्यभरि देखा परेका बाईसी र चौबीसी राज्यहरू, कर्णालीको खस मल्ल राज्य, मकवानपुरको सेन राज्य आदि सबै साना ठूला राज्यहरूमा आफ्ना उद्योग र व्यापारका सिलसिलामा कुमाल जातिको अस्तित्व देखापर्‍यो, हाल नवलपरासी, चितवन, पाल्पा, स्याङ्गजा, तनहूँ, लम्जुङ्ग, गोर्खा आदि जिल्लामा पनि त्यसै समयदेखि यस जातिको फैलावट भएको मान्न सकिन्छ । (दाहालः २०५६ : १५१)

यस प्रकार यस सीप र पेशाका व्यक्तिहरू अर्थात् कुमाल जातिलाई नेपालको सामाजिक, राजनैतिक इतिहास जत्तिकै प्राचीन माने कुनै अतिशयोक्ति हुने छैन र यसर्थ कुमाल जाति पनि नेपालको प्राचीन जाति हुन् भन्ने कुरा निर्विवाद साबित हुनजान्छ । यस जातिको इतिहासको खोजी गर्नु निश्चय पनि एक चुनौतीपूर्ण कार्यका रूपमा हाम्रो सामु छ । निष्कर्षमा यो जाति नेपालको निकै प्राचीन जाति हो, जसको उद्भव र विकास नेपालमै भयो तथा जसले आफ्नो अलग सांस्कृतिक र सामाजिक परिवेश निर्माण गर्न सफल भयो भन्ने कुरा बुझिन्छ । (दाहालः २०५६ : १५१)

**२.३ कुमाल जातिको परिचय**

'नेपाली बृहत् शब्दकोष'मा कुम्हाल, कुम्भकार तथा कुमाले शब्दलाई माटाका भाँडाकुँडा बनाउने एक जाति भनी लेखिएको छ । ( नेपाली बृहत् शब्दकोषः २०५२:२५०)

समाजशास्त्री डोर बहादुर विष्टले 'सबै जातको फूलबारी' पुस्तकमा उल्लेख गरेअनुसार तिब्बतबर्मेली समूहको भाषा बोल्ने र खोलाको किनार तथा बगरमा बसोबास गरी माटाका भाँडा बनाउने जाति कुमाल हुन् । यिनीहरू दनुवार, माझी र दरै जातिहरूका छिमेकी अर्थात् नजिकका जातिका रूपमा रहेका छन् । (विष्टः २०६४:८४,८५)

नेपालको तराई, भित्री मधेस र पहाडका कछाडखण्डमा बसोबास गर्ने कुमाल जातिका मानिसहरू चेप्टो नाक, मोटो ओठ, आँखा तथा कपालको रंग कालो, दाह्री जुँगा कम आउने र आए पनि पातलो किसिमले आउने, प्राय : श्याम वर्ण, मेहनती जाति भएकाले चौडा छाती तथा बलीष्ट शरीर, सामान्यतया पाँच फिटदेखि साढे पाँच फिटसम्म अग्ला र सरल स्वभावका जस्ता शारीरिक विशेषताहरू पाउन सकिन्छ । उपर्युक्त विशेषताहरूको विश्लेषणबाट यो जाति मंगोलियन आकृतिका भनिने जातिहरूसँग मिल्दो जुल्दो देखिन्छ । यस जातिको आफ्नै भाषा र संस्कृतिले गर्दा यस जातिको आफ्नै अलग सामाजिक, सांस्कृतिक अस्तित्व राख्न सफल भएको छ । (दाहाल : २०५६ : १४२)

हुम बहादुर कुमालद्वारा लेखिएको 'संघीय राज्यमा कुमालहरूका अस्तित्व र पहिचान' भन्ने कुमाल भाषामा लेखिएको लेखमा चर्चा गरिएअनुसार मानिसले ढुङ्गे युगबाट विकासका क्रममा ढुङ्गाका सामान चलाउन छोडी माटाका भाँडाकुँडा चलाउन थालेका हुन् । त्यसपछि विकास हुदै जाँदा माटाका गरगहना पनि प्रयोग हुँदै आएको पाइन्छ । यसरी प्रयोग हुने माटाका सामान बनाउने मानिसलाई समाजले कुम्भकार नाम दियो । समय बित्दै जाँदा कुम्भकारलाई कुम्हाल, कम्हार हुँदै पछि आएर शासक वर्ग धनीमानीहरूले होच्याउने, दमन गर्ने, गाली गर्ने गर्दा कुम्भकारलाई नराम्रो गर्दै कुमाल भन्ने नाममा सीमित गराएका हुन् भनी उल्लेख गरिएको छ । (गोरखापत्र, नयाँ नेपालः २०६६/६/२०:९)

इन्दिरा शर्मा पौड्यालद्वारा प्रकाशित तथा हीरामणि शर्मा पौड्यालद्वारा लिखित 'कुमाल भाषाको अध्ययन' नामक पुस्तकमा नेपालको तराई, भित्री मधेस र पहाडका कछाडखण्डमा बसोबास गरी माटाका भाँडाबर्तन बनाउने जाति नै कुमाल जाति हो भनी लेखिएको छ । (शर्मा पौड्याल : २०४३ : १)

गोरखापत्र दैनिकको नँया नेपाल विशेषाङ्कमा प्रकाशित 'कुमाल समाज र सँस्कृति' शीर्षकको कुमाल भाषाको लेखमा मानव जातिको मूल महावंशका आधारमा कुमाल

अष्टोद्रविडियन नस्ल भित्रको एक जाति हो भनी उल्लेख गरिएको छ । यो जाति दक्षिणतिरबाट नेपालका प्रवेश गरेको अनुमान गरिएको छ । पुरानो कालमा माटाका भाँडा बनाउने तथा माछा मार्ने काम मुख्य पेशा भएका कुमाल जातिको बसोबास नदीका किनार र टारहरूमा रहेको थियो । व्यावसायिक हिसाबले तराईको भित्री मधेस र पहाडका कछाड क्षेत्रमा विशेषतः जंगलका खोच तथा खोला र नदीका किनारमा बसोबास रहेको पाइएको छ । कुमाल शब्द संस्कृत भाषाको कुम्भकार, कुम्हार, कुम्हाल शब्दबाट बनेको हो । संस्कृत भाषामा माटाको भाँडालाई कुम्भ र त्यो बनाउने मानिसलाई कुम्भकार भनिन्छ । (गोरखापत्र, नयाँ नेपाल : २०६६/१०/२७ :८)

## २.४ कुमाल जातिको आर्थिक एवं पेशागत क्रियाकलाप

नेपालको लामो केन्द्रीकृत सामन्ती अर्थ-राजनीतिक संरचनाले नेपाली समाजमा असमानता, विभेद र मानवीय शोषणलाई क्षेत्रीय, जातीय र वर्गीय रूपमा संस्थागत गरेको छ । यसरी नै कुमाल समुदाय पनि शिक्षाको उज्यालो प्राप्त गर्न नसकी राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा अवसरको अभावमा पछाडि परेको पाइन्छ । डा. प्रकाशचन्द्र लोहनी र डा. बालगोपाल वैद्यका भनाइ अनुसार नेपालका विभिन्न समुदायहरुको मानव विकास सूचकांकमा कुमाल समुदायको सुचकांक ०.३९०४ का साथ ३१औं स्थानमा सीमान्तकृत समुदायमा सूचिकृत भएको छ । (कान्तिपुर दैनिक २०६६/४/२७ :७)

खानपानका दृष्टिले दालभात, तरकारीलाई सामान्य खानाको रूपमा लिइन्छ । यहाँका मानिसहरू आफ्नै वा अर्काको खेती गरेर धान, मकै, गहूँ , मास, आलु उब्जाउने गर्दछन् । जसको आफ्नो खेतबारी छैन, उनीहरूले सम्पन्न परिवारका खेतवारीमा खेती गरी उब्जनी आधा आधा लिने गर्दछन् । यस्ता जातिहरूमा धेरैजसो कुमाल, दरै, कामी, मगर आदि पर्दछन् । सम्पन्न व्यक्तिहरूको खेतमा खेती गरी उब्जनी आधा आधा लिने चलनलाई अधियाँ भनिन्छ । जसले कुनै खेती गरेका छैनन् त्यस्ता विपन्न परिवारले पसलबाट चामल खरिद गरी भात खाने गर्दछन् । प्राय : किनेरै खाने परिवारमा कर्मचारी, व्यपारी वर्गका साथै मजदुर वर्गहरु पर्दछन् । दाल प्राप्त हुन नसक्ने परिवारमा भात र तरकारीमात्र खाने गर्दछन् भने घरमा नै बनाइएको गुन्द्रुक, गावा, पिडालु, आलु र जंगलबाट पाइने निउरो, सिप्लिकान र कन्चिर्नो, कर्कलो अनि तरुलको पनि तरकारी ( जसलाई तिहुन भन्ने चलन छ ) को पनि प्रयोग गर्दछन् । प्रायजसो परिवार कृषक नै भएकाले घरका करेसावारीमा लगाइएको सिमी, बोडी, मुला, काउली, वन्दा, फर्सी,घिरौला, करेला र भिन्दुर आदि आफ्नै घरमा उत्पादन गरी प्रयोगमा ल्याँउछन् र बजारमा

बिक्रीसमेत गर्दछन् । खोला नाला नजिकै भएकाले वर्षा तथा हिउँद दुवै याममा माछा पाइन्छन्, तसर्थ सो समयमा माछाको तरकारी पनि खाने गर्दछन् । यसरी माछा मार्ने र बिक्री गर्ने अनि आफूले पनि खाने कार्यमा विशेष गरी बोटे, कुमाल र दरैहरु संलग्न भएको पाइन्छ । विशेष चाडपर्व र जाडो याममा मासु पनि खाने गर्दछन् । दरै र कुमाल जातिहरू विशेष गरेर जाँड पिउने पनि गर्दछन् । (तनहूँ सन्देश : २०६६ : ५१,५२)

खोलाको बगरको माथिल्लो बस्तीमा पुगेर यिनीहरु वरामू र कुम्हाले भन्ने अर्को थरी जातसँग मिसिन्छन् । वरामूहरू खेती गर्छन्, कुम्हालेहरू माटाका भाँडा वनाउँछन् । दनुवार र माझीभन्दा यिनीहरू बढी मंगोलियन आकृतिका देखिन्छन् । दनुवार, माझी र दरै अलि कालो वर्णका र शरीरको वनोटमा दुब्ला, पातला देखिए पनि बलिया र दह्रिला हुन्छन् । (विष्ट : २०६४ : ८५)

राणाकालको अन्त्यपछि कुमालहरूले बनाउने भाँडाकुँडाको सट्टामा विभिन्न धातुका भाँडाहरूको विकास भई कुमालहरूको पेशामाथि ठूलो चोट पुग्नगयो । पछि विकासको क्रमसंगै गाउँ शहरमा पनि पानीको सुविधा हुनथाल्यो र विशेष गरी प्लाष्टिक र एलमुनियमका सामानको विकास हुँदै गयो । त्यसपछि कुमालहरूको पेशा हराउँदै गयो र उनीहरुको अवस्था झनै कमजोर हुँदै गयो । माटाको भाँडा बनाउने कच्चा पदार्थ माटो निकाल्ने जमिन पनि सामन्तहरूको हातमा पुग्यो । वनहरू पनि गाँउलेलाई नै दिने नाममा कुमालहरुको पहुँच र तिनीहरुको हकमा भन्दा बाहिर हुँदै गयो । जंगल टाढा भएका ठाउँमा गुइँठा खोज्ने किपटहरू पनि खोसिए । त्यसपछि उनीहरूको मनमा दुःख पर्दै गएर कतिले त
थर परिवर्तन गरेर चिनिन थाले । कोहीले मुखिया, कोहीले राना र कोहीले कुमालको सट्टामा माल समेत लेख्न थाले । (गोरखापत्र : नयाँ नेपाल : २०६६/६/२० :९)

७०/८० घर भएको चिर्तुङ्गधाराको कुमाल गाउँका प्रत्येक घरका दुई तीन जना मानिस भारी बोक्नकै लागि दैनिक रूपमा तानसेन पुगेका हुन्छन् । १३/१४ वर्षका केटाकेटीदेखि लिएर ६५/७० वर्षका महिला पुरुषहरू तानसेन पुगेर पैसा कमाउँछन् । उनीहरूको मुख्य आय स्रोत नै त्यही हो । कोही विहानै जान्छन् भने कोही चाहि बिहानको खाना खाएर जान्छन् । विहानै जानेहरू विहानको काम सकेर फर्कन्छन् । दिउँसोको काम गर्न जानेहरु बेलुकामात्रै फर्कन्छन् ।

मुख्य राजमार्गबाट १००/१५० मिटरमात्र भित्ररहेको यस कुमाल गाँउमा प्राय गरेर धैरैको घरमा खाद्यान्न छैन भने खानेपानीको पनि त्यस्तै समस्या छ । बिहान बेलुकाको छाक टार्न अविभावकहरू भारी बोक्न सदरमुकाम जानु पर्ने हुँदा र बेलुका आउँदा अत्यधिक रक्सी खाएर आउने हुँदा उनीहरुको ध्यान बालबच्चामा पर्न नसकेकाले उनीहरुका बालबच्चाको स्थिति पनि

त्यस्तै पाइयो । दिनभरि विद्यालय जाने बच्चाहरू कमै हुन्छन् भने घरमा पढ्नु पर्छ भन्ने चेतना कमै छ । (गोरखापत्र : नयाँ नेपाल : २०६६/११/२७ :८)

जीविकोपार्जनका क्रममा अधिकांश कुमालहरुले आफ्नो भाषा र जातीय व्यवसायलाई अँगाल्दै आएका छन् भने कैयौंले माटाका भाँडा बनाउने काम छोडी कृषि व्यवसायलाई मात्र अँगालेका छन् । जेहोस्, कुमालहरूले मूलत : दुई किसिमका व्यवसायहरू अंगीकार गरेका छन् । एकातिर उनीहरुले नेपालका अन्य जातिहरूले जस्तै जीविकोपार्जनको प्रमुख माध्यमका रूपमा कृषि व्यवसायलाई अँगाल्दै आएका छन् भने अर्कोतिर माटाका भाँडावर्तनहरू बनाएर हाटबजारमा या गाँउघरमा लगी बिक्री गर्ने परम्परागत जातीय व्यवसायलाई कायम गर्दै आएका छन् । तामा र पित्तलका भाँडा बनाउनु वाँडाहरुको, डाडु, पनियो, ताप्के, भ्जाला आदि फलामका भाँडा बनाउनु कामीहरूको, लुगाकपडा सिलाउनु दमाँईहरूको र जुत्ता सिउनु सार्कीहरूको परम्परागत व्यवसाय भएजस्तै माटामा भाँडा वर्तन बनाएर बिक्री गर्नु कुमाल जातिको जातीय व्यवसाय नै हो । नेपालमा परम्परागत रूपमा प्रचलित पुराना घरेलु इलमहरू जस्तै कुमालहरूको माटाका भाँडा बनाउने काम पनि सानोतिनो घरेलु इलम नै हो । पहाडी जिल्लाहरूमा बसोबास गर्ने कुमालहरूमध्ये कतिपय ठाउँका कुमालहरूले कृषि व्यवसाय र जातीय व्यवसाय दुवै प्रकारका व्यवसायलाई अपनाएका छन् र कतिपय ठाउँका कुमालहरूले कृषि व्यवसायमात्र अंगालेका छन् । पर्वत जिल्लाका फलेवास र कुश्माका कुमालेहरूले खेती किसानी पनि गर्छन् र माटाका अनेकथरी भाँडाकुँडाहरू वनाई जिल्लाभित्र र जिल्लावाहिर पनि बिक्री गर्न लान्छन् । नवलपरासी जिल्लाका कुमालहरूले मूल रूपमा कृषि व्यवसायलाई नै अपनाएका छन् । मौकैमा भित्री मधेसमा प्रवेश गरेका हुँदा नवलपुर र त्यस आसपासका कुमालहरूको आफ्नो जग्गा जमिन पनि छ र उनीहरू पाल्पाली कुमालहरूको तुलनामा अपेक्षाकृत सम्पन्न छन् । तिनले आफ्नो जीवन शैलीमा अतिकति सुधार गरेको खण्डमा जीवनस्तर सुधिन सक्दछ । त्यस्तै पाल्पा जिल्लाको गेजा गा.वि.स अन्तरगत पर्ने हेकलाङ गाउँमा सानो कुमाल गाउँ र ठुलो कुमाल गाउँ गरी कुमालहरूको घना वस्ती छ र यहाँका कुमालहरूले पनि समान महत्वका साथ दुवै प्रकारको व्यवसायलाई अँगाल्दै आएका छन् । पाल्पा जिल्लाअन्तर्गतका भुजुङ, छच्चुवा, पटुवा चौर, मगरानजोइथुम आदि केही गाउँका कुमालहरूले जातीय भाषा वोल्ने भए पनि जातीय व्यवसायलाई परित्याग गरिसकेका छन् र कृषि व्यवसायमै अवलम्बित छन् । अर्घाखाँची र गुल्मी जिल्लाका कुमालहरूले पनि कहीँ दुवै व्यवसायलाई अँगालेका छन् र कहीँ खेतीपातीमात्र पनि गर्दछन् । अन्य जिल्लाहरुमा पनि प्राय : यस्तै स्थिति देखा पर्दछ । भाँडा बनाउनलायक माटोको अभाव, टाढाबाट माटो बोकेर ल्याउनु पर्ने दाउराको

अभाव र सम्वन्धित सीपको अभाव, बिक्री गर्न घर घर डुलाउनु पर्ने वाध्यता आदि कारणहरूले गर्दा यो व्यवसाय छोडेको हुनु संभव छ, तर चिर्तुङधारा गा.वि.स अन्तरगत पर्ने घोरवन्दाका कुमालहरूले भने गौणरूपमै भए पनि जातीय व्यवसायलाई अंगाल्दै आएका छन् । अरू कतिपय ठाउँका कुमालहरूले झै यहाँका कुमालहरू पनि वर्षा याममा खेतीपातीको कार्यमा संलग्न र हिउँदे याममा माटाका भाँडाहरू बनाउने गर्दछन् । यिनले घैंटा, हाँडी, आह्री, भुड्का, गमला, फाके, चिलिम, हडुला, पाला आदि माटाका भाँडाहरू र सुधारिएको वैज्ञानिक चूलो पनि बनाउँछन् र तिनलाई गाउँगाउँमा र हाटबजारमा लगी विक्री वितरण गर्दछन् । कतिपय भाँडाहरू नगद पैसामा विक्री हुन्छन् र कतिपय भाँडाहरू कोदो, मकै, धान आदि खाद्यान्नसँग साट्ने गर्दछन् । यसरी कुमालहरू हिउँदका दिनहरूमा माटाका भाँडाहरू वेचेर नून, तेल र ओह्रापरी किन्ने पैसा जम्मा गर्दछन् । साधारणतया : यो व्यवसाय गाँउघरमा अतिरिक्त आयस्रोतको राम्रै माध्यम हो, तर आफ्नो गरीबी अवस्था प्रति उपेक्षाभाव राखी जाँडरक्सीमै वढी पैसा बर्बाद गर्नु कुमालहरूको जातीय संस्कार नै भएकाले उनीहरूको आर्थिक स्थिति सुध्रनुको सट्टा झन् विग्रदै जान्छ तै पनि युगानुकूल सुधार हुँदै जान सक्यो भने यो व्यवसाय प्रभावकारी बन्न पनि सक्छ । (शर्मा पोड्याल :२०४३ :११,१२)

कुमालहरूको प्रमुख व्यवसाय खेतीपाती नै हो । प्रायः सवैजसो कुमालहरूले कृषि व्यवसायलाई जीविकोपार्जनको प्रमुख आधारका रूपमा स्वीकार गरेका छन् । जातीय व्यवसाय नअँगाल्ने कुमालहरू प्रसस्त भेटिन्छन्, तर खेतीपाती नगर्ने कुमालहरू पाउन प्रायः दुर्लभ छ । घोरवन्दाका कुमालहरूको धेरथोर आफ्नै जमिन पनि छ र जमिन नहुनेहरूले पनि जग्गा धनीको जग्गा ठेक अधियामा या ज्याला मजदुरीमा कमाएकै हुन्छन् । श्रमजीवी भएकाले कुमालहरू आरा चिर्ने, काठको काम गर्ने, घर बनाउने, भारी बोक्ने, निभेक खाने, जाँडरक्सी पारेर बेच्ने, विदेशी पल्टनमा भर्ती हुन जाने, सानोतिनो नोकरी खाने जस्ताकामहरु पनि गर्दछन् । नदी र खोलाको नजिकमा बस्ने कुमालहरूले माछा मार्ने काम पनि गर्छन् । पूर्वी पाल्पाका कुमालहरूले जाँडरक्सी र मर्चा पारेर बेच्ने र डोका, डाला, नाम्ला बुनेर बेच्ने व्यवसाय पनि अँगालेका छन् । परिश्रमी पाल्पाका कुमालहरूले बाहुन, क्षत्री, नेवार आदि जातको विवाहमा डोला वोक्ने काम पनि गर्दछन्, घोरवन्दाका कुमालहरू पनि राणा शासनकालसम्म डोला बोक्ने गर्दथे र आजभोलि प्रायः यो चलन कम हुदै गएको छ भन्ने भनाइ छ तैपनि गरीबहरू डोला बोक्न जान्छन नै । नेपालका शोषित-पीडित र पिछडिएका जातिहरूमा कुमालहरू पनि पर्दछन् तैपनि यिनीहरू आफ्नो शोचनीय आर्थिक स्थितिप्रति कमै चिन्तित हुन्छन् । बढी जाँडरक्सी खाएर आफ्नो गरीबी अवस्था प्रति उपेक्षा भाव प्रकट गर्नु यिनीहरूको जातिगत संस्कार नै बनेको छ । कृषि

व्यवसायलाई अँगाले पनि कुमालहरू प्राय : कृषिमा बढी समर्पित हुन सक्दैनन् । प्रशस्त मात्रामा गाई भैसी पाल्ने, जग्गा जमिन बनाउने र कृषि उत्पादन बढाउने जागरूकता यिनीहरूमा प्राय : कमै भेटिन्छ । गाई भैसी पाल्ने, दूध, दही, मही खाने र पाडा बाच्छा हुर्काउने प्रवृति पनि कुमालहरूमा कमै पाइन्छ । पशुपालनको नाममा यिनीहरू सुँगुर, कुखुरा, गाईगोरू सम्म पाल्दछन् । पश्चिमी पाल्पा र मध्य पाल्पाका कुमालहरू भन्दा पूर्वी पाल्पाका कुमालहरूमा खेती किसानीप्रतिको अभिरूचि वढी देखिन्छ । कुमाल समाजमा नवजागरण र चेतना पसेको छैन, रुढिगत जीवन मान्यता र परम्परावादी जीवन पद्धतिमै यो समाज रुमल्लिएको छ । झारफुक, तन्त्रमन्त्र, टुनामुना र लामाधामीका काममा कुमालहरू अत्यन्त सिपालु हुन्छन् । यिनीहरूले चामल मन्तरेर चोर पत्ता लगाउने आदि काम गरी गाउँघरमा दुईचार पैसा कमाउँछन् । (शर्मा पोड्याल : २०४३ : १२, १३)

कुमाल जातिको इतिहासलाई हेर्ने हो भने मानिसले कृषि कार्य गरी व्यवस्थित ग्राम्य जीवनको शुरूवात गरेदेखि अर्थात् नवपाषाण कालदेखि नै पेशागत रूपमा यिनीहरूको अस्तित्व समाजमा रहेको थियो भन्ने कुरामा दुईमत नहोला । मानिसलाई अन्न जम्मा गर्न, खाना पकाउन, खान, पिउन आदि विभिन्न प्रयोजनका निमित्त भाँडाको आवश्यकता पऱ्यो र उसले सजिलैसित प्राप्त हुने माटालाई त्यसको माध्यम बनायो । यस्ता पेशागत रुपमा सीपहरुमा विस्तार विस्तार विकास हुँदै गयो र समाजमा माटाको भाँडा बनाउने दक्ष तथा सिपालु व्यक्तिहरूको अलग समुदायका रूपमा विकास भयो जसलाई कुम्भकार मानियो ।
(दाहाल : २०५६:१४९,१५०)

औद्योगिक र व्यापारिक दृष्टिले कम लगानीमा सजिलैसँग उपलब्ध हुने माटोबाट प्रशस्त अर्थोपार्जन हुनसक्ने र यसको बजार पनि सधै एकनासले रहने हुनाले अन्य समुदायका मानिसहरू पनि यस उद्योगसँग आकर्षित भए होलान्, जसले गर्दा प्राचीन कुमाल जाति र पछि यस पेशामा प्रवेश गर्ने व्यक्तिहरूको सहभागिताले विभिन्न क्षेत्रमा परिवर्तन ल्यायो होला भन्ने नमान्न सक्ने आधार छैन । तसर्थ यस पेशाका वा जातिका व्यक्तिहरूको फैलावट समस्त भारत वर्षमा क्रमिक रुपले भयो । लिच्छविकालपछि मल्लकाल र शाहकालसम्म पनि यस जातिले आफ्नो सीपद्वारा आफ्नो समुदायको अलग पहिचान बनाइराख्न सफल भयो । त्यस्तै मध्यकालको पछिल्लो चरणमा नेपाल राज्यभरि देखापरेका वाईसे र चौवीसे राज्यहरू कर्णालीको खस, मल्ल राज्य, मकवानपुरको सेन राज्य आदि सबै साना ठूला राज्यहरूमा आफ्नो उद्योग र व्यापारका सिलसिलामा कुमाल जातिको अस्तित्व देखापऱ्यो । हाल नवलपरासी, चितवन, पाल्पा, स्याङ्गजा,

गोर्खा आदि जिल्लाहरूमा पनि त्यसै समयदेखि यस जातिको फैलावट भएको मान्न सकिन्छ । (दाहाल : २०५६:१५०)

कालान्तरमा मेशिनबाट निर्मित र हातवाटै निर्मित भए पनि धेरै समयसम्म टिकाउ हुने विभिन्न किसिमका धातुका भाँडाकुँडा तथा हातहतियार र खेलौनाहरुको आगमनले स्थायित्व पायो । माटाका भाँडाहरूको निर्माण र प्रयोगमा शिथिलता आयो । अव समाजमा कुलीन वर्गहरू धातुका भाँडाकुँडातर्फ बढी आर्कषित भए भने आर्थिक दृष्टिले पछाडि परेका वर्गहरू भने माटाका भाँडाकुँडालाई नै प्रयोग गर्न थाले । हाल यो पेशा वा उद्योग जीवित अवस्थामा रहे पनि यसलाई प्रयोग गर्ने व्यक्तिको संख्या कम हुनगयो, जसले गर्दा कुमालहरूको माटाको भाँडा बनाउने उद्योग व्यवसायमा ह्रास आउन गयो र यो उद्योग व्यवसाय संकुचित हुन गएको कारणले पनि कुमाल जातिको अस्तित्व र सीप नै लोप हुने अवस्थामा पुग्न गयो । हाल यो सीप र पेशा कुमालहरूले छाड्दै गएकाले विलिन हुने अवस्थामा पुगेको देखा पर्दछ । (दाहाल : २०५६:१५१)

आर्थिक स्थिति दयनीय रहे तापनि आफ्नो तथा परिवारको भरण तथा पोषणका निमित्त कुमालहरू विशेष गरी कृषि तथा पशुपालन, मजदूरी, माटाका भाँडा बनाउने तीन मुख्य पेशामा विभाजित रहेको देखा पर्दछ ।

चितवन र नवलपरासीका कुमालहरु मुख्यतया खेतीपातीमा नै निर्भर रहेका छन् । मुख्य पेशाको रूपमा कृषि तथा पशुपालनलाई अपनाएकाले पहाडतिरका कुमालहरूभन्दा यी सम्पन्न देखिन्छन्,, तर पनि आफ्नो जग्गा जमिन भएका कुमालहरु थोरै मात्रामा मात्र देखापर्दछ । आफ्नो जग्गा जमिन केही भए तापनि वर्ष दिनसम्म खान नपुग्नुका कारणले कुमालहरू अरूको खेतवारीमा ठेक अँधियामा या ज्याला मजदूरीमा कमाइ गर्ने गर्दछन् । सिचाइको अभावले वर्षामा निर्भर रहेने कुमालहरू आधुनिक खेती प्रविधिवाट अनभिज्ञ छन् भने गरीवीको कारणले कृषि मलको प्रयोगमा पनि यिनीहरू त्यति चासो राख्दैनन् । दिनरात खाने समस्यामा अल्झिएका कुमालहरू आफ्नो आर्थिक तथा जातीय उत्थानका अन्य क्रियाकलापप्रति त्यति अभिरुचि राख्दैनन् । यसले गर्दा उनीहरुको जीवनको सम्पूर्ण क्रियाकलापमा अर्थात् शिक्षा, अर्थ, सामाजिक चालचलन आदिमा प्रभाव पारिरहेको छ र उनीहरू पिछडिएका जातजातिका रूपमा यथावत् छन् । जे जस्तो अवस्थामा रहे तापनि जाँड रक्सी खाई, मस्त भई बस्न रुचाउने यस जातिलाई कृषि कर्ममै प्राविधिक ज्ञान र तालिम दिनु आवश्यक देखिन्छ । मुख्य पेशा कृषि भए तापनि कृषिका लागि मात्र पशुपालन गर्नुपर्ने आवश्यकता यस जातिले देखेको छ । सामान्यतया पशुपालनलाई नै एक उद्योगको रूपमा विकास गर्न सकिने कुरा तर्फ यिनीहरू त्यति आकर्षित

छैनन् । धेरै नै कम कुमाल कृषकहरु पशुपालनतर्फ अग्रसर छन् । यिनीहरू खेत जोत्न एक जोडी गोरू तथा दुधका लागि गाई र भैंसी पाल्ने गर्दछन् । भंसी पाल्ने किसानहरू निकै कम अर्थात् गाउँमा दुईदेखि आठ-दश घरसम्ममात्र देखिन्छन् । बाखा पाल्ने, खसी पाल्ने तथा हरेक सामाजिक क्रियाकलापमा आवश्यकता पर्ने हुँदा कुखुरा पाल्ने गर्दछन् । यस प्रकार परिवारका सम्पूर्ण सदस्यहरु खेतीपाती तथा पशुपालनमा निर्भर रहे तापनि यी दुवैमा लाग्ने रोग, सिचाइ पानीको अभावले कुमाल परिवार त्यति सम्पन्न नभएको बुझिन्छ । ( दाहाल : २०५६:१७१,१७२)

आफ्नो खेतीपातीबाट खान, औषधी गर्न, केटाकेटीहरू साक्षर बनाउन र सामाजिक क्रियाकलापहरू सम्पन्न गर्न नपुग्ने भएकाले कुमालहरू अरूको खेतीमा मजदूरी गर्ने, काठको काम गर्ने, आरा चिर्ने, घर बनाउने, भारी बोक्ने, जाँड रक्सी बनाई बेच्ने, विदेशी सेनामा भर्ना हुने तथा पिउन, मालीजस्ता सानातिना नोकरी गर्ने काम गर्छन् । कृषिको साथै यस प्रकारको मजदूरीले वर्षदिन भरिको खर्च केही हदसम्म चलाउन सफल भएका छन् । (दाहाल : २०५६:१७४,१७५)

कुमाल जातिको परम्परागत मुख्य पेशाचाहिं माटाको भाँडा बनाउनु नै हो । नवलपरासी र चितवनमा गरिएको अध्ययनअनुसार त्यहाँका कुमालहरू यो पेशा र सीपबाट अनभिज्ञ रहेको पाइयो । युवाहरू “आफूहरू माटाको भाँडा बनाउने कुमाल हो” भन्ने कुरा नै थाहा नभएको बताउँदछन् भने केही बूढापाकाहरू चाहिं बावुबाजेले यो पेशा छाडे यसको सीप तथा ज्ञान नदिएका कारण माटोको भाँडा बनाउने जाति हौं भन्ने थाहा हुदाँहुदै पनि सो पेशा गर्न नसकेको बताउँदछन् । (दाहाल : २०५६:१७६)

### २.४.१ शिक्षा र जनशक्ति विकास

नेपालको संविधान को धारा ३१ मा व्यवस्था गरिएको शिक्षा तथा संस्कृतिसम्बन्धी हकअनुसार प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने, प्रत्येक नागरिकले माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने तथा प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षरण र सम्वर्द्धन गर्ने हक हुनेछ । (नेपालको संविधान १७)

शिक्षा मानव जीवनको एउटा महत्वपूर्ण र संवेदनशील पक्ष हो । उचित शिक्षा दीक्षाले नै मानिसमा सीप, क्षमता, चेतनाको अभिवृद्धि गर्दछ । शिक्षामार्फत मानिसले आफ्नो समग्र विकास गरी जीवनमा पूर्णता प्राप्त गर्दछ । शिक्षाद्वारानै आर्थिक, सामाजिक, साँस्कृतिक, आध्यात्मिक तथा वैज्ञानिक परिवर्तन संम्भव हुन्छ । शिक्षा निरन्तर रूपमा चलिरहने प्रक्रिया हो । जसको आवश्यकता व्यक्ति र समाज दुवैको सम्पूर्णताको विकासका लागि अपरिहार्य हुन्छ ।

व्यक्ति, समाज र राष्ट्रमा देखापर्ने समस्याको निरूपणका लागि शिक्षाको आवश्यकता पर्दछ । कुनै पनि समाज र राष्ट्रको विकासका लागि आवश्यक पर्ने सीपयुक्त विशेषज्ञ उच्च, मध्यम र निम्न तहको जनशक्ति आवश्यक हुन्छ । समाज र राष्ट्रको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, सास्कृतिक, वैज्ञानिक जस्ता सम्पूर्ण पक्षलाई सन्तुलित रूपले अघि बढाउन दक्ष जनशक्तिको उत्पादन तथा उत्पादित जनशक्तिलाई काममा लगाउने व्यवस्था गर्न सक्नु पर्दछ । जनशक्ति विकास र परिचालनको मुख्य आधार शिक्षा हो । जनशक्ति विकासका लागि औपचारिक र अनौपचारिक शिक्षामार्फत रोजगार मूलक वा पेशागत शिक्षाले जनशक्ति परिचालन गर्न सहयोग पु-याउँदछ । यसर्थ, विकास र अर्थ व्यवस्थामा मानव सीप, दक्षता र क्षमतको महत्वपूर्ण स्थान हुन्छ, जुन शिक्षाको माध्यमबाट मात्र संभव हुन्छ । (शर्मा:२०६१:२९४)

शिक्षालाई मानवीय स्रोतका विकासका लागि लिन सकिन्छ । किनभने सम्पूर्ण मानिसहरू आआफ्नो समस्या समाधानको लागि सक्रिय रहन्छन् । आफूभित्र रहेका अन्तरनिहित प्रतिभा, सीप एवं अभिवृत्तिको आधारमा उनीहरू आफ्नो मानवीय स्रोत विकासमा ध्यान दिएका हुन्छन् । त्यसैले स्रोत भन्नाले असल नागरिकहरूको उत्पादन गर्नु राष्ट्र समाज निर्माणको निमित्त पूर्वतयारी पार्नु हो । मानवीय स्रोत विकासका सन्दर्भमा हर्विन्सन र मेयरले लेखेका छन् ‘स्रोत विकास भनेको व्यक्तिको सीप र दक्षताको विकास गर्नु हो भने राजनीतिमा यसलाई राजनैतिक क्रियाकलापको तयारी पार्नु अर्थशास्त्रमा मानवीय पूँजीको निर्माण र आर्थिक विकास गर्नु हो ।’ (पण्डित : २०५५ : १८)

विकासको निम्ति शिक्षा अपरिहार्य छ । शिक्षामा लगानी गर्नु भनेको राष्ट्रको विकासको पक्ष हो । देशलाई विकासको पक्षमा लैजानका लागि शिक्षामा लगानी गरेर त्यसबाट उत्पादित जनशक्तिले आवश्यक स्रोतहरूको तथा विभिन्न प्रविधिहरूको प्रयोग गरेर देशको भविष्य निर्माण कार्यमा लैजानु हो । त्यसैले शिक्षामा लगानी गर्नु भनेको त्यस देशको भविष्य निर्माणको लागि आवश्यक जनशक्तिको उत्पादन गर्नु हो । आज हरेक देशमा गरीब, भोका, नाङ्गा जनताहरूको समस्या समाधानको सबैभन्दा राम्रो उपाय शिक्षामा लगानी गर्नु हो । (पण्डित : २०५५:१८)

### २.४.१ कुमाल जातिका बारेमा नेपालमा भएका केही अध्ययनहरूको सिहावलोकन

विभिन्न जातजातिहरुको सुनौलो फूलबारी नेपालको एउटा मौलिक जातीय फूल कुमाल हो । नेपालमा कुमाल समुदायको आर्थिक, सामाजिक, सास्कृतिक तथा धार्मिक पक्षमा केन्द्रित रही सूक्ष्म रूपले गरिएका अध्ययन अनुसन्धान तथा प्रकाशनको अत्यन्त अभाव रहेको छ तापनि यस समुदायँग सम्बन्धित केही अध्ययन तथा प्रकाशन निम्न अनुसार छन् ।

डोर बहादुर विष्टद्वारा लिखित साझा प्रकाशनबाट वि.सं. २०३० मा प्रकाशित पुस्तक 'सबै जातको फूलबारी' मा विभिन्न जातजातिहरुका बारेमा अध्ययन गरेको पाइन्छ । यस पुस्तकमा लेखकले कुमाल समुदायको बारेमा विस्तृत रुपमा समेट्न नसकेपनि यस समुदायलाई माटाका भाँडा बनाउने जातका रूपमा उल्लेख गरेको पाइन्छ ।

इन्दिरा शर्मा पौड्यालद्वारा वि.स. २०४३ मा प्रकाशन गरिएको हीरामणि शर्मा पौड्यालद्वारा लिखित 'कुमाल भाषाको अध्ययन' नामक पुस्तकमा कुमाल समुदायको सामाजिक, आर्थिक र सास्कृतिक पक्षको बारेमा अध्ययन गरिएको छ । यस पुस्तकमा लेखकले विशेषगरी कुमाल जातिका सामाजिक सास्कृतिक परम्पराहरूको उल्लेख गरेर कुमाल जातिका संस्कारहरूको प्रकाश पारी कुमाल भाषाका भाषिक संरचना - शैली तथा व्याकरणात्मक स्वरूपका आधारमा कुमाल भाषाको स्वतन्त्र अस्तित्व खोजी गर्ने तथा वास्तविक स्वरूपको पहिचान गर्ने प्रयास गरेको पाइन्छ ।

तनहूँ विद्यार्थी समाज, विश्वविद्यालय क्याम्पस, कीर्तिपुरद्वारा वि.सं. २०६६ मा प्रकाशित 'तनहूँ सन्देश' नामक स्मारिकामा डा. ईश्वरचन्द्र वाग्लेको लेख 'तनहुँ दमौलीका विभिन्न जातिको साँस्कृतिक अवस्था' मा कुमाल समुदायको जातीय परिचय, भेष-भूषा तथा रहनसहन तथा चाडपर्वहरूका वारेमा चर्चा गरिएको छ । यस पुस्तकमा कुमाल जातिका थरहरू खत्री, ठिन्ठिने खत्री, वगाले, पोलेङे, मधिरो, भन्सारी, पोखेली आदि रहेका र प्रायजसो कुमाल जातिको थर जुन ठाँउबाट वसाँई सरी आएका हुन्छन् त्यही ठाँउको नाम नै थरको रूपमा रहेको पाइन्छ । यस्तै कुमालहरू कृषि कार्य गर्ने गरेको र धेरैजसो कुमालहरू आफ्नो खेतवारी नभएका कारण सन्पन्न व्यक्तिहरुको अधियाँ गर्ने गरेको उल्लेख गरिएको छ ।

नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरद्वारा प्रकाशित डा.डिल्लीराम दाहालद्धारा सम्पादित 'नेपालका केही पिछडिएका जातिहरुको सामाजिक-आर्थिक अध्ययन' मा मदनकुमार रिमालद्वारा गरिएको अनुसन्धान 'कुमाल जातिको अध्ययन' मा मुख्यतया चितवन, नवलपरासी र पाल्पा जिल्लाका केही गाउँहरूमा केन्द्रित भएर अध्ययन गरिएको छ । यस अध्ययनमा कुमालहरुको सामाजिक बनौट, घर निर्माण प्रक्रिया वा बसोबासको तरिका, उनीहरुको धार्मिक विश्वास, सास्कृतिक मूल्य र मान्यता, आर्थिक अवस्थाको अध्ययन गरिनुका साथै सरकारी वा गैर सरकारी स्तरबाट उनीहरूको विकासलाई चाहिने साधन र स्रोतको आवश्यकतालाई पनि अध्ययन गरिएको छ । साथै उनीहरूबाट उपयोग गरिने प्राकृतिक साधन र स्रोतलाई पनि विशेष रूपमा अध्ययनमा समावेश गरीएको पाइन्छ ।

नारायण गिरीले वि.स. २०५९ मा वाग्लुङ्ग जिल्लाको दंगा तम्डाँडा गा.वि.स. वडा नं ७ का कुमाल जातिमा आधारित रहेर तयार गरेको 'कुमाल जातिको सामाजिक, साँस्कृतिक एंव आर्थिक स्थिति' नामको शोधपत्रमा कुमाल समुदायको उत्पत्ति, सामाजिक संरचना, सास्कृतिक परिवेश, आर्थिक क्रियाकलाप आदिमा केन्द्रिकृत अध्ययन गरिएको छ । जसमा कुमाल समुदायलाई कृषि, ज्याला, मजदुरी गर्ने तथा माटाका भाडाँकुँडा बनाउने एउटा पिछडिएको जातिका रूपमा चर्चा गरिएको छ । कुमाल परिवारसँग आफ्नो खेतीयोग्य जमिन नभएको र भएकासँग पनि ज्यादै कम भएका कारण अरूका खेतवारीमा हलो जोत्ने, खन्ने, बाली लगाउने तथा काट्ने जस्ता काम गर्न यिनीहरू वाध्य छन् । शिक्षित एंव दक्ष नभएका कारण उद्योगधन्दा तथा सरकारी सेवामा यिनीहरूको न्यून उपस्थिति रहेको र गरीब भएका कारण व्यापारिक क्षेत्रमा पनि यिनीहरूको प्रवेश हुन नसकेको कुरा उल्लेख गरिएको पाइन्छ ।

अनिता बस्याल (के. सी.) ले २०५७ सालमा तयार गरेको 'वलेवाङ्ग गाउँका कुमाल जातिको सामाजिक आर्थिक अवस्था' नामक शोधपत्रमा कुमालहरू शिक्षा र चेतनाको अभावका कारण परम्परागत सोचाइ र धारणाबाट ग्रसित भएका र आधारभूत आवश्यकताहरू परिपूर्ति गर्न पनि यिनीहरूलाई मुस्किल परेको उल्लेख गरिएको छ । यस्तै दाउरा, माटो, तथा आर्थिक समस्या, पुर्खाको पेशाबाट घर खर्च नचल्नु, बिक्रीका लागि बजारको व्यवस्था नहुनु, कामका लागि युवाहरू विदेशतिर लाग्नु आदि कारणले जातीय पेशा दोस्रो पिंढीमा हस्तान्तरणमा समस्या परेको उल्लेख गरिएको छ ।

'कुमाल जातिको सामाजिक, सास्कृतिक तथा आर्थिक अवस्था' नामक रामचन्द्र पाण्डेद्वारा २०६१ सालमा प्रस्तुत गरिएको नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. ६ महारानी डिहीमा आधारित शोधपत्रमा शैक्षिक स्तर कमजोर रहेको र अध्ययन क्षेत्रका सवै कुमालहरूको जग्गा रहेको तर पर्याप्त नहुनाले यिनीहरूले अधिया खेती गर्ने गरेको उल्लेख गरिएको छ । परम्परागत पेशा समयको परिवर्तन संगै झन्डै लोप भइसकेको र कुमालहरूको ज्याला मजदूरीतर्फ वढेको देखिन्छ । यहाँका कुमालहरू कृषि व्यवसायका अतिरिक्त माछा मार्ने तथा पशुपालन गर्ने र आफ्नो आम्दानीबाट नधान्ने खर्चलाई उनीहरू ऋण सापटीको माध्यमबाट पूर्ति गर्ने गरेको देखिन्छ ।

रुक्मणि पौडेलले तनहूँ जिल्लामा आधार मानी तयार गरेको 'तनहूँका कुमाल जाति र कुमाल भाषाको अध्ययन' शीर्षकको शोधपत्र २०६५ मा कुमाल जाति र कुमाल भाषालाई भोजपुरी भाषाको शब्द भण्डारसँग धैरै समानता देखिएको हुनाले यस भाषालाई भारोपेली भाषा परिवारभित्र राख्नुपर्ने तर्क राखिएको र कुमालहरू पाँच सात कक्षा पढेपछि रोजीरोटी र

रोजगारीको खोजीमा यत्रतत्र लाग्ने प्रवृत्ति, निम्न आर्थिक अवस्था र जीविकोपार्जनका लागि संघर्ष गर्नुपर्ने बाध्यताका कारण यिनीहरूको ज्ञानविज्ञान र चेतनाको विकास अवरुद्ध हुनपुगेको देखिएको छ ।


### २.५ अवधारणागत तथा सैद्धान्तिक ढाँचा

प्रत्येक समाजमा प्रत्येक पक्ष एक साधारण अवस्थाबाट जटिल अवस्थामा रूपान्तरण हुने प्रक्रिया स्वाभाविक प्रक्रिया हो । प्रत्येक समाज परिवर्तन र विकसित हुदै अगाडि बढेको हुन्छ । यसर्थ समाजको परिवर्तनशीलता सधै आधुनिकतातर्फ उन्मुख हुन्छ । यस प्रक्रियामा समाज भित्रका आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, भौतिक, धार्मिक, प्राविधिक तथा मानवीय मनोवृत्ति जस्ता पक्षहरूमा सकरात्मक परिवर्तन हुने गर्दछ ।

वर्तमान युगमा आधुनिकीकरणको प्रक्रियकाको परिवर्तन र विकासमा एक महत्वपूर्ण स्थान रहेको छ । आधुनिकीकरणको माध्ययमबाट व्यक्ति, समूह र समाजमा विश्वलाई हेर्ने एक नयाँ दृष्टिकोण वा परिपेक्षको जन्म भएको छ । यस नयाँ दृष्टिकोण र परिपेक्षको विज्ञान र प्रविधिको उपलब्धिसँगै अत्यन्तै घनिष्ट रूपमा सम्वन्ध छ । यसले परम्परागत समाजलाई प्रबल रूपमा प्रभावित गर्दछ । यसको परिणाम स्वरूप सामाजिक परिवर्तनको प्रक्रियामा तीव्रता आएको छ । व्यक्तिको स्वतन्त्रता, पारस्परिकता र दक्षतामा अभिवृद्धि भएको छ र कल्याण तथा विकासका क्षेत्रमा नयाँ सम्भावनाहरू सामुन्ने आएका छन् । यस प्रक्रियाले धर्म निरपेक्षीकरण, औद्योगिकीकरण र अन्ततः शहरीकरणमा पनि प्रोत्साहन दिएको छ, सुदृढता प्रदान गरेको छ । समकालीन युगमा तेस्रो विश्वमा विकासशील देश आधुनिकीकरणप्रति प्रबल रूपमा आकर्षित र यस प्रक्रियाबाट घनिष्ट रूपमा प्रभावित देखिएका छन् । (गौतम : २०६२ : ५५)

यसरी समाजमा आउने परिवर्तनसँगै कुमाल समुदायले आफ्नो पुर्ख्यौली पेशालाई पनि आधुनिकीकरण तथा व्यवसायीकरण गर्न नसक्नु, कृषि व्यवसायमा विकास भएका नयाँ प्रणाली प्रति ज्ञान र प्रयोगको अभाव, उचित शिक्षा आर्जन गर्न लगानी तथा समर्पणको अभाव, आधुनिक जागरण तथा चेतनाको अभाव, परम्परागत रुढिवादीगत जीवनपद्धति, सामाजिक संरचना आदिका कारण हाल भइरहेका परिवर्तनहरूले कुमाल समुदायमा अवसरहरूको सिर्जना गर्न सकेको छैन । जसलाई निम्न चित्रमा देखाइएको छ ।

तालिका नं २.१




समाज सामाजिक अन्तरसम्वन्धको जालो हो । समाजमा बसोबास गर्ने मानिसहरूका व्यवहार, आचरण, संस्कार, चालचलन आदि विद्यमान सामाजिक, सास्कृतिक तथा आर्थिक तत्वहरूले प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पारिराखेको हुन्छ । समाजका सामाजिक तत्व अन्तर्गत शैक्षिक स्थिति, वैवाहिक स्थिति, शैक्षिक स्तर, जनसाङख्यिक अवस्था, सामाजिक संगठन, सामाजिक व्यवस्था, सामाजिक घटना आदि पर्दछन् । यस्तै सास्कृतिक तत्व अन्तर्गत प्रथा, चाडपर्व, लवाइखुवाइ, धर्म, पोशाक, बसोबास, भाषा आदि पर्दछन् । यसरी नै आर्थिक तत्व अन्तर्गत भू-स्वामित्व, परिवारको आकार, सक्रिय र आश्रित जनसङख्या, पेशा, सम्पत्ति, उत्पादन प्रणाली, पशुपालन आदि पर्दछन् । उक्त सामाजिक, सास्कृतिक तथा आर्थिक तत्वहरूको विस्तृत चर्चा पछाडिका अध्ययनहरूमा गरिएको छ ।

# अध्याय : तीन

# अनुसन्धान पद्धति

जुनसुकै विषयको अध्ययन सम्पन्न गर्नको लागि विभिन्न किसिमको अनुसन्धानको चरणहरु प्रयोग गर्नुको साथै वास्तविकतालाई पहिल्याउनु पर्ने हुन्छ । यदि त्यसो गरिएन भने अनुससन्धानले पुर्णता नपाउन सक्छ । त्यसैले यस अध्ययनमा अध्ययनको क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कको प्रकृति र श्रोतको नमुना सर्वेक्षण, तथ्याङ्क संकलनका विधिहरु र तथ्याङ्क विश्लेषणका विधिहरु छलफल गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनौटको औचित्य

हिमालय पर्वतमालाहरूको काखमा अवस्थित विविधतामा आधारित लोकतान्त्रिक गणतन्त्र नेपालको नवलपरासी, गोरखा, तनहूँ, लम्जुङ्ग, स्याङजा, पर्वत, गुल्मी, पाल्पा आदि लगायतका ७० भन्दा धेरै जिल्लाहरूमा छरिएर बसोबास गरेका कुमाल समुदायको तनहूँ जिल्लाको आबुँखैरनी, अरुणोदय, वन्दीपुर, भानु, भिमाद, छाङ्ग, ढोरफिर्दी, गजरकोट, जामुनेभन्ज्याङ, खैरेनीटार, क्यामिन, माझकोट, मनपाङ्ग, पोखरीभन्ज्याङ, पुर्कोट, रामजाकोट, रूपाकोट, सावुङभगवतीपुर, स्याम्घा, घिरिङ, तनहूँसुर गा.वि.सहरूका साथै व्यास नगरपालिकामा बसोबास रहेको पाइन्छ । यी विभिन्न स्थानहरूमध्ये खैरेनीटार गा.वि.सको वडा नं ८ मा कुमाल समुदायको पुरानो बस्ती रहेको छ । हालसम्म यहाँका कुमालहरूको बारेमा समाजशास्त्रीय दृष्टिबाट अध्ययन अनुसन्धान नभएकाले यहाँका कुमाल जातिको सामजिक, सास्कृतिक तथा आर्थिक अवस्थाको समाजशास्त्रीय अध्ययन गर्न खैरेनीटार-८, खैरेनीटारलाई शोध क्षेत्र छनौट गरिएको छ ।

## ३.२ अनुसन्धान योजना

यस अध्ययनको क्षेत्र खैरेनीटार गा.वि.स वडा नं ८ अन्तर्गत रहेका जम्मा ३५७ घर धुरीमध्ये कुमाल जातिको ९३ घर धुरी (खैरेनीटार गा.वि.सको पार्श्व चित्र, २०६३ : ५) रहेका छन् । प्रस्तुत शोधपत्रलाई विश्वसनीय बनाउनका लागि समग्रको सबै एकाइबाट तथ्याङ्क संकलन गर्न जनगणना विधि प्रयोग गरिएको छ ।

### ३.३ अनुसन्धान ढाँचा

यो शोध पत्र तयार गर्नका लागि वर्णनात्मक र अन्वेषणात्मक दुवै विधि प्रयोग गरिएको छ । यस शोध कार्यको उद्देश्य खैरेनीटार गा.वि.स वडा नं ८ मा बसोबास गर्ने कुमाल समुदायको सामाजिक, सास्कृतिक र आर्थिक अवस्थाको अध्ययनलाई विभिन्न साहित्य अध्ययन र स्थलगत अध्ययनका आधारमा वर्णनात्मक रूपमा प्रस्तुत गरिएको छ । साथै शोध क्षेत्रमा बसोबास गर्ने कुमाल समुदायले सञ्चालन गरेका प्रचलित आर्थिक क्रियाकलापहरू प्रत्यक्ष अवलोकन गरी शोध उद्देश्य प्राप्त गरिने भएकाले अन्वेषणात्मक ढाँचा पनि यस अनुसन्धानमा प्रयोग गरिएको छ ।

### ३.४ जनसङ्ख्या र नमूना

अध्ययन क्षेत्र खैरेनीटार गा.वि.स. वडा नं ८ मा रहेको कुमालहरूको ७६ घर धुरी ( खैरेनीटार गा.वि.स.को पार्श्व चित्र, २०६३ : ५) शोधको समग्र एकाइ रहेको छ । उक्त समग्र एकाइमा जनगणना विधि प्रयोग गरी आवश्यक तथ्याङ्क संकलन र विश्लेषण गरिएको छ ।

### ३.५ तथ्याङ्कको स्रोत र प्रकृति

यस शोध कार्यमा प्रयोग गरिएका तथ्याङ्क, सूचना, जानकारीहरू निम्न स्रोत तथा प्रविधिबाट संकलन गरिएको छ ।

### ३.५.१ प्राथमिक स्रोत

यस अध्ययनमा प्राथमिक स्रोतको रूपमा शोधपत्रको अवलोकन, प्रश्नावली, घरधुरी संर्वेक्षण तथा मुख्य मुख्य जानिफकारसँगको अन्तरवार्ता जस्ता तथ्याङ्क संकलनका विधि प्रयोग गरिएको छ ।

### ३.५.१.१ अवलोकन

खैरेनीटार-८, खैरेनीटारका कुमाल जातिको आर्थिका उपार्जनका कार्य, पेशागत कार्य तथा संलग्नता, पशुपालन, पारिवारिक व्यवहार, रहनसहनजस्ता पक्षसँग सम्वन्धित तथ्याङ्क सङकलन गर्नका लागि प्रत्यक्ष अवलोकन विधि प्रयोग गरिएको छ ।

### ३.५.१.२ प्रश्नावली अनुसूचि

कुमाल जातिको सामाजिक, आर्थिक तथा सास्कृतिक पक्षसँग सम्वन्धित तथ्याङ्कहरू संकलन गर्न शोध कर्ताले निर्माण गरेको प्रश्नावलीको माध्यम अपनाइएको छ । प्रश्नावलीमार्फत आवश्यक तथ्याङ्क संकलन गर्नका लागि शोध क्षेत्रका सम्पूर्ण घर धुरीमा शोधकर्ता स्वयः तथा निजले तोकेका व्यक्तिहरूले प्रश्नावलीको सूचि भर्ने कार्य गरिएको छ ।

### ३.५.१.३ जनगणना विधि

खैरेनीटार-८ का जम्मा २५७ घरधुरीमध्ये कुमाल जातिको ७६ घरधुरीको शैक्षिक, लैङ्गिक, वैवाहिक, पेशागत, सास्कृतिक तथा जनसाङख्किक तथ्याङ्क संकलन गर्नका लागि शोधार्थी वा निजले तोकेका व्यक्तिहरू शोधक्षेत्रका सम्पूर्ण कुमाल जातिको घर धुरीमा पुगी जनगणना विधिद्वारा घर धुरी सर्वेक्षण फारम सम्वन्धित व्यक्तिहरूसँग सोधपुछ गरी भरेर तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.१.४ विशेष जानिफकारसँगको अन्तर्वार्ता

कुमाल जाति तथा समुदायको आर्थिक क्रियाकलाप, पेशा, संस्कार, चाहाना, आवश्यकता तथा धारणा पत्ता लगाउनका लागि यस शोध कार्यमा अन्तर्वार्ता विधि पनि प्रयोग गरिएको छ । शोधपत्रले राखेका उद्देश्यहरू परिपूर्ति गर्नका लागि तथा शोधकार्यलाई विश्वसनीय बनाउनका लागि शोध क्षेत्रका कुमाल जातिहरूमध्ये आवश्यकताअनुसार वृद्ध, राजनीतिक कार्यकर्ता, समाजसेवी, विद्यार्थी आदिसँग प्रत्यक्ष अन्तरर्वार्ताद्वारा तथ्याङ्कहरू संकलन गरिएको छ ।

### ३.५.२ द्वितीय स्रोत

कुमाल समुदायका परम्परागत पेशामा आएका परिवर्तनका बारेमा गरिएको यस अनुसन्धानलाई पूर्णता दिन स्थलगत कार्य र प्राथमिक स्रोतका तथ्याङ्कहरुले मात्र वैधता दिन नसक्ने भएको हुनाले शोधपत्रको आवश्यकताअनुसार तथ्याङ्कका द्वितीय स्रोतहरू पनि प्रयोग गरिएको छ । यस कार्यका लागि केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित तथ्याङ्कहरू, जिल्ला विकास समिति तनहूँका प्रकाशनहरू, खैरेनीटार गा.वि.स.का अभिलेखहरू तथा शोधसँग सम्वन्धित लेख, रचना, जर्नल, पुस्तक, पत्रपत्रिका आदि जस्ता तथ्याङ्कका स्रोतहरूबाट तथ्याङ्क र सूचनाहरू संकलन गरी आवश्यकता अनुसार प्रयोग गरिएको छ ।

## ३.६ पूर्व परीक्षण

प्रस्तुत शोधमा संलग्न भएका सम्पूर्ण तथ्याङ्क तथा तथ्यहरूलाई वस्तुनिष्ठ, वैध तथा विश्वसनीय बनाइ खैरेनीटार गा.वि.स वडा नं ८ का कुमाल समुदायको वास्तविकतालाई यस अनुसन्धानले प्रतिनिधित्व गरेको छ । यस अनुसन्धानलाई यथार्थ र सत्य बनाउनका लागि अनुसन्धानकर्ताले यसमा प्रयोग गरेको प्रश्नावली अनुसूचिलाई ढोरफिर्दी गा.वि.स. वडा नं ३ को वेलडाँडा र डहरेमा बसोबास गर्ने कुमाल समुदायमा पूर्व परीक्षण गरी अप्ठ्यारा र उत्तर नआउने प्रश्नहरुलाई परिमार्जन गरेर तथा हटाएर प्रश्नावलीको सूचि सरल बनाइएको छ । यसर्थ, यसमा समावेश भएका सम्पूर्ण प्रश्नहरू सरल र सहज भएकाले प्राप्त हुने उत्तर पूर्ण रूपमा सत्य र वस्तुनिष्ट रहेकाले शोधपत्रले उठान गरेका विषय पनि विश्वसनीय रहेका छन् ।

## ३.७ वैधता र विश्वसनीयता

यस अनुसन्धान कार्यमा शोधको उद्देश्य अनुरूप अनुसन्धानकर्ता स्वयं शोधक्षेत्रका प्रत्येक घर धुरीमा पुगी आवश्यक तथ्याङ्कहरू निर्दिष्ट तरिकाबाट शुद्ध र उपयुक्त किसिमले संकलन गरिएको छ । यस अनुसन्धानमा संलग्न तथा समावेश गरिएका सम्पूर्ण तथ्यहरू वैध र विश्वसनीय छन् किनकि यस अनुसन्धानमा जनगणना विधि प्रयोग गरी शोध क्षेत्रका सम्पूर्ण ७६ घर धुरी कुमालहरुको घरमा पुगी प्रश्नावली अनुसूचिमार्फत तथ्याङ्क संकलन गर्ने कार्य गरिएको छ । साथै यस शोधमा प्रयोग गरिएका प्रश्नावली अनुसूचि सम्बन्धित शोधक्षेत्रमा प्रयोग गर्नु पूर्व नै पूर्व परीक्षण गरी परिमार्जन गरिएको छ । यसर्थ, यस शोधमा उठान गरिएका विषयवस्तु त्रुटिरहित अर्थात यथार्थ भएकाले यसबाट निकालिएको निष्कर्ष औचित्यपूर्ण छन् जसले समग्र शोधपत्रको वैधता र विश्वसनीयताको दरिलो आधारशीला निर्माण गरेको छ ।

## ३.८ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरणको पद्धति

अनुसन्धानका क्रममा विभिन्न माध्यमबाट विज्ञानसम्वत प्रविधिहरु प्रयोग गरी समग्रवाट संकलित तथ्याङ्कलाई प्रभावकारी र अर्थप्रद बनाई शोध समस्याको समाधान र निष्कर्ष निकाल्न सकिन्छ । तसर्थ, कुमाल जातिको शैक्षिक, आर्थिक, सास्कृतिक, पेशागत, जनसाङख्यिक, वैवाहिक आदि पक्षको अध्ययनका संकलित तथ्याङ्कहरूलाई सावधानीपूर्वक सम्पादन, परीक्षण, सांकेतीकरण, वर्गीकरण एवं तालिकाबद्ध गरी प्रस्तुतीकरण गरिएको छ । तथ्याङ्कको प्रस्तुतीकरणमा वर्णनात्मक पक्षमा जोड दिइएको भए तापनि तालिकाबद्ध गरिएका सङख्यात्मक तथ्याङ्कहरूलाई आवश्यकताअनुसार विश्लेषण गरिएको छ ।

# अध्याय : चार

# अध्ययन क्षेत्रको परिचय

### ४.१ भौगोलिक अवस्थिति

गण्डकी अञ्चल, तनहूँ जिल्लाको सदरमुकाम दमौलीदेखि २१ किलो मिटर पश्चिममा पर्ने खैरेनीटार गा.वि.स. पहाड, भीरपाखा, बेसी, समथर जमिन मिलेर बनेको छ । यस गा.वि.स.को पूर्वमा मनपाङ्ग, पश्चिममा ढोरफिर्दी, उत्तरमा दुलेगौंडा तथा थप्रेक र दक्षिणमा छाङ्ग गा.वि.स. पर्दछन् । राजनैतिक विभाजनका हिसाबले जिल्लाको संसदीय निर्वाचन क्षेत्र नं ३ को इलाका नं १२ अन्तर्गत रहेको यस गा.वि.स. का ९ वडा ४१ वटा बस्तीहरूमा विभाजित रहेको छ । यस गा.वि.स.को भु-वनौटको दृष्टिकोणले सवभन्दा अग्लो भू-भाग स्थानथोक डाँडा रहेको छ भने सबभन्दा होचो भू-भाग सेराटार बजार रहेको छ ।

### २ सामाजिक अवस्था

### ४.२.१ धर्म

यस गा.वि.स.का अधिकांश मानिसहरूले हिन्दु धर्म मान्दछन् भने गुरुङ्ग, मगर र थकाली जातिले वौद्ध धर्म मान्दछन् । बजार क्षेत्रभित्र केही मानिसहरूले क्रिश्चियन धर्म पनि मानेका छन् ।

### ४.२.२ जातजाति

यस गा.वि.स.बसोबास गर्ने मुख्य जातिहरूमा ब्राहमण, क्षत्री, गुरुङ्ग, मगर, कुमाल, कामी, दमाई, सार्की र सन्यासी जातिहरू रहेका छन् ।

### ४.२.३ मुख्य पेशा

यस गा.वि.स. का अधिकाशं मानिसहरूको मुख्य पेशा कृषि नै हो । कृषिको साथमा पशुपालन र फलफूल व्यवसायबाट पनि यहाँका मानिसहरूले जीविकोपार्जन गरेका छन । कृषिले मात्र जीविकोपार्जन नहुने हुँदा वैदेशिक रोजगारी, स्वदेशी रोजगारी तथा व्यापार व्यावसायमा यहाँका मानिसहरू संलग्न छन् ।

### ४.२.५ मुख्य चाडपर्व

यहाँका मानिसहरूले मान्ने मुख्य चाड पर्वहरुमा दशै, तिहार, जनैपूर्णिमा, माघे संक्रान्ति, ठूलो एकादशी, चैते दशै र गुरुङहरूले ल्होसर पर्व विभिन्न चालचलनका साथ मनाउँदछन् ।

### ४.३ आर्थिक अवस्था

यस गा.वि.स. का अधिकांश मानिसहरूको आर्थिक स्तर मध्यम खालको छ । यहाँको जमिन भिरालो पाखा र सुख्खा भएकाले अधिकांश जमिन जंगलले ढाकेको छ र खेतीयोग्य उर्वरा भूमि कम नै रहेको छ। त्यसैमा पनि सिंचाइ सुविधा नपुगेका ठाउँहरूमा उब्जनी कम हुन्छ।

खाद्यान्न पर्याप्तताको हिसाबले यस गा.वि.स. का ३० प्रतिशत घर परिवारहरू मात्र आत्मनिर्भर देखिन्छन् । यस्तै ४१ प्रतिशतलाई ६ महिना भन्दा कम खान पुग्ने, २२ प्रतिशतलाई ६ देखि ९ महिनासम्म खान पुग्ने र करिब ७ प्रतिशतलाई ९ देखि ११ महिनासम्म खाद्यान्न पर्याप्त हुने गरेको छ। (खैरेनीटार गा.वि.स. को पार्श्वचित्र:२०६३:५)

तालिका नं ४.२

खैरेनीटार गा.वि.स. का मानिसहरूको आम्दानीका स्रोतहरू

| क.स. | आयको प्रमुख स्रोत | घर सङख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | १०४१ | ६८ |
| २ | स्वदेशी नोकरी | २२६ | १५ |
| ३ | बैदेशिक रोजगार | १५६ | १० |
| ४ | व्यापार | ९० | ६ |
| ५ | ज्याला मजदुरी | ८ | १ |
| जम्मा | | १५२१ | १०० |

स्रोत : खैरेनीटार गा.वि.स. को पार्श्वचित्र,२०७२

तालिका नं ४.२ अनुसार यहाँका अधिकांश अर्थात ६८ प्रतिशत मानिसहरूको आम्दानीको स्रोत कृषि रहेको छ भने स्वदेशी नोकरी, वैदेशिक रोजगार, व्यापार, ज्याला मजदुरीमा क्रमश : १५, १०, ६, र १ प्रतिशत मानिस संलग्न भएको पाइन्छ।

### ४.४ यातायात

यस गा.वि.स. लाई पृथ्वीराजमार्गले बीचबाट काटेर गएको हुनाले यातायात सुविधा उपलब्ध भएको र यसको दुवै किनारातिर बजार बिस्तार भइरहेको छ । खैरेनीटारबाट विभिन्न बस्ती हुँदै छिमेकी गा.वि.स., भिमाद, मनपाङ र दुलेगौंडासम्म जोड्ने कच्ची मोटर मार्गहरु रूको विस्तार भइरहेको छ । खैरेनीटार गा.वि.स. का जनतालाई प्रत्यक्ष लाभ पु-याउने उद्देश्यले विगत १०-१५ वर्ष अगाडिदेखि नै बाटोघाटो विस्तार गर्ने कार्यमा यहाँका जनताहरू

लागिरहेका छन् तापनि स्थानीय स्रोत साधन, आवश्यक जनशक्ति, पर्याप्त अर्थतन्त्र आदिको अभावका कारणले उक्त कार्यहरू सफल हुन सकिरहेका छैनन् ।

### ४.५ शिक्षा

व्यक्ति भित्र रहेको प्रतिभाको विकास गर्ने र आफ्नो आवश्यकता पूर्ति गर्ने जीवन पर्यन्त प्रक्रिया नै शिक्षा हो । यसर्थ शिक्षा प्रदान गर्नका लागि यस गा. वि.स. मा निम्न शैक्षिक संस्थाहरू संचालनमा रहेका छन् ।

तालिका नं ४.३

शैक्षिक संस्थाहरू

| सामुदायिक | | संस्थागत | |
|---|---|---|---|
| तह | सङख्या | तह | संख्या |
| प्रा.वि. | ८ | नि.मा.वि | १ |
| नि.मा.वि | - | मा.वि | २ |
| मा.वि | २ | उ.मा.वि | २ |
| उ.मा.वि | १ | | |
| जम्मा | ११ | जम्मा | ५ |

स्रोत : खैरेनीटार गा.वि.स. को पार्श्वचित्र, २०७२

यस गा.वि.स. मा तालिका नं ४.३ अनुसार सामुदायिकतर्फ प्रा.वि.र मा.वि. २ र उ. मा.वि २ संचालनमा रहेका छन् भने संस्थागततर्फ नि.मा.वि १, मा.वि.२ र उ.मा.वि २ संचालनमा रहेका छन् ।

# अध्याय : पाँच

# सामाजिक तथा शैक्षिक अवस्था

## ५.१ शोध क्षेत्रका कुमाल जातिको उमेर समूह र लिङ्गअनुसार जनसङख्याको अवस्था

कुनै पनि गाउँ, सहर, जिल्ला, क्षेत्र, देश वा तोकिएको निश्चित ठाउँ र समयमा बसोबास गर्ने सम्पूर्ण मानिसको सङख्यालाई जनसङख्या भनिन्छ । यस्तै आ-आफ्नो जातीय, सामाजिक तथा सास्कृतिक मूल्य र मान्यताअनुसार सङ्गठित रूपबाट आबद्ध जनसमूहलाई जनसङख्या भनिन्छ । जनसङख्या विभिन्न उमेर समूहका मानिसहरूको सङख्याबाट बनेको हुन्छ र यसबाट आर्थिक रूपले सक्रिय तथा आश्रित जनसङख्याको संरचना तथा आकार थाहा पाउन सकिन्छ ।

## ५.२ परिवारको आकार

एउटै छानामुनि बसोबास गर्ने र एउटै भान्सामा खाना खाने बावु आमा, छोराछोरी, बुहारी, नातिनातिनाहरूको समूहलाई परिवार भनिन्छ । वैवाहिक सम्बन्ध तथा रक्तसम्बन्धबाट नाता जोडिएका सदस्यहरूको समूह नै परिवार हो । घर परिवार समाजको पहिलो संगठित आधारभूत एकाइ हो जहाँ फरक लिङ्ग र उमेरका व्यक्तिहरू परस्परमा आत्मीय संम्वन्ध राखी वंशगत सानो समूहमा संगठित भएर बस्दछन् । मानिस परिवारमा जन्मिन्छ, परिवारमै हुर्किन्छ र परिवारमै जीवनयापन गरी एक व्यक्तिबाट अर्को व्यक्तिको माया, ममता, प्रेम र सहयोग प्राप्त गर्दछ ।

नेपाल क्षेत्रफलका आधारमा सानो भएर पनि धेरै थरिका धर्म मान्ने मानिसहरूको बसोबास स्थल हो । यहाँ सबै धर्मका बीचमा एकता र सहिष्णुता कायम रहेको पाइन्छ । प्राचीनकालदेखि नै नेपाल हिन्दु राष्ट्र भएकाले यहाँका बहुसङख्यक जनसङख्या हिन्दु धर्मावलम्बी छन् । वि.सं. २०५८ को राष्ट्रिय जनगणनाअनुसार ८१.३ प्रतिशत मानिसहरू हिन्दू धर्म मान्दछन् । (केन्द्रीय तथ्याङ्क विभाग २०६८) हिन्दू धर्म मान्नेहरूमा संयुक्त परिवार प्रथा धेरै पुरानो आदर्श रहि आएको छ । यसमा पनि आर्थिक, सामाजिक, नैतिक तथा धार्मिक पक्षहरूले प्रभाव पारेको पाइन्छ । नेपालमा पनि प्राचीन समयदेखि नै संयुक्त परिवार प्रथा रहेको पाइन्छ । तर आजभोलि पश्चिमी संस्कृतिको प्रभाव समाजमा बढ्दै गएकाले संयुक्त परिवारको ठाउँमा मानिसहरूले एकात्मक परिवारलाई महत्व दिएको पाइन्छ । यसरी नै शोध क्षेत्रका कुमालहरूको

परिवारप्रतिको धारणामा पनि क्रमश : परिवर्तन आएको पाइन्छ । केही वर्षअगाडिसम्म कुमालहरू संयुक्त र ठूलो परिवारमा बस्न मन पराउँथे र यसैमा आफ्नो र परिवारको आर्थिक पक्ष र सामाजिक प्रतिष्ठा उच्च रहेको ठान्दथे भने अहिले आएर कुमाल जातिमा एकल परिवारको सङ्ख्या बढ्दै गएको छ । शोधक्षेत्र खैरेनीटार-८ का कुमाल समुदायको परिवारको आकार शोधक्षेत्रको स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कअनुसार निम्नअनुसार रहेको छ ।

तालिका नं ५.२

खैरेनीटार-८ का कुमाल समुदायको परिवारको प्रकार

| परिवारको किसिम | परिवार सङ्ख्या | परिवार प्रतिशत |
|---|---|---|
| एकल परिवार | ५४ | ७१.०५ |
| संयक्त परिवार | २२ | २८.९५ |
| जम्मा | ७६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

तालिका नं ५.२ अनुसार खैरेनीटार-८ का कुमाल समुदायमा एकल परिवारको सङ्ख्या ५४ रहेको छ, जुन कुल परिवार सङंख्याको ७१.०५ प्रतिशत हो । यस्तै शोध क्षेत्रमा संयुक्त परिवारको सङ्ख्या २२ र जम्मा परिवार सङ्ख्याको उक्त सङ्ख्या २८.९५ प्रतिशत हुने कुरा तालिका नं ५.२ ले देखाएको छ ।

**५.३ अध्ययन क्षेत्रका कुमालहरूको वैवाहिक स्थिति :**

वैवाहिक स्थिति भन्नाले विवाहयोग्य उमेरका पुरुष तथा महिलाहरूको विवाहित, अविवाहित तथा विधवा र विधुरको विद्यमान स्थितिलाई जनाउँदछ । सामाजिक परम्पराअनुसार दाम्पत्य जीवनमा बाधिएका पुरुष र महिलालाई विवाहित भनिन्छ भने दाम्पत्य जीवनमा संलग्न नभएका पुरुष तथा महिलालाई अविवाहित भनिन्छ । यस्तै श्रीमान्को मृत्यु भएका महिलालाई विधवा भनिन्छ भने श्रीमतीको मृत्यु भएका पुरुषलाई विधुर भनिन्छ ।

खैरेनीटार गा.वि.स. वडा नं ८, खैरेनीटारमा बसोबास गर्ने कुमालहरूको वैवाहिक स्थिति निम्नअनुसार रहेको छ ।

तालिका नं ५.३

खैरेनीटार- का कुमालहरूको वैवाहिक स्थिति (१४ वर्षभन्दा माथिको)

| वैवाहिक स्थिति | कुल जनसङ्ख्या | | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| विवाहित | २३० | ७३.९६ | ११९ | ५१.८४ | १११ | ४८.२६ | २३० | १०० |
| अविवाहित | ६० | १९.२९ | २१ | ३५ | ३९ | ६५ | ६० | १०० |
| विधवा/विधुर | २१ | ६.७५ | १४ | ६६.६७ | ७ | ३३.३३ | २१ | १०० |
| जम्मा | ३११ | १०० | १५४ | ४९.५२ | १५७ | ५०.४८ | ३११ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

तालिका नं ५.३ अनुसार खैरेनीटार-८, खैरेनीटारको कुमाल समुदायमा १४ वर्षभन्दा माथिको जनसङ्ख्यामा अविवाहितभन्दा विवाहित जनसङ्ख्या बढी छ । विवाहित जनसङ्ख्या २३० र कुल जनसङ्ख्याको ७३.९६ प्रतिशत रहेको छ भने अविवाहित जनसङ्ख्या ६० तथा कुल जनसङ्ख्याको १९.२९ प्रतिशत रहेको छ । यस्तै विधवा र विधुरहरूको जनसङ्ख्या २१ र कुल जनसङ्ख्याको ६.७५ प्रतिशत रहेको छ । यसरी नै लैङ्गिक रूपमा हेर्ने हो भने विवाहित तथा विधवा विधुरको जनसङ्ख्या पुरुषको तुलनामा महिलाको बढी रहेको छ भने अविवाहित जनसङ्ख्यामा महिलाको पुरुषको बढी रहेको पाइन्छ ।

**५.४ शैक्षिक स्थिति**

शिक्षा मानवको सम्पूर्ण व्यक्तित्वको विकास गर्ने एक साधन हो । शिक्षाको आधारमा मानिसले आफ्नो क्षमता र खूवीअनुसार सामाजिक जीवनमा मौलिक योगदान पुऱ्याउन सक्दछ । शिक्षाले नै न्याय र अन्याय, असल र खराब, सुमार्ग र कुमार्ग, ठीक र वेठीक आदिको पहिचान गरेर उपयुक्त दिशातर्फ व्यक्तिलाई निर्देशित गर्दछ । जीवनलाई सार्थक र सक्षम बनाउन नभई नहुने ज्ञानको ज्योति शिक्षा हो । शिक्षाको माध्यमबाट प्राप्त ज्ञान, सीप र अभिवृत्तिको सही

उपयोग गरेर मानिसले आफ्नो र आफ्ना परिवारका सदस्यहरूको जीवनस्तर उकास्न सक्दछ । यसर्थ शिक्षा मानव जीवनको अत्यन्त महत्वपूर्ण पक्ष हो । शिक्षाद्वारा मानवले आफ्नो समग्र विकास गरी जीवनमा पूर्णता प्राप्त गर्दछ ।

नेपालको परिप्रेक्षमा राज्यको शैक्षिक अवस्था कमजोर रहेको छ । वि.सं. २०५८ को राष्ट्रिय जनगणनाअनुसार नेपालको कुल जनसङख्याको ५३.७४ प्रतिशत जनतामात्र साक्षर छन् । यसमा पनि लैङ्गिक रूपले हेर्दा पुरुषको साक्षरता ६५.०८ प्रतिशत रहेको छ भने महिला साक्षरता ४२.४९ प्रतिशत मात्र रहेको छ । (केन्द्रीय तथ्याङ्क विभाग, २०५८) यसैमा पनि ग्रामीण साक्षरता प्रतिशत सहरी साक्षरता प्रतिशतको तुलनामा अत्यन्त न्यून छ । यस्तै ग्रामीण महिला साक्षरता तथा विपन्न, पिछडिएका, अल्पसङख्यक, उत्पीडित, सीमान्तकृत, दलित जातजातिहरूको साक्षरताको अवस्था अत्यन्त न्यून रहेको छ । यसको एउटा ज्वलन्त उदाहरणका रूपमा खैरेनीटार-८, खैरेनीटार का कुमाल जातिको शैक्षिक अवस्थालाई लिन सकिन्छ ।

## ५.६ कुमाल समुदायमा देखिएका सामाजिक परिवर्तनहरू

समाज परिवर्तनशील छ । शोध क्षेत्रमा पनि समयको अन्तराल सँगै विभिन्न सामाजिक परिवर्तनहरू आएको पाइन्छ । समाजको आधारभूत एर्का परिवार भएकाले समाजका विगतदेखि वर्तमानसम्म परिवारको स्वरूप अस्तित्वमा रहेको पाउन सकिन्छ । शोध क्षेत्रका कुमाल समुदायको पारिवारिक संरचना हेर्दा पहिले पहिले संयुक्त परिवार रहेकामा हाल कुमालहरू एकात्मक पारिवारिक संरचनातर्फ उन्मुख भइरहेको पाइयो । यस्तै लैङ्गिक रूपमा कुमालहरूले विभेद नगरीकन छोरीहरूलाई पनि छोरासरह विद्यालय पठाउने गरेको पाइयो ।

यस्तै अध्ययन क्षेत्रका कुमाल समुदायका घरको बनावटलाई हेर्दा प्रायः घरहरू रड, सिमेन्ट तथा कंक्रिट प्रयोग गरी ढलान गरेर बनाएका तथा केही घरहरू टिनको छाना हालेर बनाएको पाइयो । स्थानीय बयोवृद्ध बुद्धिबहादुर कुमालका भनाइ अनुसार अध्ययन क्षेत्रमा पहिले ढुङ्गा, माटोबाट बनेका खरको छानो राखेर बनाइएका घुमाउने तथा पूराना शैलीका घरहरू रहेको थिए तर हाल उक्त घरहरूको स्थान आधुनिक घरहरूले लिएका छन् ।

कुमालहरूको परम्परागत पोशाक पुरुषहरूको कम्मरमा कछाड, आस्कोट, शिरमा टोपी र कम्मरमा पटुका तथा महिलाहरूको कालो गुनिउँ, पटुका, चोलो र घलेक रहेकामा हाल आएर आधुनिकीकरणका कारण अध्ययन क्षेत्रका कुमाल पुरुषहरु टि-सर्ट, सर्ट, पाइन्ट, गलबन्दी, कोट,

ज्याकेट तथा महिलाहरु टि-सर्ट, पाइन्ट, सर्ट, फ्रक, चोलो, ब्लाउज, कुर्ता सुरुवाल प्रयोग गर्ने गरेको पाइयो । यस्तै बयोवृद्ध वीवा कुमालकाअनुसार पहिले सवै घरहरूमा खाना पकाउन दाउरा प्रयोग गरिन्थ्यो भने हाल धेरै घरहरूमा खाना पकाउन गोवर तथा सिलिन्डर ग्याँसको प्रयोग गरिन्छ ।

स्थानीय युवा राजनीतिज्ञ खिमबहादुर कुमालका भनाइ अनुसार केही वर्ष अगाडिसम्म यहाँका कुमालहरूमा राजनैतिक चेतनाको अभाव रहेकामा हाल जातीय अधिकार तथा उत्थानका लागि राजनीतिमा लाग्नुपर्ने चेतनाको विकास भएको छ । उहाँका भनाइ अनुसार कुमाल समुदायको रहन सहनमा पनि निकै नै परिवर्तन आएको छ । पहिले यहाँका कुमालहरू खुल्ला रूपमा दिशा पिसाब गर्ने तथा घरबाट निस्कने फोहर जहाँ पायो त्यही फाल्ने भएकाले घर वरिपरि केही फोहर वातावरण देखिन्थ्यो भने हाल आएर घर घरमा शौचालयको व्यवस्था तथा फोहरलाई उचित तरिकाले व्यवस्थापन गरिने भएकाले तुलनात्मक रूपमा सफा सुग्घर वातावरण विद्यमान रहेको पाइन्छ ।

# अध्याय : छ

# कुमाल जातिको सास्कृतिक अवस्था

## ६.१ भाषा

अन्य जातिको झै कुमालहरूको पनि आफ्नै भाषा छ । कुमाल भाषा नेपालमा बोलिने आधुनिक आर्य भाषाहरूकै पंक्तिमा पर्दछ । भाषालाई मानवले आफ्ना आवश्यकताहरू परिपूर्ति गर्ने सहज माध्यम तथा मुख्य रूपमा संचारको अध्ययनका रूपमा लिइन्छ । अध्ययन क्षेत्रका कुमालहरू आफ्नो भाषा बोल्न जान्दैनन्, तर पनि उनीहरूलाई हाम्रो भाषा छ भन्ने ज्ञानचाहिं छ । परिवारमा कुमाल भाषा सुरूदेखि नै नबोलिने भएकाले कुमाल भाषा आफूहरूलाई बोल्न नआउने वताउँदछन् । अध्ययन क्षेत्रमा ब्रामहण, क्षत्री, गुरुङ्ग, मगर, नेवार, कामी आदि जातहरूको बसोबास रहेकाले कुमालहरूले ती जातिहरुसँग सम्पर्क गर्दा नेपाली भाषा नै प्रयोग गर्दछन् । अध्ययन क्षेत्रका कुमालहरू कसैले पनि कुमाल भाषा नबोल्ने भएकाले उनीहरूको मातृभाषा नै नेपाली भाषा बन्न पुगेको छ ।

## ६.२ धर्म

नेपाल धार्मिक बाहुल्य भएको राज्य हो । नेपाल हिन्दू, बौद्ध, इस्लाम, क्रिश्चियन, किराँत आदि विविध धर्म मान्ने मानिसहरूको बसोबास रहेको छ तापनि धार्मिक सहिष्णुता रहेको मुलुक हो । अध्ययन क्षेत्रका सबै कुमालहरू आफूलाई हिन्दू धर्मावलम्वी भएको बताउँदछन् । यिनीहरू स्वर्ग, नर्क, पाप, पुण्य, भगवानमा विश्वास गर्दछन् । यिनीहरू गाईलाई लक्ष्मी मानी पूजा गर्ने गर्दछन् भने गाईको गोबर र गहुँतलाई चोखो मानी घर लिपपोत गर्ने तथा चोख्याउने कार्यमा प्रयोग गर्दछन् । यी जातिका मानिसहरूले जाँड, रक्सी, कुखुरा, सुँगुर, रागाँको मासु खान्छन् । यिनीहरू अन्य हिन्दूहरूजस्तै शिव, विष्णु, राम, गणेश, भगवती, आदि देव देवीहरूको पूजा गर्ने गर्दछन् ।

## ६.३ घरको संरचना

यहाँका कुमालहरूको बसोबास स्थल पुरानो भए पनि शहरी क्षेत्र र आधुनिकीकरणको प्रभावले गर्दा कुमालहरूका पुराना प्रकृतिका घरहरू यहाँ देखिँदैन । यहाँका कुमालहरूको घर आर्थिक अवस्थाअनुसार सिमेन्ट, ब्लक, ढुङ्गा, इँट्टा आदि प्रयोग गरी कसैले ढुङ्गाको छाना त कसैले टिनको छाना हाल्ने गरेको पाइयो भने केही कुमालहरूले जग्गा वेचेर तथा विदेश गएर कमाएको रकमबाट सिमेन्ट, रड, ढुङ्गा आदि प्रयोग गरी आधुनिक ढलान घर निर्माण गरेको पाइयो ।

## ६.४ खानपान

कुनै पनि ठाउँका मानिसहरूको खानपान त्यहाँ उपलब्ध खाद्यान्न तथा त्यहाँका मानिसको आर्थिक अवस्थाले निर्धारण गर्दछ । अध्ययन क्षेत्रका कुमालहरू दाल, भात, तरकारी तथा मासुजस्ता खाना खाने गर्दछन् । यहाँका कुमालहरू बिहान बेलुका खाना खाने र दिनमा खाजा खाने भए तापनि ज्याला मजदूरीमा जाने कुमालहरू बिहान खाएर कामका लागि निस्कने गरेको पाइयो । दिनभरिको कामको बोझ कम गर्न यहाँका कुमालहरू बेलुका जाँड रक्सी पनि खाने गर्दछन् भने चाडपर्वको बेलामा जाँड रक्सी र मासु खाने चलन छ । सिचाइको अभाव तथा उन्नत कृषि प्रविधिको अभावमा कृषि कार्य गर्ने कुमालहरूले जीवन गुजारा हुने गरी अन्न उत्पादन गर्न नसक्ने तथा ज्याला मजदूरी गर्ने कुमालहरूले पनि खैरेनीटार बजारबाट चामल, दाललगायतका सामग्री खरीद गरी उपयोग गर्ने गरेको पाइयो ।

## ६.५ भेषभूषा

कुमाल जातिको परम्परागत पोशाकमा पुरुषहरू कम्मरमा कछाड, आस्कोट, शिरमा टोपी र कम्मरमा पटुका बान्दछन् भने महिलाहरू कालो गुनिउँ, पटुका, चोलो र घलेक लगाउने गर्दछन् भने गरगहनामा नाकमा झुम्के बुँलाकी, कानमा मारवाडी, ढुङ्ग्री एवं नाकमा फुली लगाउँदछन् । तर हाल अध्ययन क्षेत्रका कुमाल युवाहरू टि-सर्ट, सर्ट, पाइन्ट, गलबन्दी, कोट, ज्याकेट, कट्टु तथा जुत्ता चप्पल लगाउँदछन् भने युवतीहरू टि-सर्ट, सर्ट, पाइन्ट, फ्रक,चोलो, ब्लाउज, कुर्ता सुरुवाल एवं जुत्ता चप्पल लगाउँदछन् । आज भोलि खैरेनीटार बजारमा बजार विस्तार भएको र विविध आधुनिकीकरणका कारणले यहाँका कुमाल जातिहरूमा पनि आधुनिक फेसनको प्रभाव परेको पाइन्छ ।

## ६.६ चाडपर्व

नेपाल बहु-धार्मिक तथा बहु-सास्कृतिक विशेषता भएको धर्म निरपेक्ष राज्य हो । धार्मिक विविधता भए पनि यहाँका बहु-संख्यक नेपालीहरू हिन्दू धर्म मान्दछन् । शोध क्षेत्रका कुमालहरू पनि हिन्दू धर्मावलम्बी भएकाले यिनीहरूको धार्मिक तथा सास्कृतिक जीवनमा हिन्दू संस्कृतिको पर्याप्त प्रभाव परेको पाइन्छ । यहाँका कुमालहरू पनि अरू जातिहरू जस्तै तीज, दशै, तिहार, माघे सङ्क्रान्ति जस्ता साझा सामाजिक चाडपर्वहरू हर्षोल्लासका साथ मनाउँदछन् । यहाँका कुमालहरूले मनाउने मुख्य चाडपर्वहरूको छोटो चर्चा निम्नअनुसार गरिएको छ ।

### ६.६.१ दशैं

नेपालका अन्य हिन्दू धर्मावलम्बीहरुले झै अध्ययन क्षेत्रका कुमालहरू पनि दशैंलाई मुख्य चाडको रूपमा मनाउने गर्दछन् । दशैं घटस्थापनादेखि सुरू भई पूर्णिमासम्म मनाइन्छ ।

घटस्थापनाको दिनमा घर घरमा जमरा राख्ने गर्दछन् भने सप्तमीको दिन स्थानीय कोट घरमा फूलपाती भित्र्याउँदछन् । अष्टमीको दिनमा क्षमताअनुसार भेंडा, च्याङग्रा, बोका, कुखुराको बली दिने चलन छ भने यहाँका सबै घर  कुमालको संयुक्त रूपमा एक वंगुरको बली दिने र त्यसलाई घर सङख्याअनुसार भाग लगाई घर-घरमा लैजाने चलन छ ।

दशमीका दिन आफूभन्दा मान्यजनको हातबाट टीका लगाउने र आशीर्वाद थाप्ने चलन छ । सर्वप्रथम आफ्नो घरका मान्यजनबाट टीका जमरा लगाई आशीर्वाद लिइन्छ भने त्यसपछि अन्य आफन्त तथा मान्यजन कहाँ टीका थाप्न गइन्छ । शोधक्षेत्रका कुमालहरू मुख्य गरी टीका दशमीको दिनमा ग्रहण गर्ने भए पनि टाढा टाढाका पाहुना तथा इष्टमित्र आएमा पूर्णिमाको दिनसम्म टीका लगाउने चलन छ । दशैंको अवसरमा घर लिपपोत गरी घर वरिपरिसमेत सफा राखिने, नयाँ र राम्रा कपडाहरू लगाउने, आफन्तहरूसँग बसेर जाँड, रक्सी, मासु तथा अन्य मीठा मीठा परिकार खाने र पिङ्ग खेलेर रमाइलो गर्ने प्रचलन छ ।

### ६.६.२ तिहार

तिहार हिन्दू धमार्वलम्बीहरूको दोस्रो ठूलो पर्व हो । यहाँका कुमालहरू पनि तिहारको पहिलो र दोस्रो दिन काग पूजा र कुकुर पूजा गर्दछन् । तिहारको तेस्रो दिन औसीको विहान गाईलाई लक्ष्मीको रूपमा पूजा गर्ने गर्दछन् । तिहारको चौथौ दिन गोवर्धन पूजा गरी गोठदेखि नजिकैको बाटो सम्म तोरण बाध्ने चलन छ । तिहारको अन्तिम दिन दिदी वहिनीले कलश र दियो पूजा गरिसकेपछि दाजुभाइलाई टीका र माला लगाइ दीर्घायुको कामना गरी मीठा-मीठा खानेकुरा खान दिने चलन छ । दाजुभाइले पनि दिदी बहिनीलाई टीका र माला लगाइदिइ आफू सक्दो दक्षिणा दिने गर्दछन् । तिहारको अवधिभर घरको झ्याल, ढोका, आँगन, पिढीमा साझँमा बत्तीबाली झलमल्ल पार्ने गरिन्छ । तिहारमा यस समुदायमा जुवा, तास तथा देउसी भैलो खेल्ने चलन रहेको  छ । देउसी भैलो विभिन्न संस्थाहरू तथा युवायुवती मिलेर खेल्ने गरेको पाइन्छ । देउसी भैलोबाट सङकलित रकम संघसंस्थाले सामाजिक कार्यमा लगाउँदछन्,  भने युवा युवतीहरू भोज भतेर गरी रमाइलो गरी खर्च गर्दछन् ।

### ६.६.३ तीज

शोधक्षेत्रका कुमाल जातिले तीज पर्व पनि मनाउने गर्दछन् । भाद्र शुक्ला तृतीयाका दिन पर्ने यस पर्वमा खास गरी महिलाहरू शिवजीको आराधना गर्दछन् र विवाहितहरू आफ्ना श्रीमान्को सु-स्वास्थ्य र दीर्घायुको कामना गर्दछन्, भने अविवाहित महिलाहरू सु-योग्य बरको अपेक्षामा भगवानको आरधना गर्दछन् । यस पर्वमा आ-आफ्ना चेलीहरूलाई घरमा ल्याएर मीठो मसिनो खुवाउने चलन छ । जसलाई दर खाने भनिन्छ । उनीहरू दिनभरिदेखि रातीसम्म मीठा

मीठा खानेकुरा खाने र भोलिपल्ट दिनभर उपवास बस्ने र मेला लाग्ने ठाउँमा गई नाचगान गरी रमाइलो गर्ने चलन छ ।

**६.६.४ श्रीपञ्चमी**

शोध क्षेत्रका कुमालहरू श्रीपञ्चमीका दिन जग्गा किनबेचका लागि शुभ मान्दछन् । यो दिन विद्याकी देवी सरस्वतीको पूजा गरिनुका साथै विद्यार्थीहरूले आ-आफ्ना पुस्तकहरूको पूजा गर्ने चलन छ । यस दिन बालबालिकाहरूलाई अक्षर आरम्भ गर्न तथा केटीहरूको नाक कान छेड्न शुभ मानिन्छ ।

**६.६.५ नागेंपञ्चमी**

नगेंपञ्चमीलाई अध्ययन क्षेत्रका कुमालहरूले त्यति महत्व नदिए पनि नजिक बजारबाट नागको चित्र ल्याएर ढोकामा टाँस्ने गरेको पाइन्छ ।

**६.६.६ फागु पूर्णिमा**

फागु पूर्णिमा अत्यन्त महत्वको पर्व नभए पनि यस पर्वमा बूढापाकाभन्दा युवायुवतीहरूमा यो पर्व रमाइलोका साथ मनाइने गरिन्छ । युवायुवतीहरू आपसमा अबिर तथा रङ्ग लगाइ उल्लासपूर्ण तरिकाले मनाउने गरेको पाइयो ।

**६.६.७ माघे सङ्क्रान्ति**

हरेक वर्ष माघ १ गते पर्ने यस पर्वलाई कुमालहरू राम्रैसँग मनाउने गर्दछन् । यस दिन कुमालहरू बिहान सबेरै उठेर गंङ्गा स्नान गर्न जाने र शरीरलाई पवित्र बनाउने चलन छ । माघे सङ्क्रान्तिका दिन घर घरमा रोटी पकाउने र जाँड, रक्सी, मासु, रोटी आदि खाई रमाइलो गरी मनाइने गर्दछ ।

**६.६.८ कुलायन पूजा**

कुमाल जातिको मृतक पितृको सम्झनामा गर्ने धार्मिक क्रियाकलापलाई कुलायन पूजा भन्ने गरिन्छ । अध्ययनक्षेत्रका कुमालहरू घरको उत्तरपूर्वी कुनालाई कुलदेवताको स्थान भनी मान्दछन् । कुलायन पूजा वर्षको एकपटक वैशाख पूर्णिमामा गर्ने गरिन्छ । यस पूजामा कुखुराको भाले बली दिने गरिन्छ भने यो पूजा मृतक व्यक्तिको छोरा अथवा छोरा नभए दाजुभाइले गर्ने गर्दछन् । पूजाको दिन ज्वाँइ, चेला, इष्टमित्र बोलाइ मासु, भात, जाँड, रक्सी खुवाउने गरिन्छ ।

**६.६.९ सेम पूजा**

सेम देवता पशुहरुका देवता मानिन्छ र पशुको रक्षाका लागि सेम पूजा गर्ने गरिन्छ । सेम पूजा अर्थात् झाँकी पूजामा ढुङ्गाहरू गाडेर चार खाल बनाइन्छ र प्रत्येक खालमा चामलको पीठोको रेखाद्वारा नौ नौ वटा खण्डहरू बनाइन्छ । झाँकीलाई एउटा धनुकाण, एक लावा,

गाईको दूध, चामलको रोटी, फूल अक्षता र धूप वत्तीद्वारा पूजा गरी एक एक वटा बास्ने भाले काटेर बली चढाइन्छ। यो पूजा प्राय : फागुन महिनामा गरिन्छ।

**६.६.१० बाई पूजा**

कुमाल जातिहरुले मण्डली बाई वनदेवता र सेमरे बाईलाई वनदेवीको प्रतीक मान्दछन्। खोकी, पखाला, गर्भपतन, अजीर्ण आदि रोगबाट बच्ने उद्देश्यले खेतबारीका कुनातिर पवित्र स्थान छनौट गरी यो पूजा गरिन्छ। पूजा स्थलको भुइँमा चामलको पीठो र अविरद्वारा धर्सोहरु तानी धूप बाली दूबो र अक्षता चढाएर पूजा गरिन्छ। वत्ती तथा धूप बालेर मण्डली बाईलाई भाले र सेमरेबाईलाई पोथी कुखुरा काटेर चढाइन्छ। बाई पूजा पनि कुलायन पूजाकै दिन वैशाख पूर्णिमामा गरिन्छ।

**६.६.११ चण्डी पूजा**

अध्ययन क्षेत्रका कुमाल समुदाय वैशाख पूर्णिमाको दिन चण्डी देवीको पूजा धूमधामसँग गर्दछन्। दीयो, कलश, लिङ्गो बनाई धूप बालेर एउटा भाले र एउटा पोथी कुखुरा काटी चण्डीलाई बली चढाउँदछन्। बाटो घाटो हिंड्दा बाल बच्चाको रक्षा होस् भनी यो पूजा गर्ने गरिन्छ। यस पूजामा चेलीबेटी, दिदीबहिनी तथा कुटुम्बहरू सबै भेला हुने हुँदा विशेष चहलपहल हुन्छ।

**६.६.१२ अन्य चाडपर्वहरू**

अध्ययन क्षेत्रका कुमाल जातिहरूले उल्लेखित चाडपर्वहरूका अतिरिक्त साउने सङ्क्रान्ति, जनै पूर्णिमा, चैते दशैं, ठूलो एकादशी, महाशिवरात्री, नव वर्ष आदि चाड पर्वहरू पनि मनाउने गर्दछन्। उक्त अवसरमा चाडअनुसारका तीर्थस्थलमा गई हिन्दू संस्कारअनुसार पूजा गर्ने गर्दछन्। सो अवसरमा मासु, रक्सी र अन्य परिकार खाई रमाइलो गरिन्छ।

**६.७ सामाजिक संस्कार**

मानव जीवनका सामाजिक तथा सास्कृतिक संस्कारहरूको मानव समाजमा महत्वपूर्ण स्थान रहेको हुन्छ। कुनै पनि जातिले आफ्नो संस्कार र परम्परालाई अँगालेका हुन्छन्। खैरेनीटार-८ मा बसोबास गर्ने कुमाल समुदायमा जन्मदेखि मृत्युपर्यन्त निम्न संस्कारहरू गर्ने गरिएको पाइयो।

### ६.७.१ छैठी

अध्ययन क्षेत्रका कुमाल जातिहरूमा छैठीको दिनमा विशेष कार्यक्रम गर्ने नगरेको पाइए तापनि उनीहरूमा परम्परागत मान्यताअनुसार छैठौ दिनमा भावी आएर उसको भाग्य निर्धारण गरी दिनुहुन्छ भन्ने विश्वास रहेको पाइयो ।

### ६.७.२ न्वारन

नवजात शिशुको नामाकरण गर्ने संकारलाई न्वारन गर्ने भन्ने चलन छ । अध्ययनक्षेत्रका कुमाल जातिहरूले सामान्यतया ९ दिन वा ११ दिनसम्म सुत्केरी बार्ने चलन छ । न्वारनको दिन घर लिपपोत र सफा गरिन्छ भने सुत्केरी तथा नवजात शिशुलाई समेत नुहाइ धुवाइ गरी शुद्ध गराइन्छ । यस क्षेत्रका कुमालहरूले न्वारन कार्य गर्दा ब्रामहणलाई पुरेतको रूपमा बोलाई हिन्दू संस्कारअनुसार ब्रामहण, क्षत्रीको जस्तै कर्म गर्ने गरेको पाइयो ।

### ६.७.३ पास्नी

अध्ययन क्षेत्रका कुमाल जातिमा छोरालाई ६ महिना र छोरीलाई ५ महिनामा भात खुवाउने चलन रहेको पाइयो । यस संस्कारका लागि भात खुवाउने तिथि र समय निर्धारण गर्नका लागि ब्रामहणको घरमा गएर साइत हेर्ने र कसले सर्वप्रथम भात खुवाउँदा राम्रो हुन्छ भनी पण्डितले भन्दछन् । सोहीअनुसार दाल, भात, तरकारी, माछा, मासु बच्चालाई खुवाउने गरिन्छ । यसरी बावु, आमा, बाजे, बजै तथा आगन्तुकहरूले बच्चालाई भात खुवाउने र लुगा तथा उपहार दिने गरेको पाइयो ।

### ६.७.४ छेवर

शोधक्षेत्रका कुमालहरूमा छोरा जन्मेको ५ वर्षमा छेवर गर्ने परम्परा रहेको छ । छेवर कार्य गर्नका लागि कुन तिथिमा जुरेको छ भन्नेबारे पण्डितकहाँ गएर यकिन गरिन्छ । छेवर गर्दा केटालाई गाईको गोठमा लगी गाईको दाम्लाले घाँटीमा बाँधेर केटाको मामाले कपाल काट्ने र कन्या केटीले काटिएको कपाल भुइँमा नखस्ने गरी चरेसको थालमा थाप्ने र उक्त कपाललाई चोखो ठाउँमा फालिने प्रचलन रहेको छ ।

### ६.७.५ विवाह

विवाह मानव जातिको सामाजिक जीवनको महत्वपूर्ण पक्ष हो । अध्ययनक्षेत्रका कुमालहरूमा मुख्यतया प्रेमविवाह र मागीविवाह चलनमा रहेको छ । आमा बावुको स्वीकृति आवश्यक नरहेको प्रेम विवाह कुमाल जातिमा बढी चलनमा रहेको पाइयो । विभिन्न माध्यमबाट केटाकेटीमा प्रेम हुन गएमा दुवै जनाको सल्लाहअनुसार केटाले केटीलाई भगाएर आफ्नो घरमा

ल्याउने र त्यहाँ आवश्यक विधि पूरा गरी केटीलाई केटाले सिन्दूर हाल्ने  गर्दछ । दुलहीलाई घरमा भित्र्याउनु अगाडि दैलोमा कुखुरा काटिन्छ र त्यही कुखुराको रगत दुलहीलाई टेकाई भित्राउने चलन रहेको छ ।

बावुआमाको अनुमतिमा गरिने विवाह ने मागीविवाह हो । मागीविवाहमा लमीले केटा र केटी पक्षमा कुरा चलाएपछि केटा पक्ष केही व्यक्तिहरू लिएर केटी पक्षको घरमा केटी हेर्न जान्छन् । केटी पक्षले केटी दिने निश्चित भएपछि केटा पक्षलाई कुरा गर्न बोलाउँछन् । यस अवसरमा केटा पक्षले कुखुराको भाले र रक्सी लिएर केटीकहाँ जाने गर्दछन् । केटीपट्टीकोमा कुखुराको मासु र रक्सी खाएर रमाइलो गर्ने गरिन्छ । विवाहको निश्चित भएपछि विवाहको दिन केटा पक्षले केटी पक्षले मागेजति उपहार लिई जन्तीसहित केटी पक्षकोमा जाने चलन छ । त्यसपछि विधिअनुसार जन्ती पर्सिने, भोज खाने, दुवै पक्षको चिना परिचय तथा गोडा धुने कार्य गरी केटी लिएर जन्ती फर्किन्छन् । केटाको घरमा बनाई राखेको जग्गेमा दुलहा दुलहीलाई राखी पूजा गराइन्छ र पूजा सकिएपछि केटाले केटीलाई सिन्दूर हाल्दछ । त्यसपछि दैलोमा कुखुरा काटी सोही रगतमा केटीलाई टेकाएर दुलही भित्र्याउने कार्य गरिन्छ । त्यसपछि दुलहीलाई क्रमश : आफन्तहरूसँग ढोग भेट गराउने कार्य हुन्छ । भोलिपल्ट केटा पक्षकोमा जन्ती गएका तथा अन्य व्यक्तिहरूलाई भोज खुवाउने चलन रहेको छ र सोही दिन दुलाहा र दुलही केटीको घरमा जाने चलन छ । जसलाई दुल्हन फर्काउने भनिन्छ ।

# अध्याय: सात

# आर्थिक अवस्था

समाज विभिन्न एकाइहरूको अन्तरक्रियात्मक व्यवस्था हो र प्रत्येक एकाइको आ-आफ्नो स्थान र कार्य हुन्छ । स्थानअनुसारकै कार्य सम्पादनबाट नै समाज स्थिर, निरन्तर र क्रियाशील रहन्छ । त्यस मध्ये आर्थिक एकाइ मानव जीवनको महत्वपूर्ण एकाइ हो । जसको आधारमा नै मानवीय समाज दिगो रहन्छ । मानवीय जीवनमा भौतिक सम्पन्नता प्राप्त गर्नु आवश्यक मानिन्छ । व्यावहारिक सीपमूलक कार्यमा दक्षता प्राप्त गरेका मानव स्रोत समाजमा विद्यमान रहेमा उच्च स्तरका आय आर्जनका क्रियाकलाप संचालन गर्न सकिन्छ । यसबाट कृषि, उद्योग, व्यवसाय तथा अन्य क्षेत्रमा आवश्यक पर्ने सामान्य, मध्यम र उच्चस्तरको साधारण र प्राविधिक जनशक्तिको विकास गरी व्यक्ति, समाज र राष्ट्रको आर्थिक अवस्था सबल बनाउन सकिन्छ । यसर्थ, मानव जीवनका दैनिक क्रियाकलापका हरेक पक्षमा प्रभाव पार्ने आर्थिक पक्षले समुदायको सास्कृतिक रीतिरिवाज, चालचलन तथा जीवनशैलीमा प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारेको हुन्छ । सोही प्रकारका मूल्य, मान्यता, चालचलन, रीतिरिवाज आदि निर्माण हुन्छन् ।

खैरेनीटार-८, खैरेनीटारमा बसोबास गर्ने कुमाल समुदायको आर्थिक अवस्थालाई उनीहरुले संचालन गरेका प्राय: पेशाहरु जीवन निर्वाहमुखीमात्र रहेको छ । यिनीहरूका आर्थिक क्रियाकलापहरू दुईछाक खान तथा मौसमअनुसार एकसरो कपडासमेत अपुग हुने खालका छन् । उनीहरूका मुख्य व्यवसाय ज्याला, मजदूरी, कृषि तथा पशुपालन रहेका छन् ।

### ७.१ भू-स्वामित्वको अवस्था

भू-स्वामित्व भन्नाले सामान्यतया जमिन माथिको स्वामित्वलाई जनाउँदछ । अर्को शब्दमा जमिन नियमअनुसार व्यक्तिको नाममा दर्ता भई त्यसको प्रयोगको अधिकार निहित हुनुलाई नै भू-स्वामित्व भनिन्छ । भू-स्वामित्व प्राप्त भएका व्यक्तिले त्यस्तो जमिनलाई आफ्नो आवश्यकताअनुसार त्यसलाई प्रयोग गर्न तथा बिक्री वितरण गर्ने अधिकार प्राप्त गर्दछन् ।

हाम्रो देश नेपालमा कुल जनसङ्ख्याको अत्यधिक भागले कृषि व्यवसायलाई मुख्य व्यवसायका रूपमा अंगीकार गर्दै आइरहेका छन् । राष्ट्रिय जनगणना २०५८ अनुसार कुल जनसङ्ख्याको ६५.७ प्रतिशत जनसङ्ख्या कृषि व्यवसायमा आश्रित छन् भने ३४.३ प्रतिशत जनसङ्ख्या गैर कृषि क्षेत्रका व्यवसायमा संलग्न भएको पाइएको छ । (के.त.वि. २०५८) यसर्थ, हाम्रो देशको अर्थतन्त्र कृषि क्षेत्रका उत्पादनमा निर्भर रहेको छ । त्यसैले कृषि प्रधान देश भएको

हुनाले कृषिमा आश्रित समुदायका जनसङ्ख्याको आर्थिक अवस्था उनीहरूसँग रहेको जमिनको स्वामित्वमा आधारित रहन्छ ।

खैरेनीटार-८, खैरेनीटारमा बसोबास गर्ने कुमालहरूको स्वामित्वमा प्राय : सबैको आ-आफ्नै जमिन रहेको भए तापनि वर्तमान अवस्थामा आधुनिकीकरण, आय स्रोतको अभाव, सामाजिक सास्कृतिक कार्यमा अनियन्त्रित खर्च आदिका कारण उनीहरू आफ्नो स्वामित्वमा रहेको जमिन बेचेर आवश्यक खर्च चलाउने प्रवृत्तिका कारणले भू-स्वामित्व क्रमश : घट्दै आएको पाइन्छ । यहाँका कुमाल जातिहरूको जीविकोपार्जनको मुख्य आधार कृषि तथा पशुपालन भए पनि कृषि योग्य जमिन अत्यन्त न्यून भएको हुनाले उनीहरुले गरेको कृषि उत्पादनबाट जीवन गुजारा असंभव नै भएको छ । अनुसन्धानको शिलशिलामा खैरेनीटार ८ कुमाल समुदायमा घर गन्ती सर्वेक्षणद्वारा गरिएका तथ्याङ्क संकलनमा यस क्षेत्रका कुमाल समुदायका परिवार सङ्ख्या र तिनीहरूको स्वामित्वमा रहेको जमिनको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं ७.१

खैरेनीटार - ८ का कुमाल समुदायको भू-स्वामित्वको विवरण

| भूमिको परिमाण (रोपनी) | घर परिवार | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| भूमि हीन | ३ | ३.९५ |
| ०-४ | ३४ | ४४.७४ |
| ५-९ | २६ | ३४.२१ |
| ९-भन्दा माथि | १३ | १७.१० |
| जम्मा | ७६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

तालिका नं ७.१ अनुसार शोध क्षेत्रका कुमाल समुदायका ७६ घर परिवारहरूमध्ये सबैभन्दा बढी ३४ घर परिवार ० देखि ४ रोपनीसम्म जमिन स्वामित्वमा रहने देखिएको छ । जुन सङ्ख्या कुल घरपरिवारको ४४.७४ प्रतिशत हुन आउँदछ । यस्तै दोस्रो स्थानमा ५-९ रोपनी जमिन भएका २६ घर परिवार रहेका छन् । उक्त परिवार सङ्ख्या जम्मा परिवार सङ्ख्याको ३४.२१ प्रतिशत हुन्छ । यस्तै तेस्रो स्थानमा ९ रोपनी भन्दा माथि जमिन भएका १३ घर परिवारहरू पर्दछन् । जुन परिवार सङ्ख्या जम्मा घर परिवारका १७.१० प्रतिशत हो । यस्तै

परिवारको नाममा भू-स्वामित्व नै नरहेका परिवार सङ्ख्या ३ रहेको छ । जुन कुल परिवार सङ्ख्याको ३.९५ प्रतिशत हुन आउँदछ ।

यसरी अध्ययनक्षेत्रका कुमाल समुदायको भू-स्वामित्वलाई हेर्दा उनीहरूको नाममा जमिन अत्यन्त कम रहेको र भएको जमिन पनि खेतीका लागि उपयुक्त देखिदैन । शोधक्षेत्रमा सिंचाइको व्यवस्था नभएकाले खेतीका लागि पूर्ण रुपमा आकाशे पानीको भर पर्नु पर्दछ भने अर्कोतर्फ उन्नत बीउ र खेती प्रणाली, कृषि औजार तथा कीटनाशक औषधी, मलखाद आदिका बारेमा उपयुक्त जानकारी नहुनु र त्यसको कृषि कार्यमा अवलम्बन गर्न नसक्नाका कारणले पुरानै कृषि पद्धतिमा खेती गर्ने चलन छ । जसका कारणले कृषि उत्पादन राम्रो नभएको पाइन्छ ।

## ७.२ कृषि उत्पादनको स्थिति

खैरेनीटार गा.वि.स. वडा नं ८ मा बसोबास गर्ने कुमालहरूको मुख्य पेशा कृषि पेशा भए पनि खेती योग्य जमिन प्रशस्त नहुनु, परम्परागत कृषि प्रणालीमा आधारित कृषि कार्य तथा कुमालहरूको कृषि व्यवसायमा लगाव नहुनुले यहाँका कुमालहरूलाई कृषि व्यवसायबाट जीवन निर्वाह गर्न मुस्किल परेको छ । यहाँ उत्पादन हुने मुख्य बालीहरूमा मकै, कोदो, धान, मास, भट्टमास, बोडी, सिमी, फर्सी आदि छन् । अध्ययन क्षेत्रका कुमालहरूले उत्पादन गर्ने कृषि उत्पादनको अवस्था निम्न अनुसार पाइयो ।

तालिका नं ७.२

कृषि उत्पादनको स्थिति

| मुख्य बाली | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|
| धान | ४८ | ६३.१६ |
| मकै | ६३ | ८२.८९ |
| कोदो | ६३ | ८२.८९ |
| मास/भट्टमास | ५७ | ७५ |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

तालिका नं ७.२ अनुसार सबैभन्दा धेरै घर परिवारले मकै तथा कोदो उत्पादन ८२.८९ प्रतिशतले गर्ने गरेको पाइयो । यस्तै धान ६३.१६ प्रतिशत घर परिवारले तथा मास/भट्टमास ७५ प्रतिशत घर परिवारले उत्पादन गर्ने गरेको पाइयो ।

## ७.३ कृषि उत्पादनको पर्याप्तता

अध्ययनक्षेत्र मध्य पहाडी भागको नगरोऊन्मुख क्षेत्र भएकाले यहाँको जमिन धेरै खण्डीकरण भई स-सानो भागमा विभाजन हुनु तथा कृषि मौसमी वर्षामा निर्भर रहनुपर्ने

भएकाले कृषि उत्पादनले वर्षभरि खान पुग्ने परिवारको सङ्ख्या अत्यन्त न्यून छ । अध्ययन क्षेत्रका कुमालहरूको कृषि उत्पादनको पर्याप्तता अध्ययनको क्रममा निम्नअनुसार पाइयो ।

तालिका नं ७.३

कृषि उत्पादनको पर्याप्तता

| खाद्यान्न पुग्ने महिना | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ०-४ | ४७ | ६१.८४ |
| ४-८ | २३ | ३०.२७ |
| ८-१२ | ६ | ७.८९ |
| जम्मा | ७६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

तालिका नं ७.३ अनुसार ०-४ महिनासम्म कृषि उत्पादनले खानपुग्ने पुग्ने घर परिवार ६१.८४ प्रतिशत, ४-८ महिनासम्म कृषि उत्पादनले खान पुग्ने घर परिवार ३०.२७ प्रतिशत र ८-१२ महिनासम्म कृषि उत्पादनले खान पुग्ने घर परिवार अत्यन्त न्यून ७.८९ प्रतिशत रहेको पाइयो ।

**७.४ पशुपालन**

यहाँका कुमालहरू अन्य व्यवसायका साथै पशुपालनमा पनि लागेका छन् । विशेष गरी यहाँका कुमालहरू गाई, गोरु, बंगुर, भैंसी, बाखा, कुखुरा, हाँस आदि पशुपंक्षीहरू पाल्ने गर्दछन् । यहाँका कुमालहरूले पशुपालन अवैज्ञानिक र परम्परागत रूपमा संचालन गर्ने गरेकाले उनीहरूले आर्थिक उन्नतिमा यस व्यवसायबाट खासै टेवा मिलेको पाइएन तापनि यिनीहरू आफ्नै प्रयोगका लागि मासु तथा कृषि कार्यका लागि आवश्यक मलको आवश्यकता केही हदसम्म पूर्ति गर्न संभव भएको देखिन्छ । अध्ययनक्षेत्रका कुमालहरूले गरेको पशुपालन निम्नअनुसार पाइयो ।

तालिका नं ७.४

पशुपालन विवरण

| पशुपंक्षी | पशुपंक्षी सङ्ख्या |
|---|---|
| गाईगोरु | १४८ |
| बंगुर | १३२ |
| भैंसी | ३२ |
| बाखा | ४५ |
| कुखुरा | २१७ |
| हाँस | ९७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालिका नं ७.४ अनुसार यहाँका कुमालहरू सबैभन्दा बढी कुखुरा पाल्ने गरेको देखियो जसको मुख्य कारण विभिन्न पूजा तथा धार्मिक कार्यमा कुखुराको बली दिन कुखुरा आवश्यक हुने हुनाले हो । यस्तै यहाँ गाई गोरू र बंगुरको पालन पनि उल्लेख सङख्यामा गरेको पाइयो भने भैंसी तथा बाखाको सङख्या भने न्यून रहेको पाइयो ।

**७.५ सक्रिय र आश्रित जनसङख्या**

कुनै पनि स्थानको आर्थिक तथा सामाजिक विकासका लागि काम गर्ने उमेरका जनसङख्या कति छन् , आम्दानी हुने कार्यमा कति संलग्न छन् र के कस्ता व्यवसायमा लागेका छन् आदिको सही तथ्याङ्क हुन अत्यन्त आवश्यक छ । उमेर संरचनाअनुसार जनसङख्यालाई मुख्यतया तीन भागमा बाँड्न सकिन्छ । ती हुन् : ०-१४ वर्ष, १५-५९ वर्ष र ६० वर्ष भन्दा माथि तथा सो भन्दा माथिको जनसङख्या आर्थिक दृष्टिकोणले १५-५९ वर्षका जनसंख्या आम्दानी हुने काम र अर्थोपार्जन हुने क्रियाकलापहरूमा लागेका हुन्छन्, त्यसैले यस उमेर समूहका जनसङख्यालाई सक्रिय जनसङख्या भनिन्छ । यस्तै ०-१४ वर्षका केटाकेटी तथा ६० वर्ष र सोभन्दा माथिका जनसङख्याले काम गर्न नसक्ने र जीवन यापनका लागि अरूमा भर पर्ने भएकाले उक्त उमेर समूहको जनसङख्यालाई आश्रित जनसङख्या भनिन्छ । अध्ययन क्षेत्रमा घर धुरी सर्वेक्षणद्वारा संकलित तथ्याङ्कअनुसार सक्रिय र आश्रित जनसङख्या निम्न रहेको छ ।

तालिका नं ७.५

खैरेनीटार-८ का कुमाल समुदायको सक्रिय र आश्रित जनसङख्या

| जनसङख्याको विवरण | सङख्या | प्रतिशत |
|---|---|---|
| सक्रिय जनसङख्या | २६५ | ५७.९९ |
| आश्रित जनसङख्या | १९२ | ४२.०१ |
| जम्मा | ४५७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

तालिका नं ७.५ अनुसार शोधक्षेत्रका कुमालहरूको कुल जनसङख्यामा २६५ जना आर्थिक रूपले सक्रिय जनसङख्यामा पर्दछन् । जुन जनसङख्या जम्मा जनसङख्याको ५७.९९ प्रतिशत हुन्छ । यस्तै आर्थिक रूपले आश्रित जनसङख्याको सङख्या १९२ रहेको छ । यो जनसङख्या जम्मा जनसङख्याको ४२.०१ प्रतिशत हो ।

### ७.६ पेशा

कुमाल जातिको परम्परागत जातीय पेशा माटाको भाँडा बनाउनु हो तथापि खैरनीटार-८ मा बसोबास गर्ने कुमालहरूले यहाँ विगतका पुस्तादेखि नै माटाका भाँडा बनाउने गरेको पाइएन । यहाँका ७६ घर परिवार कुमालहरू प्रायः सबै घर परिवार कृषि कार्यमा संलग्न रहेका छन् । तर २/४ घर परिवारबाहेक अरू सबै घर परिवारलाई आफ्नो खेतीपातीबाट खान नपुग्ने हुनाले यहाँका कुमाल समुदायका मानिसहरू ज्याला, मजदुरी तथा भरियाको काम गर्ने गर्दछन् । यस्तै यहाँका केही कुमाल युवाहरू आय आर्जनका लागि छिमेकी मुलुक भारतलगायत वैदेशिक रोजगारीका लागि अरब मुलुकहरूतर्फ जाने गरेको पाइयो । यस क्षेत्रका कुमाल समुदायका १५ देखि ५९ वर्ष उमेर समूहका कुमालहरूको निम्न अनुसारको पेशा रहेको पाइयो ।

तालिका नं ७.६

खैरेनीटार-८ का कुमालहरूको पेशागत विवरण (१५ देखि ५९ वर्ष सम्मको)

| पेशा | मानिसको सङख्या | मानिसको प्रतिशत |
|---|---|---|
| कृषि | १४७ | ५५.४७ |
| स्वदेशी रोजगार | ५ | १.८९ |
| वैदेशिक रोजगार | ३८ | १४.३४ |
| ज्याला/मजदुरी | ३७ | १३.९६ |
| व्यापार | १ | ०.३८ |
| विद्यार्थी | ३६ | १३.५८ |
| राजनीति | १ | ०.३८ |
| जम्मा | २६५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

तालिका नं ७.६ मा आर्थिक रूपले सक्रिय जनसङख्या (१५ देखि ५९ वर्ष) उमेर समूहको शोधक्षेत्रमा संकलित तथ्याङ्कको आधारमा प्राप्त विवरणअनुसार अत्यधिक जनसङख्या कृषि व्यवसायमा संलग्न रहेका छन् । कृषि व्यवसायमा संलग्न रहेका जनसङख्या १४७ रहेको छ , जुन कुल जनसङख्याको आधारमा ५५.४७ प्रतिशत हो । यस्तै सङख्यात्मक आधारमा दोस्रो स्थानमा रहेको वैदेशिक रोजगारलाई मुख्य पेशाको रूपमा अवलम्बन गर्ने जनसङख्या ३८ रहेको छ , जुन जनसङख्या जम्मा जनसङख्याको आधारमा १४.३४ प्रतिशत हुन आउँदछ । यस्तै गरी जीवन गुजाराको लागि मुख्य व्यवसायका रूपमा ज्याला मजदूरीलाई अंगीकार गर्ने जनसङख्या ३७ रहेको छ । उक्त जनसङख्या जम्मा जनसङख्याको १३.९६ का साथ तेस्रो स्थानमा रहेको छ ।

त्यसरी नै सबैभन्दा कम जनसङख्या संलग्न रहेको व्यवसाय व्यापार तथा राजनीतिमा संलग्न व्यक्तिहरूको सङख्या अत्यन्त न्यून रहेको छ । उक्त तालिकाअनुसार कुमालहरू आफ्नो परम्परागत जातीय पेशालाई अन्य पेशाहरूले विस्थापित गरेका छन् ।

कुमाल जातिको परम्परागत जातीय पेशा माटाका भाँडाहरु बनाउनु हो तापनि यहाँका कुमालहरू माटाका भाँडा बनाउने गर्दैनन् । यहाँका कुमालहरूले मुख्य पेशा कृषि बताए पनि कृषिबाट पनि उनीहरूको दैनिक गुजारा नचल्ने भएकाले उनीहरूको आर्थिक अवस्था अत्यन्त कमजोर छ । प्राय : यहाँका कुमालहरू ज्याला मजदूरी गरी प्राप्त ज्यालाबाट साँझ बिहानको खर्च चलाउने गर्दछन् ।

शोधक्षेत्रका कुमालहरू परम्परादेखि नै आफ्नो जातीय पेशा नगर्ने गरेकाले यहाँका कुमालहरू कृषि पेशालाई अँगाल्दै आएको पाइन्छ । कृषि कार्यलाई मुख्य पेशाका रूपमा लिएको भए तापनि यिनीहरूसँग खेतीयोग्य जमिन अत्यन्त कम छ र भएको जमिनमा पनि सिंचाइको अभाव भएकोहुँदा कृषि कार्य पूर्ण रूपले आकाशे पानीको भरमा गर्नु पर्दछ । यस्तै यहाँका कुमालहरूले खेती गर्दा आधुनिक मल, बीऊ तथा कृषि औजारको उपयुक्त प्रयोग नगरी परम्परागत रूपमा नै गर्ने भएकाले कृषि उत्पादन राम्रो भएको पाइँदैन । यसर्थ, कृषि उत्पादन राम्रो नहुने हुनाले यिनीहरूमा आर्थिक समस्या पर्ने भएको हुनाले यस पेशाबाट मात्र जीवन गुजारा नचल्ने हुनाले अन्य पेशालाई सहायक पेशाका रूपमा अँगाल्ने गरेको पाइन्छ । यहाँका कुमालहरू कामको खोजीमा कोही भारततर्फ तथा कोही वैदेशिक रोजगारका लागि अरबतिर जाने गरेको पाइन्छ । कतिपय कुमालहरू वर्षायाममा कृषि मजदूरका रूपमा काम गर्ने तथा कतिपयले निर्माण मजदूरको रूपमा दैनिक ज्याला मजदूरी गरी जीवन निर्वाह गर्दै आएको पाइन्छ । यस्तै केही पुरुष कुमालहरू ट्रकमा सामान लोड-अन्लोड गर्ने मजदूरका रूपमा काम गर्ने गरेको पाइन्छ ।

### ७.७ वार्षिक आय र व्ययको अवस्था

शोधक्षेत्रका कुमालहरूको आर्थिक अवस्था मध्यम स्तरको छ । यहाँका कुमालहरूको मुख्य पेशा कृषि भए तापनि कृषि व्यवसायबाट उत्पादित कृषि उत्पादनले वर्षभरि खान पुग्ने परिवार सङख्या अत्यन्त न्यून रहेको छ । यहाँका कुमालहरूको आय आर्जनको मुख्य स्रोतहरू कृषि, वैदेशिक रोजगारी, ज्याला मजदूरी आदि रहेका छन् । खर्चको रूपमा हेर्दा खाद्यान्न, लत्ताकपडा, स्वास्थ्य, शिक्षा, धार्मिक तथा सास्कृतिक संस्कार आदि मुख्य खर्चका क्षेत्रहरू हुन् ।

### ७.७.१ वार्षिक आय

शोधक्षेत्रका कुमालहरूले कृषि, वैदेशिक रोजगारी, ज्याला मजदूरी आदि कार्यमा संलग्न रहेर आय आर्जन गर्दछन् । अध्ययनका क्रममा वर्षभरिमा अध्ययनक्षेत्रका कुमाल परिवारले गर्ने आम्दानी निम्नअनुसार पाइयो ।

तालिका नं ७.७

अध्ययनक्षेत्रका कुमाल परिवारको अनुमानित वार्षिक आय विवरण

| वार्षिक आम्दानी ( रु ) | परिवार सङख्या | प्रतिशत |
|---|---|---|
| ०-४०,००० | १९ | २५ |
| ४०,०००-६०,००० | ११ | १४.७७ |
| ६०,०००-८०,००० | १७ | २२.३८ |
| ८०,०००-१००००० | ६ | ७.८९ |
| १००००० भन्दा माथि | २३ | ३०.२३ |
| जम्मा | ७६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिका नं ७.७ अनुसार रु १००००० भन्दा माथि वार्षिक आम्दानी हुनेको प्रतिशत सबैभन्दा धेरै ३०.२६ प्रतिशत रहेको छ । जसको मुख्य स्रोत वैदेशिक रोजगारी पनि हो र यसबाट दिगो आम्दानी नहुने र यस्ता परिवारको खर्चको अनुपात पनि धेरै हुने भएकाले यसबाट आर्थिक स्थिति मजबूत हुने देखिंदैन । अर्कोतर्फ सबैभन्दा कम आम्दानी हुने २५ प्रतिशत परिवारको आम्दानीको स्रोत कृषि तथा ज्याला मजदूरी कार्य हो र यिनीहरूको आर्थिक स्थिति अत्यन्त कमजोर रहेको पाइन्छ ।

### ७.७.२ वार्षिक व्यय

शोधक्षेत्रका कुमालहरूले वार्षिक रूपमा गर्ने गरेको आम्दानीलाई विभिन्न शीर्षकमा खर्च गर्ने गरेको पाइयो । यिनीहरूले खाद्यान्न, लत्ताकपडा, स्वास्थ्य, शिक्षा, धार्मिक र सास्कृतिक संस्कार मनाउन आदि क्षेत्रहरूमा खर्च गर्ने गरेको पाइयो । अध्ययन क्षेत्रका कुमाल परिवारले वार्षिक रूपमा गर्ने गरेको खर्च विवरण निम्नअनुसार रहेको छ ।

तालिका नं ७.८

अध्ययनक्षेत्रका कुमाल परिवारको अनुमानित वार्षिक व्यय विवरण

| वार्षिक व्यय ( रु ) | परिवारको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ०-४०,००० | २५ | ३२.८९ |
| ४०,०००-६०,००० | १४ | १८.४२ |
| ६०,०००-८०,००० | १९ | २५ |
| ८०,०००-१००००० | ८ | १०.५३ |
| १००००० भन्दा माथि | १० | १३.१६ |
| जम्मा | ७६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

तालिका नं ७.८ अनुसार सबैभन्दा कम खर्च गर्ने कुमाल परिवार ३२.८९ प्रतिशत र सबैभन्दा बढी खर्च गर्ने परिवार १३.१६ प्रतिशत परिवार रहेका छन् । अध्ययनक्षेत्रका कुमाल समुदायको कृषि उत्पादन अपर्याप्त रहेको, धार्मिक तथा सास्कृतिक संस्कार खर्चिला रहेका, भोज भतेर तथा जाँड रक्सीमा हुने खर्च आदिका कारणले यहाँका कुमालहरूमा बचत गर्ने बानी कमै पाइन्छ ।

**७.८ शोध क्षेत्रका कुमालहरूको आर्थिक पछौटेपनाका कारणहरू**

कुनै पनि समुदाय, समाज तथा राष्ट्रको सकरात्मक विकास त्यहाँको आर्थिक अवस्थामा निर्भर रहन्छ । समुचित आर्थिक विकास हुनु वा नहुनुमा त्यस समाज अर्थात समुदायसँग भएको मानवीय तथा वित्तीय स्रोत र प्राविधिक साधनहरूले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसर्थ यहाँका कुमालहरू आर्थिक रूपले पछाडि पर्नुका कारणहरू मध्ये निम्न कारणहरू मुख्य रहेका छन् ।

तालिका नं ७.९

शोधक्षेत्रका कुमालहरूको आर्थिक पछौटेपनका कारणहरू

| क्र.सं. | आर्थिक पछौटेपनका कारण | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षा तथा चेतनाको कारण | ३२ | ४२.११ |
| २ | नयाँ पेशाका लागि सीपको अभाव | १६ | २१.०५ |
| ३ | प्रतिस्पर्धात्मक भावनाको कमी | ७ | ९.२१ |
| ४ | जनसङ्ख्या शिक्षाको अभाव | १३ | १७.१० |
| ५ | उत्पादनमा कम हुनु | ५ | ६.५८ |
| ६ | अन्य | ३ | ३.९५ |
| | जम्मा | ७६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

### ७.८.१ शिक्षा तथा चेतनाको अभाव

उचित शिक्षा-दीक्षाले मानिसमा अन्तरनिहित क्षमताको प्रस्फुटन गरी मानवीय क्षमता र सीपको विकास गराउँदछ । तर यहाँका कुमालहरूले उच्च शिक्षा हासिल गर्न सकेका छैनन् भने अधिकांश कुमालहरूले विद्यालयस्तरको शिक्षा मात्र प्राप्त गरेको पाइन्छ । यसर्थ तालिका नं. ७.९ अनुसार ४२.११ प्रतिशत उत्तरदाताका अनुसार शिक्षाले ल्याउने चेतना तथा जागरण यहाँका कुमालहरूमा आउन नसकी परम्परागत जातिवादी सोचाइ विद्यमान रहेकाले यिनीहरूले अन्य जाति संग प्रतिस्पर्धा गर्न नसकेको पाइन्छ । यिनीहरू आफ्नो कमजोर आर्थिक अवस्थाका कारण शिक्षामा समर्पित भई निरन्तरता दिन सकेका हुँदैनन् । यिनीहरूको जातीय स्वभावका कारण भाग्यलाई दोष दिए तर आर्थिक उपार्जनका लागि अन्य व्यवसायको प्रयास गरेनन् । सुख दुःख, एउटै ठाँउ र आफ्नै समूहमा बिताइ रहे र शिक्षाको अभावका कारण नयाँ सोच, चेतना, सीप, आँट तथा जाँगर यिनीहरूमा आउन सकेन ।

### ७.८.२ नयाँ पेशाका लागि सीपको अभाव

यहाँका कुमाल समुदायहरूको मुख्य व्यवसाय कृषि भए पनि यिनीहरू कृषि कार्यमा आधुनिक तरिका तथा प्रविधि अवलम्बन गर्न सकेका छैनन् र उही परम्परागत कृषि प्रणालीलाई आत्मसात् गरिरहेको पाइन्छ । यस्तै कतिपय कुमालहरू जीवन गुजाराका लागि कृषि मजदूर, ज्याला मजदूरी, निर्माण मजदूर, ट्रकमा सामान लोड-अन्लोड गर्ने आदि जस्ता शारीरिक श्रमका कामहरू गर्दछन् । तालिका नं. ७.९ को तथ्याङ्कअनुसार २१.०५ प्रतिशत उत्तरदाताको धारणाअनुसार उनीहरूमा शिक्षाको कमीका कारण वैकल्पिक रोजगारीका लागि आवश्यक सीपबाट बञ्चित रहेका छन् ।

### ७.८.३ प्रतिस्पर्धात्मक भावनाको कमी

यहाँका कुमालहरू अत्यन्त सरल स्वभाव र जीवन शैलीका छन् । त्यसैले तालिका नं. ७.९ को ९.२१ प्रतिशत उत्तरदाताको विचारमा उनीहरूको शोचनीय आर्थिक स्थिति प्रति कम चिन्तित छन् । अन्य जातिको प्रगति प्रति प्रतिस्पर्धात्मक भावना नराख्ने बरु जाँड रक्सी खाएर गरीबी र अभावको अवस्थाप्रति उपेक्षा भाव प्रकट गर्ने गर्दछन् । यसर्थ, उनीहरूले प्रतिस्पर्धात्मक भावनाको अभावले उच्च जीवन शैली निर्माणका लागि प्रयास गरेको पाइँदैन ।

### ७.८.४ जनसंख्या शिक्षाको अभाव

यहाँका कुमालहरू शारीरिक श्रमका कार्यहरू बढी गर्ने भएकाले परिवारमा धेरै सन्तान भएमा घरपरिवारभित्र तथा वाहिरका कामहरू गर्न सजिलो हुन्छ तथा काम धेरै भएमा परिवारको आम्दानी पनि उच्च हुन्छ भन्ने मान्यता रहेकाले तालिका नं. ७.९ को १७.१० प्रतिशत उत्तरदाताकाअनुसार परिवारको आकार ठूलो हुने गरेको पाइन्छ । यसर्थ, छोरा छोरीलाई सम्पत्तिको रूपमा लिने कुमालहरूमा जनसङख्या शिक्षाको अभाव रहेको हुनाले धेरै सन्तान जन्माउने गरेको पाइन्छ । धेरै सन्तान भएमा खाद्यान्न, लत्ताकपडा, आवास, शिक्षा, स्वास्थ्य आदिमा धेरै खर्च गर्नुपर्ने र ती क्षेत्रहरूमा आवश्यकताअनुसार खर्च गर्न नसक्दा परिवारको गुणस्तरीयतामा ह्रास आउँदछ । त्यसैले परिवारको आकार सानो बनाउनु पर्छ । त्यसका लागि परिवारनियोजनका अस्थायी साधनहरू तथा स्थायी विधिको प्रयोग गर्नुपर्छ भन्ने जनसङख्यासम्बन्धी शिक्षाको ज्ञानको अभाव प्रायः कुमालहरूमा विद्यमान रहेको पाइन्छ । यसर्थ, जनसङख्या शिक्षाको अभावमा यहाँका कुमालहरूको आर्थिक स्थिति प्रतिदिन कमजोर हुदै गएको पाइन्छ ।

### ७.८.५ उत्पादनमा ह्रास हुनु

यहाँका कुमालहरूको जनसङख्या बढ्दै जाँदा अंशबण्डाका कारण उनीहरूसँग भइरहेको जग्गा खण्डीकरण भई स-साना भागमा विभाजन भएकाले खेतीयोग्य जमीन कम हुदै गएको छ भने खेती योग्य जमीनमा पनि सिंचाइ तथा खेतीको आधुनिक प्रणाली अवलम्बन गर्न नसक्दा न्यून उत्पादनमा नै चित्त बुझाउनु पर्ने अवस्था रहेको छ । यस्तै तालिका नं. ७.९ को तथ्य हेर्दा ६.५८ प्रतिशत उत्तरदाताका अनुसार अधिकांश कुमालहरू कृषि मजदूर तथा ज्याला मजदूरीका कामहरू गर्ने भएको हुनाले उनीहरूको आय स्तर अत्यन्त न्यून रहेको छ तर परिवारको आकार बढ्दै जानु तथा बजार महङ्गी बढ्दै जाँदा खर्चको मात्रा बढ्दै गएको हुनाले उनीहरूको उत्पादकत्व ह्रास हुदै गएको पाइन्छ ।

### ७.८.६ अन्य

यहाँका कुमालहरू सरल र सोझा प्रवृत्तिका भएकाले धेरै आर्थिक समस्याहरु झेल्नु पेरेको अवस्था देखिन्छ । तालिका नं. ७.९ अनुसार ३.९५ प्रतिशत उत्तरदाताहरूलाई आफूहरू के कारणले गर्दा आर्थिक रूपमा पछाडि परियो भन्ने बारेमा स्पष्ट थाहा नभएको पाइयो । आर्थिक दुर्बलताको कारण नै थाहा नभएका कारणले झन् उनीहरूको आर्थिक परिवर्तनमा समस्या परेको देखिन्छ ।

## ७.९ कुमाल समुदायमा देखिएका आर्थिक परिवर्तनहरू

शोधक्षेत्रका कुमाल समुदायहरूको प्रमुख व्यवसाय कृषि, ज्याला, मजदूरी तथा पशुपालन रहेको छ तापनि यिनीहरूको आर्थिक क्रियाकलापहरूबाट उनीहरूका आधारभूत आवश्यकता परिपूर्तिमा नै समस्या परेको देखिन्छ। परम्परागत रूपमा कुमालहरूको जातीय पेशा माटाका भाँडा बनाउने भए तापनि हाल यो व्यवसाय अध्ययन क्षेत्रमा अस्तित्वमा छैन।

समाजसेवी रीता कुमालका अनुसार कृषि कार्यका लागि पहिले सबै खेत तथा बारी गोरूको प्रयोगद्वारा जोतिने गरिन्थ्यो, तर आजभोलि ट्याक्टर लैजान मिल्ने खेतबारीमा ट्याक्टरद्वारा जोताउने र ट्याक्टर लैजान नमिल्ने खेतबारीमा गोरूद्वारा नै जोताउने गरिन्छ। यस्तै कुमालहरुको स्वामित्वमा जग्गा जमीन धेरै नै रहेकामा हाल कुमालहरूले गरीबीका कारण जग्गा बिक्री गर्दै जानु एवं जग्गा पारिवारिक खण्डीकरणका कारण स्वामित्व घट्दै गएको देखिएको छ। पहिले यहाँका कुमालहरू स्थानीय स्तरमा घर निर्माण गर्ने, ट्रकहरुमा सामान लोड अन्लोड गर्ने, कृषि मजदूर आदिजस्ता पेशागत क्रियाकलाप गर्ने गर्दथे भने हाल आएर धेरै कुमाल युवाहरू वैदेशिक रोजगारीका लागि भारतलगायत अरब राष्ट्रहरूसम्म जाने गरेको पाइएको छ।

# अध्याय : आठ

# मुख्य प्राप्ति, निष्कर्ष

## ८.१ मुख्य प्राप्ति

बहुजाति, बहुभाषी, बहुसंस्कृति एवं बहुवातावरणीय, लोकतान्त्रिक गणतन्त्र नेपालमा बसोबास गर्ने विभिन्न जातिहरूमध्ये 'कुमाल' जाति पनि एक हो । गण्डकी अञ्चन, तनहूँ जिल्ला, खैरेनीटार गा.वि.स. वडा नं. ८ मा बसोबास गर्ने ७६ घरधुरी कुमालहरूको सामाजिक, शैक्षिक तथा आर्थिक पक्षको अध्ययन तथा अनुसन्धानबाट निम्न प्राप्तिहरू प्राप्त भयो ।
कुमालहरू भारतको कुमाउ र गढवालबाट सम्भवतः मल्लकालअगाडि नै

नेपाल प्रवेश गरी बसोबास गर्दै आएको अनुमान गर्न सकिन्छ । कुमालहरू प्रायः नदिकिनारा तथा पहाडका कछाडहरूमा बसोबास गर्ने एउटा पिछडिएको जातिको रूपमा देखिएको छ । कुमालहरू नेपालको नवलपरासी, गोरखा, तनहूँ, स्याङ्जा, पर्वत, गुल्मी, पाल्पालगायतका ७० भन्दा वढी जिल्लाहरूमा छरिएर बसोबास गर्दै आएको पाइयो । एकादुई अपवादलाई छाडेर हेर्ने हो भने अझै पनि कुमाल समुदायका मानिसहरुमा शिक्षा, स्वास्थ्य, सञ्चार र ज्ञानविज्ञानको चेतनाले अझै पनि राम्रोसंग स्पर्श गर्न सकेका छैनन् । अझै पनि यिनीहरू विकट, दुर्गम र अविकसित स्थानमा बसोबास गर्दछन् । समयको परिवर्तनसँगै कुमाल जातिको चेतना नआइसकेका कारण पढ्नु पर्छ र पढाउनु पर्छ भन्ने चेतनाको विकास भएको छैन । जसका कारण पाँच सात कक्षा पढेपछि रोजीरोटी र रोजगारीको खोजीमा यत्रतत्र लाग्ने प्रवृत्तिका कारण न्यून आर्थिक अवस्था र जीविकोपार्जनका लागि सङघर्ष गर्नुपर्ने बाध्यता रहेको देखिन्छ ।

प्राय :कुमाल परिवारमा खाद्यान्न, आवास, लत्ताकपडा जस्ता आधारभूत आवश्यकताको परिपूर्तिमा समेत कठिनाइ रहेको पाइयो । सरल र सोझा प्रकृर्तिका यहाँका कुमालह कुमाल जातिका को मुख्य पेशा कृषि भए पनि जग्गा जमिनमा स्वामित्व कम भएका कारण कृषि मजदूर, ज्याला मजदूरी, ट्रकमा सामान लोड-अन्लोड गर्ने आदि काममा कुमाल महिला तथा पुरुष संलग्न रहेको पाइयो । ५ वर्षमाथिको उमेर समूहको शैक्षिक स्तर हेर्दा उच्च माध्यमिक तह र स्नातकतहमा अध्ययन गर्ने कुमालहरूको सङख्या अत्यन्त न्यून पाइयो भने स्नातकोत्तरसम्मको अध्ययन गर्ने कुमाल नरहेको पाइयो । कुमाल जातिहरू कुमाल जातिका परम्परागत रूपमा संयुक्त परिवारमा बसोबास गरेको पाइए पनि हाल विस्तारै एकल परिवार

प्रणालीप्रति आकर्षण बढ्न थालेको पाइयो । खैरेनीटारका कुमालहरू कामको लेनदेन, तथा व्यावहारिक दृष्टिकोणले ब्राहमण, क्षत्री समुदायसंग निकट रहेको पाइयो । यहाँका कुमालहरू हिन्दू धर्म मान्दछन् र यिनीहरूमा सामाजिक तथा राजनीतिक चेतनाको स्तरमा खासै परिवर्तन हुन सकेको देखिदैन । कुमालहरूको आम्दानीको मुख्य अंश जाँड रक्सी तथा भोजभतेरमा नै खर्च हुने गरेको पाइयो । अध्ययनक्षेत्रका घर परिवारहरूमा १०० प्रतिशत घर परिवारमा विद्युत्, टेलिफोन/मोबाइल र टेलिभिजन सुविधा रहेको पाइयो । अध्ययनक्षेत्रका ८२.८९ प्रतिशत परिवारले मकै, कोदो खेती गर्ने गरको पाइयो ।

अध्ययन क्षेत्रका ६१.८४ प्रतिशत परिवारलाई ०-४ महिनासम्म मात्र कृषि उत्पादनले खान पुग्ने गरेको पाइयो । अध्ययनक्षेत्रका कुमालहरूले पालन गरेको पशुपक्षीहरूमा सबभन्दा धेरै कुखुरा २१७ वटा र सबभन्दा कम भैंसी ३२ वटा रहेको पाइयो । अध्ययनक्षेत्रका ३०.२६ प्रतिशत कुमाल परिवारको वार्षिक आय रु १००००० भन्दा माथि र २५ प्रतिशत कुमाल परिवारको वार्षिक आम्दानी रु ४०,००० सम्म रहेको पाइयो । ३२.८९ प्रतिशत कुमाल परिवारले वार्षिक रु ४०००० सम्म खर्च गर्ने गरेको र १०.५३ प्रतिशत कुमालहरूले वार्षिक रु ८०००० देखी रु १००००० सम्म खर्च गर्ने गरेको पाइयो । अध्ययनक्षेत्रका कुमालहरूलाई कुमाल भाषा छ भन्ने ज्ञान भएतापनि उनीहरू कुमाल भाषा भने बोल्न जान्दैनन् । अध्ययनक्षेत्रका शत प्रतिशत कुमालहरू नै हिन्दू धर्म मान्दछन् । बजारको विस्तार र आधुनिकीकरणका कारण यहाँका कुमालहरू आधुनिक खानपान, लवाइखवाइ एवं बासस्थान निर्माणमा लागेको पाइन्छ । अध्ययनक्षेत्रका कुमालले दशैं, तिहार, तीज, श्रीपञ्चमी, फागुपूर्णिमा, माघे सक्रान्ति कुलायन पूजा, सेम पूजा, वाई पूजा, चण्डी पूजा आदि चाडपर्वहरू मनाउने गरेको पाइयो । यहाँका कुमालहरूले छैठी, न्वारन, पास्नी, छेवर, विवाह, मृत्यु संस्कार आदि सामाजिक संस्कारहरू गर्ने गरेको पाइयो । खैरेनीटार गा.वि.स. वडा नं. ८मा ७६ घर परिवारमा बसोबास गर्ने कुमाल जातिहरूको कुल जनसङ्ख्या ४५७ मध्ये २३४ जना अर्थात ५१.२०% महिला र २२३ जना अर्थात ४८.८०% पुरुष जनसङ्ख्या रहेको पाइयो ।

कुमाल जातिको जनसङ्ख्या विवरण हेर्दा १०-१४ वर्ष उमेर समूहको जनसङ्ख्या १५.१०% का साथ सबभन्दा बढी र ८५-८९ वर्ष उमेर समूहको जनसङ्ख्या ०.२२% का साथ सबभन्दा कम रहेको पाइयो । यहाँ बसोबास गर्ने १४ वर्ष भन्दा माथिका जनसङ्ख्यामा ७६.९६% जनसङ्ख्या विवाहित, १९.२९% अविवाहित र ६.७५% विधवा विधुर रहेको पाइयो । भू-स्वामित्वको अवस्थालाई हेर्दा सबैभन्दा बढी ०-४ रोपनी जमिन हुने ४४.७४ % र सबैभन्दा कम ९ रोपनी भन्दा माथि १७.१० % भूमी हुने पाइए भने ३.९५ % घर परिवार भूमीहीन

रहेको पाइयो । कुमालहरूको भू-स्वामित्व अत्यन्त कम रहेको र भएको जमिन पनि खेतीका लागि अनुपयुक्त भएकाले कृषि उत्पादन राम्रो नभएको पाइन्छ । अध्ययनक्षेत्रका ७६ घर परिवार कुमालमध्ये ५४ घर परिवार अर्थात् ७१.०५ % एकल परिवार र २२ घर परिवार अर्थात २८.९५ % संयुक्त परिवार  रहेको पाइयो । अध्ययन क्षेत्रका १५-५९ वर्ष उमेर समूह अर्थात् सक्रिय जनसङ्ख्या २६५ वा ५७.९९% र आश्रित जनसङ्ख्या १९२ वा ४२.०१ % रहेको   पाइयो । अध्ययनक्षेत्रका १५-५९ वर्ष उमेरसमूहका सक्रिय जनसङ्ख्या मध्ये ५५.४७ %  ले कृषि, १४.३४ % वैदेशिक रोजगार, १३.९६ % ज्याला/मजदूरी, १३.५८ % विद्यार्थी,  १.८९ % स्वदेशी रोजगार, ०.३८ % व्यापार र ०.३८ % राजनीति पेशा अपनाएको पाइयो ।

**८.२ निष्कर्ष**

प्रस्तुत शोधबाट प्राप्त तथ्यहरूका आधारमा यस निष्कर्षमा प'ग्न सकिन्छ कि कुमालहरू संभवतः मल्लकाल भन्दा अगाडि देखि नै नेपालको नदीकिनार, पहाडका कन्दराहरू एवं भित्री मधेशमा बसोबास गर्दै आएको पाइन्छ । मंगोलियन भनिने जातिका आकृतिसँग मिल्दो ज'ल्दो शारीरिक बनाबट देखिने सरल र सोझा प्रकृतिका कुमालहरूमा शिक्षा, स्वास्थ्य, संचार एवं ज्ञान विज्ञानमा राम्रो पहँ'च नह'नाले धेरैजसो कुमालहरू विकट, द'र्गम तथा अविकसित स्थानमा बसोबास गरेको पाइन्छ ।

कुमाल जातिमा समयको परिवर्तनसँगै शैक्षिक चेतना तथा लगावका अभावका कारण पाँच सात कक्षा पढेपछि रोजीरोटी एवं रोजगारीको खोजीमा यत्रतत्र लाग्ने प्रकृतिले गर्दा शोधक्षेत्रमा बसोबास गर्ने क'मालहरू पनि खाद्यान्न, आवास, लत्ताकपडा जस्ता आधारभूत आवश्यकता परिपूर्तिका लागि कृषि, वैदेशिक रोजगारी, ज्याला मजद"री, ट्रकमा मालसामान लोड अन्लोड गर्ने गरेको पाइयो । पितृसत्तात्मक पारिवारिक संरचना विद्यमान रहेको कुमाल जाति हिन्दू धर्म मान्ने भएकाले हिन्दूहरुले मनाउने सम्पूर्ण चाडपर्वहरू विभिन्न रमझमका साथ मनाउने गर्दछन् । अध्ययन क्षेत्रका कुमालहरूको आम्दानीको म'ख्य अंश सामाजिक सास्कृतिक संस्कार तथा भोजभतेरमा खर्च ह'ने भएकाले आधारभूत आवश्यकता परिपूर्तिमा समेत कठिनाइ रहेको पाइयो ।

खैरेनीटारका कुमालहरूमा आफ्ना परम्परागत धार्मिक, सामाजिक तथा सास्कृतिक क्रियाकलाप तथा विषेशताहरूलाई संरक्षण गर्नुपर्दछ भन्ने चेतना जागृत भएका कारण 'खैरेनीटार कुमाल समाज' नामक संस्थाको स्थापना गरी आफ्ना परम्परागत जातीय क्रियाकलापहरूलाई संरक्षण गर्ने प्रयास  गरेको पाइन्छ । अतः यस क्षेत्रका कुमालहरूको

विद्यमान आर्थिक अवस्थामा सुधार गर्न तथा यिनीहरूको जातीय सामाजिक-सास्कृतिक विशेषताहरुको संरक्षण गर्नका लागि सरकारी तथा गैर सरकारी पक्षबाट कुमाल जातिको शिक्षा, जनसङख्या शिक्षा, रोजगार मूलक एवं व्यावसायिक तालिम आदि क्षेत्रमा ध्यान दिन तथा लगानी गर्नुपर्ने निष्कर्ष निकाल्न सकिन्छ।

## सन्दर्भ सूची

आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान (२०७०): “नेपालका ६१ जनजातिहरुको संक्षित विवरण”, *आदिवासी बुलेटिन,* अङ्क १२ माघ, ललितपुर ।

कुमाल (मुखिया), बाघविर (२०६८): *कुमाल समाजको सामाजिक सांस्कृतिक, आर्थिक तथा विविध विषय समेटेर गरेको अध्ययन,* पाल्पा : चितुङ्गधारा गा.वि.स. को कार्यालय ।

केन्द्रीय तथ्याङ्क विभाग (२०५८): *तथ्यांक गतिविधि,* काठमाडौँ : जनसंख्या तथा वातावरण मन्त्रालय ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८): *चौमासिक तथ्यांक गतिविधि,* काठमाडौँ : जनसंख्या तथा वातावरण मन्त्रालय ।

खत्री, प्रेम (२०५१): *नेपाल सामाजिक इतिहास र धार्मिक मतहरु,* काठमाडौँ : एम. के. पब्लिशर्स एण्ड डिस्टिव्युटर्स ।

गौतम, राजेश, ए.के. थापामगर (१९९४): *इथ्नोग्राफी अफ नेपाल,* दिल्ली : बुक फेथ ।

पोखरेल, बालकृष्ण (२०३१): *राष्ट्र भाषा,* काठमाडौँ : आशिष पुस्तक भण्डार ।

पौड्याल, हिरामणि (२०४३): *कुमाल भाषाको अध्ययन,* पर्वत : इन्दिरा पौडेल ।

मुखिया, वागविर (२०५६): “कुमाल जातिको परिचय”, *कान्तिपुर,* वर्ष ८, अङ्क १७ माघ २६ ।

रिमाल, मदन कुमार (२०५६): *कुमाल जातिको अध्ययन,* काठमाडौँ : नेपाल एसियाली अनुसन्धान केन्द्र त्रि.वि. ।

विष्ट, डोर बहादुर (२०३०): *सबैजातको फुलवारी,* काठमाडौँ : साझा प्रकाशन ।

राई, गणेश (२०६९): *राष्ट्रिय जनगणना किरात जाति,* लिम्जु-भुम्जु प्रतिवद्ध छापा खाना, काठमाण्डौ ।

श्री ५ को सरकार सञ्चार मन्त्रालय (२०३१): *मेचीदेखि महाकालीसम्म,* काठमाडौँ : सूचना विभाग ।

न्पाल सरकार, (२०७२) नेपाल परिचयस् सुचना विभाग काठमाडौं ।

Bista, D.B. (1967): *People of Nepal* (Fifth edition), Kathmandu: Ratna Pustak Bhandar.

Bista, D.B. (1976): *People of Nepal*, Kathmandu: Ratna Pustak Bhandar.

Blaike, P.M., Seddon, J. D. and Cameron, J. (1980): *Nepal in Crisis*, Delhi: Oxford University.

Dwidi, P.K. (1982): *Nepalese Society,* New Delhi: International Museum.

Nepali, G.S. (1965): *The Newars,* Bombay: United Asian Publication.

# कुमाल समुदायको सामाजिक, सास्कृतिक तथा आर्थिक अवस्था

(खैरेनीटार गा.वि.स. वडा नं ८ का कुमाल समुदायमा आधारित)

१. घरमुलीको नाम थर : मिति :

(क) लिङ्ग ख) उमेर ग) पेशा घ) शिक्षा

ङ) ठेगाना गा.वि.स. वडा नं.

२. पारिवारिक विवरण

| क्र.सं. | उत्तरदातासँगको सम्बन्ध | नाम | उमेर | लिङ्ग | पेशा | वैवाहिक सम्बन्ध | शिक्षा |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |

**उत्तरदाताको आर्थिक पक्षसँग सम्बन्धित विवरण :**

३. तपाईको परिवार कस्तो किसिमको छ ?

क) एकल परिवार ख) संयुक्त परिवार

४. तपाईको मुख्य पेशा के हो ?

क) कृषि ख) जागिर ग) वैदेशिक रोजगार घ) अन्य

५. तपाईको आर्थिक अवस्था कस्तो छ ?

क) राम्रो ख) ठिकै ग) नराम्रो

६. तपाईको आफ्नै जग्गा जमिन कति छ ?

क) .......... हल ख) ......... रोपनी ग) आना .........

७. तपाईले पहिलादेखि गर्दै आउनु भएको पेशा के हो ?

क) नोकरी ख) कृषि ग) व्यापार घ) अन्य

८. तपाईको परिवारमा वैदेशिक रोजगरको लागि विदेश जानु भएको छ ?

क) छ ख) छैन

९. तपाईले पशुपंक्षी पनि पाल्नु भएको छ ?

क) छ ख) छैन

१०. पशुपंक्षि पाल्नु भएको भए कति पाल्नु भएको छ ?

| वस्तुहरु | संख्या |
|---|---|
| गाई | |
| गोरु | |
| भैंसी | |
| बाख्रा | |
| कुखुरा | |

११. तपाईको आफ्नो जग्गाको कमाइले कति समय खान पुग्छ ?

क) ३ महिना ख) ६ महिना ग) १२ महिना

१२. यदि तपाईलाई पैसाको आवश्यक पऱ्यो भने ऋण कहाँबाट लिनु हुन्छ ?

क) साहुमहाजन ख) सहकारी ग) बैंक घ) छरछिमेक

१३. यदि तपाइले पशुपालन गर्नु भएको भए पशुपालनबाट कति आम्दानी हुन्छ ?

क) मासिक आम्दानी रु. .................. ख) वार्षिक आम्दानी रु. ..............

१४. तपाईहरु ज्याला मजदुरी गर्न जानु हुन्छ ?

.............................................................................................................

१५. यदि जानु हुन्छ भने दैनिक ज्याला कति पाउनु हुन्छ ?

.............................................................................................................

१६. तपाईहरुले आफ्नो परम्परागत पेशा (भाँडा बनाउने काम) गर्नु भएको छ ?

.............................................................................................................

१७. तपाईहरुले भाँडा बनाउने पेशालाई किन छाडेनु भएको ?

क) अन्य पेशा अपनाउन थालेकाले ख) शिक्षामा परिवर्तन भएकाले

ग) वैदेशिक रोजगारको प्रभाव

१८. उत्तरदाताको घरको किसिम

क) कच्ची ख) पक्की

१९. छानाको प्रकार

क) जस्ता ख) खर ग) ढुङ्गा घ) ढलान

२०. तपाईको पुर्खाहरु यहाँ कताबाट आएका हुन् ?

.............................................................................................................

२१. तपाईको परिवारमा सरकारी जागिर खाने कोही हुनुहुन्छ ?

..........................................................................................

**कुमालहरुको आर्थिक अवस्थाको परिवर्तन सम्बन्धी प्रश्नहरु**

२२. तपाईले पहिला भन्दा अहिले आर्थिक अवस्थामा सुधार आएको पाउनु भएको छ ?

..........................................................................................

२३. आर्थिक अवस्थामा सुधार देखिनुको कारण के हो ?

क) चेतनाको विकास ख) अन्य पेशा अपनाउनु ग) वैदेशिक रोजगारको प्रभाव

२४. तपाईहरुले विद्युतीय सामान के-के प्रयोग गर्नु भएको छ ?

..........................................................................................

२५. तपाईहरु जनजाति भित्र पर्नु हुन्छ, तपाईहरुमा परिवर्तन ल्याउन गैर जनजातिबाट कस्तो सहयोग पाउनु भएको छ ?

..........................................................................................

२६. तपाईहरुको जीवनस्तरमा परिवर्तन ल्याउनको लागि मुख्य कुन पक्षलाई जोड दिनु पर्ला ?

क) आर्थिक पक्ष ख) शैक्षिक पक्ष ग) सामाजिक पक्ष


२७. आफ्नो जीवन स्तर सुधार्न परिवारलाई शिक्षित गराउनु पर्छ भन्ने कुरामा तपाईहरु विश्वास

क) गर्नुहुन्छ ख) गर्नुहुन्न

२८. तपाईहरुले गर्दै आउनु भएको कृषि पेशामा पहिला भन्दा अहिले केही परिवर्तन पाउनु भएको छ ?

२९. तपाईहरुलाई पहिलाको अवस्था र अहिलेको अवस्थामा कुन चाँही सहज लाग्छ ?

..........................................................................................



तनहुँ जिल्ला
कास्की
लम्जुङ
उ.
स्याङ्जा
गोरखा
पाल्पा
नवलपरासी
चितवन
भानुमति
भिमाद
अरुणोदय
माझकोट
गजरकोट
घिरिङसुन्धरा
भगवतीपुर
घिरिङसुन्धारा स्रोतकेन्द्र
बुलेगौंडा
बन्दीपुर
व्यास नगरपालिका
दमौली स्रोतकेन्द्र
तनहुँसुर
भानु
बरभञ्ज्याङ
काहुँशिवपुर
भिरकोट
छिमकेश्वरी
आँबुखैरेनी
देवघाट
कोटा
छिपछिपे
बसन्तपुर
पुर्कोट
बिसापानी
रिस्ती
राइपुर
फिरफिरे
घाँरफिदी
म्याग्दे